# वेस्सन्तर जातक



भिक्षु अमृतानन्द

Downloaded from http://dhamma.digital

# अनुवादकको अन्य पुस्तकहरु

१) परित्राण अर्थ सहित — नेपाली
२) छक्क सूत्र — नेपाली
३) तीन सूत्र — नेपाली
४) खुद्दक पाठ पालिसहित — नेपालभाषा
५) चरिया पिटक — नेपालभाषा
६) अंगुलि माल — नेपालभाषा
७) देव धम्म जातक — नेपालभाषा
८) बुद्धोपदेशित सार संग्रह पद्यमय — नेपालभाषा
९) उदान — नेपालभाषा
१०) बुद्ध सासनको इतिहास — नेपाली
११) गार्हस्थ्य धर्म — नेपाली
१२) त्रिशूली बजार संक्षिप्त परिचय — नेपाली
१३) वेस्सन्तर जातक — तपाइकै हातमा

प्रकाशन प्रतिक्षामा:-

## चरियापिटक

पारायण वर्ग सहित बावारी ब्राह्मण
तथा सुगतपुर विहारया-संक्षिप्त परिचय

Downloaded from http://dhamma.digital

संक्षिप्त

# वेस्सन्तर जातक


आचार्य

भिक्षु अमृतानन्द

अनुवादक

धर्मरत्न शाक्य

त्रिशूली



चन्दा दाता

लक्ष्मीहेरा कंसाकार सपरिवार

१५०० प्रति


Downloaded from http://dhamma.digital

प्रकाशकः–

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी

श्रीघल, नघल टोल

काठमाडौं

फोन १४५६५

बुद्धसम्बत २५२५

नेपाल सम्बत ११०१

विक्रम सम्वत २०३८

ई. सम्वत १९८१

Downloaded from http://dhamma.digital



स्वर्गीय हेरामान ताम्राकार

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital



स्वर्गीय लानिमाया ताम्राकार

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

# धर्मदान

प्रस्तुत 'वेस्सन्तर जातक' पुस्तक दिवंगत
पिता हेरामान ताम्राकार
र
माता लानिमाया ताम्राकारहरुको
पुण्य स्मृतिमा धर्मदान गर्ने

छोराहरुः–
श्री ममांकाजी ताम्राकार
श्री जनकमान ताम्राकार
श्री लक्ष्मीमान ताम्राकार
श्री अमृतमान ताम्राकार

छोरीहरुः–
श्रीमती लक्ष्मी हेरा कंसाकार
श्रीमती नानी हेरा तुलाधर
श्रीमती नानी छोरी तुलाधर
श्रीमती नानी शोभा तुलाधर
सुश्री अमृत कुमारी ताम्राकार
सुश्री छनक कुमारी ताम्राकार
सुश्री मीना कुमारी ताम्राकार

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

# भूमिका

वेस्सन्तर (विश्वन्तर) जातक बौद्ध साहित्यको एउटा बडो प्रसिद्ध तथा बौद्धमात्रले थाहा पाएको बोधिसत्त्वको जीवनी हो। यो वेस्सन्तर जातक मूलपालि त्रिपिटकको खुद्दक निकायको दसौं ग्रन्थ जातकमा छ। जातकमा सर्वार्थसिद्ध भगवानबुद्ध हुनुभन्दा अगाडिका विभिन्न जीवनका कुराहरू उल्लेख छन्।

वेस्सन्तर जातकको प्रचार लंका, बर्मा तथा नेपाल आदि बौद्ध देशमा विविध रुपमा छन्। कहिं कहानीको रुपमा प्रचार भए, कहिं कविताको रुपमा। कहिं कथाको रुपमा प्रचार भए, कहिं इतिहासको रुपमा। कहिं नाटकको रुपमा प्रचार भए, कहिं शिक्षाको रुपमा छन्।

यसै मध्येमा हाम्रो देश नेपालमा कथाको रुपमा अष्टमीव्रत गर्दा मात्र सुनिने रुपमा प्रचार छ भनेपनि अत्युक्ति नहोला। यसप्रति नेपाली बौद्धहरूको त्यत्तिकै श्रद्धा र भक्ति छ। जस्तो हिन्दूहरूको हरिश्चन्द्र प्रति छ। हरिश्चन्द्र र वेस्सन्तरको जीवनमा समान त्यागको महिमा देखिन्छ। यसर्थ वेस्सन्तर जातक केवल बौद्धहरूको लागि मात्र नभएर सकल मानवमात्रको लागि पनि हो।

Downloaded from http://dhamma.digital

बोधिसत्वहरुको जातक हामीहरुको देशमा (३२) बत्तीस वटा मात्र छन् भन्ने प्रचार छ, किन्तु जातक कथा जम्मा (५४७) पाँचसय सरचालिस वटा मूल पालिमा उपलब्ध छ। हाम्रो नेपालमा चलेका जुनसुकै बोधिसत्वको जीवनीलाई भरसक कुनै देवताहरुको चरित्र जस्तै पारेर देखाउने प्रयत्न शायद त्यहाँका मानिसहरुको साधारण मनोभावना सुहाउँदो गरेको हुनसक्छ। तर यसबाट आफूभन्दा उदार पुरुषहरुको जीवनी सुनेर जति आदर्श श्रोताहरुले लिनुपर्ने हो त्यति लिन सकेको छैन। किनभने हामी भन्छौंकि "त्यो त कथाको कुरा पो हामीले गर्न सकिन्छ र ?" यस्तो भन्नुको मनोभाव आफूलाई मनुष्यत्वमा मात्र अथवा त्यो भन्दा पनि निम्न श्रेणीमा राखेर जसको कुरा सुनेको हो त्यसलाई देवत्वमा अथवा त्यसभन्दा पनि माथि राख्नु हो। यस्तो भावनाले गर्दा नै बौद्धजगत्को शक्ति क्रमशः कम हुँदै गएको हो।

बोधिसत्वहरुको जीवनमा हाम्रो जीवनमा जस्तै साधारणपन र सरलता हुन्छ। उहाँहरु पनि क्लेशयुक्त मानिस हुनुहुन्छ। किन्तु उहांहरुको बिचारधारामा निर्मलता छ, जसलाई हामीमा पनि ल्याउनु पर्छ; ल्याउन पनि सकिन्छ। हामीले उहाँहरुको जीवनमा सधैं नै सफलता मात्र देख्न सक्दैनौं। असफलता र त्रुटि पनि धेरै पाउँछौं। साधारणतः भन्ने हो भने हामीहरु पनि बोधिसत्व हुन सक्छौं। अतएव कुनै बोधिसत्वलाई ईश्वरको अंशमा राख्न खोज्ने

Downloaded from http://dhamma.digital

बौद्धहरुको ठूलो कमजोरी हो ।

जातकको कुरा जम्मै नै यस्तै हो भनेर हामी भन्न सक्दैनौं । यतिसम्म भन्न सकिन्छ कि प्राय: त्यसमा आदर्श छ, शिक्षाछ, त्याग छ, पराक्रम तथा उत्साह छ । देवातिदेवहरुको कुरा भगवान् बुद्धको पालामा पनि थियो । यसमा हामीले मध्यममार्गबाट काम लिनुपर्छ ।

जातक साहित्यले मानवको प्रत्येक समस्यालाई उत्तर दिन्छ । यसमा समाजलाई सुहाउँदो अनेक उदाहरणहरु छन् । यसले अधीर पुरुषलाई उत्साह दिन्छ, पिछडिएकालाई अगाडि बढाउन प्रेरणा दिन्छ । तर बहुल श्रद्धा अथवा अन्धश्रद्धाको कारणले गर्दा जुनसुकै महापुरुषहरुको कुरालाई देवत्व वा ईश्वरत्व दिने भएकोले हामीलाई जति फाइदा दिनुपर्ने हो त्यति फाइदा नहुने भएको छ । मूलपालिमा रहेको वेस्सन्तर जातक र हाम्रो नेपालमा भएको विश्वन्तर जातकमा सैद्धान्तिक अमेल कुनै छैन । केवल अगाडि बताए झैं हामीकहाँ अलि बढी देवत्वको कुरा छ ।

पालि जातकमा जूजक ब्राह्मण कलिङ्ग देशको एक व्यक्ति भनि बताइएको छ । यहाँकोमा भेषधारी भएको छ । पालि जातकमा वेस्सन्तरको कुरा स्वयं तथागतले कपिलवस्तुमा शाक्यखलकहरुलाई बताउनुभएको भनी उल्लेख छ । यहाँकोमा भगवानको महिमा वर्णन गर्दै उपोषठ ऋषिद्वारा

Downloaded from http://dhamma.digital

बताइएको छ । यहाँकोमा यो कथा सुनेर व्रत बस्नेको मनोरथ पूर्ण हुन्छ भनेको छ । पालिमा त्यस्तो कुनै कुरा छैन । अरु कुरा त्यवितो फरक छैन । सारांशमा स्त्री पुत्र पुत्री र हात्ती दान दिएको सदृश छ ।

जे होस्, मूल छउस् त अमूलको विषयमा कुनै गल-ठन गर्नुपर्ने होइन । एक जनासँग भएको कुरा अर्कोलाई बताउँदा घेरथोर हुनेत स्वाभाविकनै हो । जुन हेरेपनि हामीले त्यसबाट आदर्श छानेर लिन जान्नुपर्छ ।

वेस्सन्तर जातकमा जनताको आवाजको बल देखिन्छ । राजा भनेका जनताले सम्मत गरेका हुन् भन्ने स्पष्ट छ । स्वामी प्रति नारीको भक्ति र प्रेमको आदर्श र पुत्रपुत्रीहरुको आमाबाबु प्रति अनुशासनको छाया देखिन्छ ।

भिक्षु अमृतानन्द

कलकत्ता
२।३।१९५२

Downloaded from http://dhamma.digital

# दुइ शब्द

प्रस्तुत वेस्सन्तर (विश्वन्तर) जातकको कथा संक्षिप्त रुपमा मैले सन् १९५९ मा नेवारीमा लेखेको थिएँ। यसको द्वितीय संस्करण २०३० मा पाटन यशोधरा विद्यालयले छापेको थियो। यसैको नेपाली अनुवाद अहिले पाठकहरुको हातमा प्रस्तुत भएको छ। श्री धर्मरत्न शाक्यले यसको अनुवाद नेपालीमा प्रस्तुत गर्नु भएको हो र श्री धर्मकीर्ति अध्ययन गोष्ठीबाट यसको प्रकाशन भएको छ।

वेस्सन्तर जातकको कुरा सबै थेरवादी बौद्ध जगतमा प्रख्यात भए झैं हाम्रो नेपालमा पनि यसको कम महत्व छैन। यो कथा नेपालीमा अनुवाद हुनु अति राम्रो कुरो हो। मूलतः यो कथा पालि साहित्यमा उल्लेख भएको छ।

यहाँ उल्लिखित गाथाहरु (श्लोकहरु) मा यत्र तत्र अशुद्धि भएको कुरा पाठकहरुमा सूचित गरिएको छ।

अनुवादक श्री धर्मरत्न शाक्य र प्रकाशक श्री धर्मकिर्ति अध्ययन गोष्ठीले नेपाली साहित्यको ठूलो सेवा गरेका छन् भनी भन्न पाउँदा मलाइ खुशि लागेको छ।

आनन्दकुटी विहार — भिक्षु अमृतानन्द
स्वयम्भू काठमाडौं,
नपाल।
२०३८ श्रावण १८ गते।

Downloaded from http://dhamma.digital

# अनुवादकका दुईशब्द

नेपालमा बुद्धधर्म (बौद्ध सिद्धान्त), बौद्ध इतिहास आदिको शिक्षा 'नेपाल बौद्ध परियत्ति शिक्षा' को प्रारम्भ भएदेखि हामीले अध्ययन गर्ने शुभ अवसर प्राप्त भएको छ। परन्तु नेपालीमात्रको निम्ति यसबाट फाइदा लिन नेपालीमा पनि पाठ्यपुस्तकहरु हुनु अनिवार्य भएकोले सो पूर्ति गर्न यो अनुवाद गर्ने विचारलाई कार्यान्वयन गर्ने उद्देश्यले यस वेस्सन्तर जातकलाई नेपालीमा अनुवाद गरेको छु।

पूज्य भदन्त अमृतानन्द महास्थविरज्यूले उहाँको यस अमूल्य ग्रन्थ नेपालीमा अनुवाद गर्ने अनुमति दिनुभएकोमा म उहाँप्रति आभारव्यक्त गर्दछु।

हुन त भाषा सम्बन्धमा मेरो ज्ञान निकै कम छ। तैपनि नेपालीमात्रले परियत्ति शिक्षा प्राप्त गर्न सफल होओस् भन्ने अभिप्रायले नेपाली भाषामा अनुवाद गरेकोछु।

यो ग्रन्थ 'यशोधरा बौद्ध विद्यालयकी संस्थापिका अनगारिका माधवीज्यूको प्रेरणाबाट अनुवाद गरेको हो। धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको अध्यक्ष धम्मवती अनगारिकाले यो ग्रन्थ प्रकाशनको भार उठाई तपाइहरु समक्ष पुऱ्याउनु

Downloaded from http://dhamma.digital

भएकोमा अनगारिका प्रति धन्यवाद नदिई रहन सक्दिन्।

साथै मेरो पाण्डु लिपिलाई पुनः राम्रोसँग सारेर सहयोग गर्ने छोरी सुशीला शाक्यलाई पनि धन्यवाद छ।

दरबार हाइस्कूलको प्रधान अध्यापक श्री सुवर्ण शाक्यले आफू अनेक काममा व्यस्त हुँदाहुँदै पनि मेरो पाण्डुलिपि संशोधन गरिदिनु भएकोमा उहाँ प्रति र प्रुफ हेर्ने कष्ट गरिदिनु भएकोमा पूज्य भदन्त अश्वघोष स्थविर प्रति कृतज्ञता ज्ञापन गर्दछु।

अन्तमा यस पुस्तकमा हुन गएका गल्तिहरुतर्फ ध्यान नदिनु भै यसपुस्तकबाट लिन सकिने आदर्श, शिक्षा, त्याग, पुरुषार्थ तथा उत्साहबाट पाठकवर्गले चरित्र निर्माण गरी फाइदा उठाउन सकोस्, आफ्नो जीवन कल्याण गर्न सकोस्। अस्तु।

अनुवादक
धर्मरत्न शाक्य

त्रिशूली
आषाढ पूर्णिमा
२ श्रावण २०३८

Downloaded from http://dhamma.digital

# समर्पण

जसले नेपाल बौद्ध परियत्ति शिक्षा स्थापना भएदेखि, यस शिक्षा अध्ययनलाई आफू ले उच्चशिक्षा "कोविद" सम्म हासिल गर्नु भै पुनः शिक्षार्थीहरुलाई शिक्षा दिँदै "नेपाल बौद्ध परियत्ति शिक्षा" को जग मजबूत गर्ने कार्यमा दत्तचित्त हुनु भएको छ ती धर्म प्रेमी, महानुभावहरुको आदरमा समर्पण !

अनुवादक
धर्मरत्न शाक्य

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# प्रकाशकीय

बौद्ध जातक कथा, साहित्य जगतमा मात्र होइन धार्मिक जगतमा पनि अति जनप्रिय भै सकेको छ। पालि अर्थकथा अनुसार भगवान् बुद्धले जन जीवन सुसंस्कृत तथा सुचरित्र गर्नाको निमित्त वर्तमान कथा सम्बन्धित पूर्व जन्मको घटनात्मक कथा भन्नु भएकोलाई जातक कथा भन्छन्। जातक कथा ५५० वटा छन् भन्ने बौद्ध धारणा छ। यी मध्ये लामा लामा कथा दश वटा छन्:- (१) तेमिय जातक, (२) महाजनक जातक, (३) सुवण्णसाम जातक, (४) नेमि राजा जातक (५) भूरिदत्त नागराजा जातक, (६) चन्द्र कुमार जातक, (७) नारद जातक (८) विदुर जातक, (९) महोसध जातक, (१०) वेस्सन्तर जातक। यी दसवटा जातकहरुले दस पारमिताको चित्र दर्शाउँछन्।

वेस्सन्तर जातक नेपाली बौद्ध समाजमा पनि अति जनप्रिय भै सकेको छ। पूज्य अमृतानन्द महास्थविर द्वारा सम्पादित नेवारी भाषाको द्वितीय संस्करण अप्राप्यभै सकेको छ। अरु व्यापक रुपमा काठमाडौं बाहिर पनि प्रचार गर्नेको निमित्त त्रिशूली वासी श्री धर्मरत्न शाक्य उपासकले अनुवाद गरि दिनु भएकोमा र प्रकाशन गर्ने मौका दिनु

Downloaded from http://dhamma.digital

भएकोमा पूज्य अमृतानन्द महास्थविर प्रति कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत पुस्तक धर्मकीर्ति प्रकाशनको एकासी (८१) औं ग्रंथ हो । यसरी आशातीत रुपमा पुस्तक प्रकाशन गर्न सकेको धर्मकीर्ति विहारका उपासक उपासिकाहरुको आर्थिक सहयोगले नै हो ।

यस वेस्सन्तर जातक पुस्तक दिवंगत पिता हेरामान र माता लानिमायाहरुको पुण्यस्मृतिमा श्रीमती लक्ष्मीहेरा कंसाकार सपरिवार ज्याथा, कान्तिपथले चन्दा प्रदान गरी दिनु भएकोमा उहाँहरु प्रति हामी अति कृतज्ञ छौं ।

अ० धम्मवती

अध्यक्ष–धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी

Downloaded from http://dhamma.digital

# विषय सुचिः-

## १. दान्नकाण्ड


१. वर्तमान कथा १
२. अतीत कथा ४
३. दश बरदान ६
४, वेस्सन्तरको जन्म ८
५. बोधिसत्वको दान १३
६. दानकाण्ड-२ २३
७. बन काण्ड ३४
८. बोधिसत्वको तपस्वी भेष ४१
९. महीदेवीको नित्यचर्या ४२
१०. जूजक काण्ड ४२


## जूजक काण्ड-४


११. ५-छ क्षत्रिय काण्ड ४९
१२. महीदेवीको स्वप्न ५१
१३. वेस्सन्तरको छोराछोरी दान ५३
१४. ब्राह्मण पुरुषदोष ६३
१५. जालि र कृष्णाजिनीको बिलाप ६५
१६. महीदेवी ७१
१७. पत्नी दान ८३
१८. महाराजाको कुरा ८९


## ६ क्षत्रिय काण्ड ५


१९. नगर काण्ड-६ ९७
२०. निगमन १०७


Downloaded from http://dhamma.digital

# शुद्धि पत्र

| पृष्ठ | अशुद्धः | | शुद्धः |
|---|---|---|---|
| ६. | करोत्ति प्ररपद्‌बिश्व स्वकं | — | करोन्ते पुरं पद्‌क्खिणं |
| ” | वेस्सानं विथिया | — | वेस्सानं वीथिया |
| १०. | जानोह्मि | — | जातोम्हि |
| ११. | हृदयं दरेय | — | हृदयं दद्देय्यं |
| १२. | दद्देयं | — | दद्देय्यं |
| १६. | तदासियं भिसनकं | — | तदासि यं भिंसनकं |
| ” | समकम्पथ | — | सम्पकम्पथ |
| ३४. | राजाकुमारं | — | राजकुमारं |
| ” | दारिका | — | दारिकं |
| ” | पक्कमुं | — | पक्कामुं |
| ३५. | पथंयक्ख | — | पथं यक्खा |
| ५६. | मारमी | — | पारमीं |
| ” | हृमयं मेभिसिञ्चिथ | — | हृदयं मेभिसिञ्चेथ |
| ” | यान नावा | — | याना नावा |
| ६६. | करुण परिदेववयि | — | करुणं परिदेवयि |
| ६६. | सञ्चं किरवमाहंसु | — | सच्चं किरेवमाहंसु |
| ” | एकागाता | — | सका माता |
| ” | नत्थितथेरते | — | नत्थि तथेव ते |
| ८५. | सत्तं | — | सन्तं |
| ८६. | चिन्तेसि | — | चिन्तेसिं |
| ” | अहासहं | — | अदासहं |
| ९२. | अस्सो वास्सतरी रथा | — | अस्सो चस्सतरी रथं |

Downloaded from http://dhamma.digital

नमोतस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स ।

# वेस्सन्तर जातक

## १. दानकाण्ड

### वर्तमान कथा

भगवान् बुद्धले बोधिवृक्षमुनि बुद्धत्व लाभ गरिसकेपछि सारनाथ मृगदावनमा पाल्नु भई पञ्चभद्रवर्गीहरुलाई सर्व-प्रथम धर्मोपदेश गर्नु भयो । त्यसपछि शाक्यसिंह क्रमशः राजगृह पाल्नु भई त्यहीं नै हेमन्त ऋतु बिताई पछि कालुदायि स्थबिरको प्रार्थना स्वीकार गर्नुभई बीसहजार क्षीणाश्रव भिक्षुसंघका साथ कपिलवस्तु पाल्नुभयो र बैशाख पूर्णीको दिन कपिलबस्तु महानगर आइपुग्नु भयो ।

भगवान्को निम्ति हजारौं शाक्य ज्ञातिवर्गको परामर्श लिएर शुद्धोदन महाराजाले उनकोलागि निग्रोध शाक्यको अत्यन्त सुन्दर तथा रमणीय उद्यानमा बिहार बनाउनुभयो । यो बिहारको नाम पनि 'न्यग्रोधाराम' भयो । कपिलवस्तु आईपुग्नुभएपछि शाक्यमुनि बुद्ध यही बिहारमा बस्नुभयो । त्यसबखत वहाँलाई दर्शनगर्न आएका शाक्यकुमारहरु लाखौं थिए । किन्तु क्षत्रीय अभिमानले अभिभूत भएका

Downloaded from http://dhamma.digital

शाक्यखलकहरु कुनैले पनि भगवान् बुद्धलाई दण्डवत् प्रणाम गरेनन्। झन यिनी हाम्रा नाति सिद्धार्थ हुन्, यिनी हाम्रा भान्जा हुन्, यिनी हाम्रा छोरा भतिजा हुन्, यिनी हाम्रा भाइ हुन् भनी मनमा लिइराखे। नमस्कार गर्नुपर्ला भनेर केटाकेटीहरु सबै अगाडि राखेर ठूलाबडाहरु जति सबै तिनीहरुका पछाडि बसे।

भगवान् बुद्धले शाक्यहरुको मनोभावलाई बुझेर 'अभिज्ञा पादक' भन्ने ध्यानमा स्थित भएर गण्डम्ब वृक्षमुनि प्रातिहार्य देखाउनु भएजस्तै ऋद्धि प्रातिहार्य देखाउनुभयो। (आकाशमै चंक्रमण गर्नु भयो र पैतालाको धुलो सबैको शिरमा खसाल्नु भयो।) शुद्धोदन महाराज सार्है खुसी भएर 'भो भगवान्, तपाई सानै छँदा तपाईंलाई हेर्न भनी आउनुभएका कालदेवल तपस्वीलाई वन्दना गराउन उनको अगाडि लैजाँदा कालदेवल तपस्वीले तपाईंको श्री चरणमा वन्दना गरेको देखेर मैले तपाईंलाई वन्दना गरेको थिएँ। त्यो मेरो प्रथम वन्दना थियो। त्यसपछि रोपाईं गरिरहेको ठाउंमा तपाईंलाई राखेको जम्बु वृक्षको छाया अरु वृक्षहरुको छायाझैं नहटेको देखेर फेरि एकपटक तपाईंलाई मैले वन्दना गरेको थिएँ। त्यो मेरो दोश्रो वन्दना थियो। आज तपाईंको यो आश्चर्यप्रद ऋद्धि देखेर मैले तपाईंलाई वन्दना गर्दैछु। यो मेरो तेश्रो वन्दना हो भन्दै आदर वन्दना गरे।

Downloaded from http://dhamma.digital

शुद्धोदन महाराजले भूमिमा घोप्टो परेर पञ्चाङ्ग प्रणाम गर्ने बित्तिक्कै सबै शाक्य खलकहरूले पनि दण्डवत् गरे। यसरी उनी शाक्यसिंहले जात्याभिमानले कडा भै रहेका शाक्यकुलहरुलाई दमन गर्नु भई (आकाशबाट वहाँ) आफ्नो आसनमा बस्नुभयो।

यस घटनाले प्रभावित भएका ती शाक्यहरु "अहो, बुद्धको ऋद्धि! अहो बुद्धको लीला!" भन्दै प्रमुदित भए। सोहीबेला सम्पूर्ण आकाश बादलले ढाकेर पुष्कर वृष्टि पनि भयो। यसरी वृष्टि हुँदा जसको मनमा पानी नपरे हुन्थ्यो भन्ने हुन्थ्यो, (उनलाई) पानी पर्दैनथ्यो। पानी परेपनि (वस्त्र भिज्दैनथ्यो) कमलको पातमा पानी पर्दा झरेझैं झर्दथ्यो। यसरी आश्चर्य हुने गरी पानी परेको देखेर सभामा रहेका भिक्षु तथा शाक्यहरुका बीचमा यस्तो कुरा भयो।

"अहो कस्तो पानी परेको! कस्तो आश्चर्यको पानी परेको!! जिउमा परोस् भनी मनमा राखे जिउमा पर्ने, नपरोस् भनी मनमा राखे नपर्ने! मनको इच्छा अनुसार हुने।"

यस्तै सबैको मनमा कुरा चलिराखेको अवस्थामा भगवानले भन्नु भयो- "भिक्षुगण! अहिले मात्र यसरी पानी परेको होइन। पहिले क्षत्रीय ज्ञातिहरुको समागम हुँदा पनि यस्तै आश्चर्यजनक वृष्टि भएको थियो।"

Downloaded from http://dhamma.digital

"कहिले भगवान् ?"

"त्यसोभए भिक्षुगण ! म सुनाउँछु राम्रो सँग ध्यान पूर्वक सुन" भनी भगवान्ले आज्ञा गर्नु भयोः-

## अतीत कथा

अतीत समयमा शिविदेशको जेत्तुत्तर नगरमा शिवि महाराजाले राज्य गर्नुभएको थियो । राजालाई सञ्जय नामको एक पुत्र लाभ भयो । सञ्जय राजकुमार वयस्क भएपछि महराजाकी छोरी फुसति देवी संग बिवाह गरी राज्याभिषेक गऱ्यो । फुसतिदेवी अग्रमहिषी भइन् ।

यिनी फुसतिदेवी ६१ कल्प पहिले विपश्वी बुद्धको समयमा बन्धुमति नगरमा बन्धुमति राजाकी छोरी भएकी थिइन् । एकदिन बन्धुमति राजालाई कुनै एक राजाले श्रीखण्ड र सुवर्णको माला चढाउन ल्याए । राजाका दुई छोरी थिए । तसर्थ राजाले त्यो श्रीखण्ड र सुबर्णमाला छोरीहरुलाई दिने बिचारगरी ठूली छोरीलाई श्रीखण्ड र सानी छोरीलाई सुबर्णमाला दिए । तिनीहरुले त्यो श्रीखण्ड र सुबर्णमाला आफूले उपभोग गर्ने विचार त्यागी विपश्वी बुद्धलाई चढाउने मनमा राखी आफ्ना बुबासित अनुमति पनि मागे । राजा खुसी भए । अनि ती दुवै दिदीबहिनी-हरुले भगवान् विपश्वी बुद्धलाई सुबर्णमाला र श्रीखण्ड पनि चढाए ।

Downloaded from http://dhamma.digital

दिदी चाहिँ ले श्रीखण्डचूर्णको सुगन्धले गन्धकुटी सबै सुगन्धित गराई यस पुण्यको प्रभावद्वारा म कुनै न कुनै बुद्धकी आमा हुन पाऊँ भनी प्रार्थना गरिन्। बहिनी चाहिँले यसको पुण्यले छिट्टै जन्ममरणबाट मुक्तभई निर्वाण साक्षात्कार गर्न सकूं भनी प्रार्थना गरिन्। कालान्तरमा ती दुवै दिदी बहिनीको प्रार्थना सफल भयो।

९१ कल्पसम्म संसारमा घुम्दै राजाकी जेठी छोरी शाक्यमुनि बुद्धकी आमा भइन्। सानी छोरीमात्र किकि राजाको पालामा काश्यप बुद्धको सदुपदेश सुनेर अर्हत भइन्। त्यसबखत फुसतिदेवी पनि किकि राजाकी सातवटा छोरीहरु मध्ये सुधर्मा नामकी छैठौं छोरी थिइन्। तिनले पनि काश्यप बुद्धलाई अनेक सुगन्धित पदार्थद्वारा पूजा गरिन्। सोही पुण्यको प्रभावले तिनी राजकुमारी मनुष्य लोकमा जन्म ग्रहण गर्दै एकपटक देवेन्द्रशक्रकी अग्रमहिषी भइन्। इन्द्रकी अग्रमहिषी बनी स्वर्गलोकमा सुखभोग गर्दैरहँदा एकदिन फुसतिदेवीको आयु समाप्त भएको देखेर नन्दन उद्यानमा बिहार गरी एक ठाउँमा आराम गरि रहेकी फुसतिदेवीलाई इन्द्रले 'तिमीलाई आज दशवटा बर दिन्छु' भने। फुसतिदेवीले आफ्नो पुण्य क्षीण भएर देवलोकबाट च्युत हुन लागेको आफूले थाहा नपाएर इन्द्र सँग प्रार्थना गरिन्:-

Downloaded from http://dhamma.digital

"भो देवेन्द्र ! किन मलाई यस्तो आज्ञा गर्नुभएको ? मबाट कुन खराब काम भयो ? किन हजुरले मलाई यसरी बरदान दिएर छिटै स्वर्गलोकबाट खसाल्ने विचार गर्नु भएको ?"

इन्द्रले भनेः- 'भो फुसति ! तिमीलाई मन नपरेर अथवा तिमीले कुनै काम बिगारेर यसो भनेको होइन। तिम्रो पुण्य क्षीण भयो। तिम्रो आयु सकियो। तिमी यहांबाट च्युत हुने भइ सकेकी छौ। त्यसकारण मैले तिमी-लाई यसो भनेको हुं।'

इन्द्रको कुरा सुनेर फुसतिदेवीले अवश्य मेरो च्युत हुने समय भयो होला र मलाई यस्तो भन्नु भएको हो भन्ने सम्झी, 'त्यसो भए भो देव ! मलाई निम्न दश बर दिनु हवस्, भनी बरदान मागिन् :-

## दश वरदान

१) म शिवि राजाकी अग्रमहिषी हुनपाउँ।
२) साना साना मृगहरुको आँखामैं मेरो आँखा नील वर्णको होउन् ।
३) आँखिभौं र कपाल नीलो होउन् ।
४) मेरो नाम फुसति होओस् ।
५) कीर्तिवान्, दानी, निर्लोभी, याचकहरुलाई सन्तुष्ट हुने गरी दान दिनसक्ने एउटा छोरो होओस ।

Downloaded from http://dhamma.digital

६) गर्भिणी हुँदा साधारण नारीहरुकाझैं मेरो पेट ठूलो नदेखियोस् ।

७) अति सन्तान भएपनि मेरा स्तन नलटकियून् ।

८) बृद्धहुँदा पनि मेरो शरीरको छाला चाउरी नपरोस् ।

९) शरीरमा मल नहोओस् ।

१०) अपराधिहरुलाई आफ्नै शक्तिले मुक्तगरी पठाउन सकूं ।

इन्द्रले यसलाई स्वीकार गरे ।

फुसतिदेवी देवलोकबाट च्युत भई मद्द राजाकी अग्र-महिषीको कोखमा जन्म ग्रहण गरिन् । जन्मँदा मानौं सम्पूर्ण शरीर श्रीखण्डलेप गरेझैं सुगन्धित भएको हुनाले नामकरणको दिन देवीलाई फुसति भनी नाम राखियो । क्रमशः फुसति देवी अत्यन्त सुन्दरी अप्सरा जस्तै भइन् । १६ वर्षकी हुँदा शिवि राजाको छोरो सञ्जयराजकुमारसँग उनको विवाह सम्पन्न भयो ।

फुसतिदेवीलाई सोह्रहजार महिलाहरुमध्ये अग्रमहिषी पदमा राखे । उनी सञ्जय राजाकी अत्यन्त प्रिय महारानी बनिन् ।

एकदिन शक्रदेवले फुसतिदेवीलाई आफूले दिएको बरदान सबै पूरा भयो कि भएन भनी दिव्य चक्षुबाट विचार गर्दा छोरो एउटा पुरा हुन बाकि रहेको थाहापाई यो पनि पूरा गरिदिनुपर्‍यो भनी विचार गरे ।

Downloaded from http://dhamma.digital

त्यसबखत बोधिसत्व त्रायत्रिंश देवलोकमा जन्मिरहनु भएको र आयु क्षीण भएर देवलोकबाट च्युत हुनपनि परेको समय थियो। अनि देवेन्द्र शक्रले उनी कहाँ गएर "देव! तपाई मनुष्य लोकमा फुसति बडामहारानीको कोखमा जन्मग्रहण गर्न जानुहोस्" भनी प्रार्थना गरे। वहाँले स्वीकृति दिएपछि इन्द्रदेवले अरु ६० हजार देवपुत्रहरुलाई पनि बोधिसत्व जन्मिने ठाँउमा जन्मग्रहण गर्न जानुपर्‍यो भनी प्रार्थना गरेर आफ्नो भवनमा फर्कनुभयो। महासत्व पनि यथा समयमा मनुष्यलोकमा जन्म ग्रहण गर्नु जानु भयो। अरु देवपुत्रहरु पनि महासत्वले जन्म ग्रहण गर्न जानु भएको देशमा विभिन्न कुलमा जन्म ग्रहण गर्न गए।

## वेस्सन्तरको जन्म

सञ्जय राजाको अग्रमहारानी फुसतिदेवीले गर्भ धारण गरिन्। एकदिन गर्भिणी महारानीमा नगरको चारैदिशा र नगरको बीच अनि आफ्नो राजदरबारमा दानशाला बनाई दानदिने इच्छा उत्पन्न भयो। राजाले गर्भिणी महारानीको मनोकामना सुनेर ज्योतिष पण्डितहरु बोलाई यस संवन्धमा प्रश्न गरे। ज्योतिषहरुले महारानीको गर्भमा दानदिँदा नअघाउने राजकुमारले बास गरेको छ भनी बताए। यो कुरा सुनेर राजा सार्‍है खुसीभए। महारानीको इच्छा मुताविक ६ दिशामा दानशाला वनाइदिए।

Downloaded from http://dhamma.digital

बोधिसत्वले गर्भमा वासगरेदेखि राजाको आम्दानी दिनपर दिन वृद्धि हुन थाल्यो। बोधिसत्वको पुण्य प्रतापले जम्बुद्वीपका साराराजाहरुले सञ्जय राजा कहाँ सौगात चढाउन ल्याए।

गर्भधारण गरेको दशमास पूर्ण भइरहेको बेलामा बडामहारानीको मनमा एकदिन नगर घुम्न जाने इच्छा भएर राजा कहाँ बिन्ती चढाइन्। राजाले सम्पूर्ण नगर देवलोक जस्तै सिँगार्न लगाएर रानीलाई अत्यन्त राम्रो रथमा चढाई नगर परिक्रमा गर्न पठाइयो। नगर प्रदक्षिणा गर्दागर्दै 'वेस्स' भन्ने सडकमा पुग्दा महारानीलाई प्रसव व्यथा लाग्यो। झटपट सडकको माझैमा एक प्रसूति-कोठा बनाउन लगाई देवीले सोही ठाउँमा अत्यन्त सुन्दर छोरो जन्माइन्। त्यसकारण यस्तो भनिएको छः-

"दसमासे धारयित्वान करोन्ति प्ररपदक्खिणं
वेस्सानं विथिया मज्झे जनेसि फुसति ममन्ति"[१]

अर्थात्:-

"दश महीनासम्म गर्भ धारणगरी फुसति महारानीले नगर परिक्रमा गर्न जाँदा बेस्स भन्ने सडक माझमा मलाई जन्म दिइन्।"

महासत्वले आमाको गर्भबाट निस्कने बित्तिक्कै अत्यन्त शुद्ध भएर आँखा खोली हातपसारेर 'आमा ! दान दिनलाई

१. चरिया पिटक, प्रकिर्ण वग्ग ९

Downloaded from http://dhamma.digital

केही वस्तु छ कि ल्याऊं' भनीबोले। महारानीले बोधिसत्व लाई 'तात! तिम्रो मन अघाउने गरी दानदेऊ' भनी एक हजार रुपियाँ भएको थैलो हातमा राखि दिइन्। पालि साहित्यमा बोधिसत्वहरुले जन्मने बित्तिक्कै बोलेका कुरा तीन ठाउँमा उल्लेख छ। महाउमङ्ग जातकमा[२] यहाँ र अन्तिम जन्म सिद्धार्थको पालामा। अनि नामकरणको दिन सबैको सल्लाहबाट वेस्स भन्ने बाटोमा जन्मेको हुनाले वेस्सन्तर (विश्वन्तर) भनी नाम राखे। त्यसकारण यस्तो भनेकोछः-

"न मय्हं मत्तिकं नामं न मय्हं पेत्तिक सम्भव।
जातोह्मि वेस्सवीथियं तस्मा वेस्सन्तरो अहुन्ति।"

अर्थात्:- "मेरो नाउँ आमाको तर्फवाट पनि होइन। बाबुको तर्फवाट पनि होइन। वेस्स भन्ने बाटोमा जन्मेको हुनाले मलाई वेस्सन्तर भने।"

बोधिसत्व जन्मेकै दिन एउटा विशिष्ट हात्तीले श्वेतवर्ण एउटा हात्तीको बच्चा राजदवारमा छाडिगए। बोधिसत्वको कारणले प्राप्त भएको हुनाले त्यसलाई प्रत्यय भनी नाम राखे। राजाले बोधिसत्वको निम्ति अग्ली र होची भन्ने दोषले रहित भएका ६० हजार धाईहरु राखिदिए। बोधिसत्व जन्मेकै दिन जन्मेका त्यस देशका ६० हजार बच्चाहरुलाई पनि धाईहरु राखिदिए। बोधिसत्व शुक्लपक्षको चन्द्रमामैं

२ स्याममा 'महोषध जातक' रोमनमा 'सएडहार' भनेका छन्। जा. प. क. VII पृ २९५ नं. ५४६

Downloaded from http://dhamma.digital

साठीहजार बालकहरु सँगै क्रमशः बढ्दै गए।

राजाले बोधिसत्वलाई हजारौं मूल्य जाने गहना बनाइदिए। बोधिसत्व ४/५ बर्षको उमेरहुँदा उनले आफ्नो गहना सबै दासदासीहरुलाई बकस दिए। दासीहरुले फिर्ता गर्दा पनि बोधिसत्वले लिएनन्। अनि दासीहरुले यो कुरा राजालाई बिन्ति चढाए। राजाले मेरो छोराले दिइसकेका बस्तुहरु तिमीहरुलाई नै भयो भने। राजाले बोधिसत्वलाई अर्को गहना बनाइ दियो। बोधिसत्वले बालक कालमा नै आफ्ना गहना ६ पटकसम्म धाइहरुलाई दान दिए। आठ बर्षको उमेरमा एकपटक बोधिसत्वले यस्तो मनमा बिचार गरे कि यदि कुनै व्यक्ति आएर मेरो हृदय माग्न आएपनि अवश्य मैले आफ्नो छाती चिरी मुटु झिकेर दिनेछु। खया दि आँमाग्न आए आँखा पनि दिनेछु।

यसरी बिचार गरिरहँदा चार नहुट र दुईलाख योजन अग्लो यो महापृथ्वी मत्ता हात्ती चलेझैं भूकम्प भयो। भूकम्पको शब्दले मेघ गर्जी केही क्षण बर्षा पनि भयो। बिजुली चम्के। सागरको पानी छचल्के। महाब्रह्माहरुले साधुकार दिए। त्यसकारण यस्तो भनिएको छः-

"यदाहं दारको होमी जातिया अट्ठवस्सिको तदा निसज्ज पासादे दानदातुं विचिन्तयि ॥

हृदयं ददेय्य चक्खुम्पि मंसम्पि रुधिरम्पिच।

Downloaded from http://dhamma.digital

ददेय्यं कायं सावेत्वा यदि, कोचि याचये ममन्ति।" १
अर्थात्-" आठ वर्षको उमेरमै मैले राजप्रासादमा बसेर दान दिने विचार गरें। यदि कुनै व्यक्ति आएर मसँग मागे मैले आफ्नो मुटु, आँखा, मासु, रगत र प्राणसम्म पनि दिनेछु भनी मनमा विचार गरें।"

बोधिसत्व दशबर्षको अवस्थाहुँदामै अनेक शिल्प शास्त्रमा पारंगत भयो। एकदिन राजाले बोधिसत्वलाई राज्यदिने विचार गरी बोधिसत्वको आमासँग सल्लाहगरे। फुसतिदेवीको राय लिएर सञ्जयराजाले मद्रराजाको कुलबाट मामाकी छोरी मद्दि (मडी) देवी ल्याई विवाहगरी १६ हज्जार नारीहरुका बीच जेठी तुल्याई अग्रमहिषी पददिई महासत्वलाई राज्याभिषेक गरिदिए। राज्याभिषेक भइसकेपछि बोधिसत्वले नित्य सात लाख (७०००००) धन खर्चगरी महादान दिनुभयो।

केही समयपछि मद्दिरानीको तर्फबाट एउटा पुत्र लाभ भयो। छोरोलाई सुनको जालमा राख्ने गरेकोले कुमारलाई जालीकुमार भनियो। कुमार हिँड्न सक्ने हुँदासम्म मद्दिरानीलाई एउटी छोरी पनि प्राप्त भयो। तिनलाई कालो बस्त्रले लपेटिराखिने हुनाले कृष्णाजिनी भनी नाम राखे।

१. चरिया पिटक अकित्ति वग्ग।

Downloaded from http://dhamma.digital

## बोधिसत्वको दान

बोधिसत्वले महीनामा ६ पटक ६ ठाउँमा स्थापित दानशालामा राम्रोसँग दानदिन्छ कि दिँदैन भनी निरीक्षण गर्न जानुहुन्थ्यो। त्यसबखत कलिङ्ग देशमा अनावृष्टिभई साह्रै हाहाकार भएको थियो। खेतमा धान फलेन। मानिसले खान पाएंन। ठूलो अनिकाल पऱ्यो। मानिसहरुले जतातते चोर्ने, लुट्ने गर्न थाले। जनताहरु सबै राजदरबारमा गई कराउन गए। राजाले तिनीहरु कराउन आएको कारण सोद्धा जनताहरुले 'बर्षा गराउन पऱ्यो, चामल सस्तो गराउन पऱ्यो' भनी कराए। राजाले हुन्छ मैले सक्दो कोशिस गर्नेछु भनेर उपोसथ शील पालनगरी व्रत बसे। त्यसो गर्दा पनि वृष्टि गराउन नसके पछि राजाले जनताहरु भेला गराई भने:-

'भो प्रजागण! मैले एक सप्ताहसम्म उपोसथ व्रत पालन गर्दा पनि जल वृष्टि गराउन सकिन। अब के गर्नु पर्ला ?'

प्रजाहरुले भने:- भो महाराज! त्यसो भए जेत्तुत्तर नगरमा सञ्जय राजाका छोरा वेस्सन्तर राजकुमारले जुन कुरो दान मागे पनि दिइराखेका छन्। उनीसँग सर्वश्वेत मंगलसम्मत एउटा हात्ती छ। त्यो हात्ती भएको देशमा कहिल्यै दुर्वृष्टि हुँदैन। तसर्थ, कुनै ब्राह्मणहरु पठाई त्यो हात्ती माग्न पठाउनुपऱ्यो।' प्रजाहरुको कुरा सुनेर राजाले

Downloaded from http://dhamma.digital

आठजना ब्राह्मण छानेर तिनीहरुलाई बाटो खर्च दिएर वेस्सन्तरसँग मंगल सम्मत गरीराखेको हात्ती मागेर ल्याऊ भनी पठाए।

ब्राह्मणहरु जेत्तुत्तर नगरमा पुगेर त्यस नगरको दानशालामा दान लिएर पेट भरिसकेपछि एकदिन हात्ती दान लिन आ-आफ्नो शरीरमा खरानी घसे। आफ्नो शरीरलाई दुर्वर्ण पारेर वेस्सन्तर राजकुमार दानशालामा आउने पूर्णिमाको दिन पूर्वपट्टिको दानशालाको द्वारमा बस्न गए। बोधिसत्व पनि १६ सयवटा सुगन्धित जलले स्नानगरी अलंकृत हात्तीमाथि चढेर पूर्व पट्टिको दानशाला-मा आनुभयो। ब्राह्मणहरुले त्यहाँ मौका भेट्टाउन सकेनन्। त्यसपछि तिनीहरु दानशालाको दक्षिण पट्टिको दानशालाको द्वारमा गएर एक अग्लो ठाउँमा उभिइरहे। वेस्सन्तर राजा त्यहाँ आइ पुग्ने बितिकै तिनिहरु "वेस्सन्तरको जय। वेस्सन्तरको जय !!" भन्दै हात उठाई कराए। वेस्सन्तरले ब्राह्मणहरुको शब्द सुनेर तिनीहरुको नगीचै हात्ती लगेर "के भनेको ? के मागेको ?" भनी सोध्नुभयो। अनि तिनी-हरुले भनेः-

'भो महाराज। तपाईं बडा दानी धर्मात्मा हुनुहुन्छ। हाम्रो देशमा अनावृष्टि भई अत्यन्त हाहाकार भैरहेकोछ। खान नपाएर मानिसहरुको मृत्यु हुँदैछ। हाम्रा राजाले वर्षा गराउन भनी उपोसथ शील पालनगरी बसगर्दा पनि जल-

Downloaded from http://dhamma.digital

बृष्टि गराउन सकेनन्। यदि हाम्रो देशको निम्ति तपाईंको मंगल हात्ती दान स्वरुप प्राप्त भए हाम्रो कल्याण हुनेछ। हामीहरु यतिको दुखकष्ट खपेर आएको अरु कारणले होइन केवल तपाईंको हात्ती दान लिनको लागि हो। कृपया तपाईंको मंगल हात्ती पाऔं।'

ब्राह्मणहरुको कुरा सुनेर बोधिसत्वले, "मैले आफ्नो शरीरको मासु, रगत, हाड समेत दान गर्छु भनी मनमा राखेकोछु। यिनीहरुले त हात्ती मात्र दानमागे। यो त बाह्य बस्तु नै भयो। आफ्नो शरीरको बस्तु नै दिन्छु भनी मनमा लिएकोलाई यो त के ?" भनी मन प्रसन्नगरी हात्तीबाट ओर्लेर 'हुन्छ ब्राह्मणगण! म तपाईहरुलाई यो मेरो मंगल हात्ती दान दिन्छु' भति भनेर हात्तीको शरीरको जुनजुन अंगमा अलंकृत गरिएको थिएन सबै ठाउँमा अलंकृतगरी चाँदीको सिक्री जस्तो हात्तीको सुंड समातेर ब्राह्मणहरुको हातमा राखी सुबर्ण कलशले जल धारा दिई शुद्ध चित्तले हात्ती दान दिए। हात्तीमात्र होइन, हात्तीको शरीरमा सिंगारिराखेका गहना, बस्त्र र हौडा समेत गरी जम्मा चौबीस लाख (२४,०००००) र माहुते सहित दान दिए। तिनीहरुलाई चाहिने जीवसोपकरण, हात्तीलाई दाना खुवाउने कढाई इत्यादि सबै दान दिए। महापृथ्वी कम्प भयो। त्यसकारण यस्तो भनेको छः-

Downloaded from http://dhamma.digital

"तदासियं भिसनकं तदासि लोमहंसनं।
हत्थिनागे पदिन्नम्हि मेदिनी समकम्पथ ॥"

अर्थात् –त्यस बखत मैले हस्तिराज दान दिँदा बडो हलचलकासाथ भूकम्प भयो।

हात्तीदान लिइसकेपछि ब्राह्मणहरु हात्तीमाथि बसेर नगरको बीच बाटोबाट गएर उत्तर द्वारबाट बाहिर निस्के। ब्राह्मणहरु हात्तीमाथि चढेर गइराखेको देखेर नागरिकहरुले 'हे ब्राह्मण। हाम्रो राजाको हात्ती चढेर कहाँ जान लाग्यौ' भनी सोधे। ब्राह्मणहरुले 'हे महाजन हो! हामीलाई यो हात्ती राजा बिस्सन्तरले दान दिइसकेको छ। यसमा तिमीहरुको कपाल दुख्नुपर्ने किन?' भन्दै नगरबाट बाहिर निस्के। सारा नागरिकहरु रिसले भुतुक्क भएर राजदरबारमा गई राजालाई अनेक प्रकारले अपशब्द बोल्दै नारा लगाउँदै यसो भनेः-

'भो महाराज! वेस्सन्तरले दानदिनुपरे खाने, पिउने, लगाउने लुगा गहनाहरु पो दिनुपर्छ। यसरी कुल परम्परा-देखि रहिआएको राज्यको मंगल हात्ती पनि दान दिने हो? जुन हात्ती नरहँदा हाम्रो देशमा दुभिर्क्ष हुनसक्छ। यतिको रणशूर दक्ष हात्ती दान दिएपछि राज्यरक्षा होला र? अब राज्यको कुन गति हुने हो? यदि महाराजले नागरिकहरुको कुरा मान्नु भएन भने सम्भवतः तपाईंको छोरो वेस्सन्तर

Downloaded from http://dhamma.digital

सहित तपाईंको राज्य समेत शिविनगरका नागरिकहरुले हात पार्नेछन् ।[१]

जनताहरुको कुरा सुनेर सञ्जय राजाको मनमा "अवश्य नागरिकहरुले मेरो छोरोलाई हत्या गर्ने भयो" भन्ने विचार गरेर प्रजाहरुलाई भने-

"भो प्रजागण ! तिमीहरुले जेसुकै गर वा भन किन्तु मेरो छोरो बेस्सन्तरलाई म हत्या गराउन सक्दिन । मेरो यो शिविराज्य नष्ट ध्वस्त भएपनि उनी निर्दोषी, धार्मिक, दयालु, सदाचारी बेस्सन्तरलाई मैले घात गर्न सक्दिन । प्रजाहरुको कुरो यस्तै भएपनि यो काम मबाट हुँदैन ।"

जनताहरुले भने:- "भो महाराज । हामीले बेस्सन्तर-लाई हत्या गर्ने भनेको होइन । किन्तु उहाँले देशलाई निको तुल्याउने छाँट नदेखिएको हुनाले उहाँलाई बंक पर्वतमा निस्कासन गरिदिनुभए बेस होला । हाम्रो प्रार्थना यही हो ।"

राजाले भन्नु भयो:- "त्यसोभए आज एक रात बेस्सन्तरलाई रहन देऊ । भोलि उनलाई बंक पर्वतमा पठाई दिउँला ।"

प्रजाहरुले हुन्छ भने ।

प्रजाहरुलाई चित्त बुझाएर पठाइसकेपछि सञ्जयराजा-

---

१. सचे त्वं न करिस्ससि सिबिनं वचनं इमं ।
मञ्ञेतं सहपुत्ते न सिवि हत्थे करिस्सरेति ॥
जा. अ. VII पृ. ४३०

Downloaded from http://dhamma.digital

ले वेस्सन्तरराजालाई समाचार पठाउन एक वृद्ध राज कर्मचारीलाई डाकेर यसरी भन्नु भयो:-

"हे भणे! तिमी वेस्सन्तर कहाँ गएर 'शिविनगर निवासी तथा अन्य ग्रामवासी नागरिकहरु आएर तिमीलाई बंक पर्वतमा भोलि नै निर्वासन गरी पठाउन मागेका छन्', तिमीदेखि नागरिकहरु सारै अप्रसन्न भैरहेका छन्' भनि दिनु।"

वेस्सन्तरको श्री भवनमा गएर वेस्सन्तरलाई विन्ति गर्दै राजदूतले भने:-

"भो महाराज! क्षमा पाऊँ। हजुरलाई एउटा दु:खको कुरा सुनाउन आएको छु। सञ्जयमहाराज कहाँ सारा नागरिकहरु आएर हजुरलाई आज एकरात मात्र यहाँ राखेर भोलि नै बंक पर्वतमा निस्कासनगरि पाऊँ भनी कराउन आए। हजुरदेखि नागरिकहरु सारै अप्रसन्न भएका छन्।"

वेस्सन्तर- 'हे भणे! शिविनगर निवासी मानिसहरु मदेखि किन रिसाएको? मैले कुन नराम्रो काम गरेको छु र उनीहरु रिसाउन? नडराइकन सबै कुरा भन।'

राजदूत-'भो महाराज। नगरवासी ग्रामवासी ब्राह्मणादि राजकुमारहरु समेत तपाईंले शिविराज्यको लक्षण सम्पन्न श्वेत हस्ती दान दिनु भयो भनी साह्रै रिसाएका हुन्। यही कारणमा तपाईंलाई निर्वासन गरि पाऊँ भनेका हुन्।'

Downloaded from http://dhamma.digital

दूतको कुरा सुनेर मनमा खुसी भएर वेस्सन्तरले भने– "आफ्नो शरीरमा भएको रगत, मासु, आँखा र प्राण समेत दानदिने मनमा भएको मैले हीरा, मोती, सुन, चांदी इत्यादि बाह्य पदार्थ दान दिएँ त के दिएँ ? नागरिकहरुले मलाई दान दिएको बापतमा चाहे निकालून् चाहे मारि देऊन् मेरो चित्त दान दिनुबाट कदाचित् पछि हट्ने छैन् !"

बोधिसत्वको कुरा सुनेर राजदूतले भने-'भो महाराज ! हजुरलाई नागरिकहरुले चोर ज्यानमारा आदि अपराधी-हरु निर्वासन गरिने बाटोवाट निकाल्ने भनिरहेका छन् ।' वेस्सन्तर- 'भो दूत ! हुन्छ मलाई दोषीहरु निकाल्ने बाटो बाट नै निकालियोस् । यसमा मलाई केहि भन्नुछैन । मलाई नागरिकहरुले अरु कारणबाट निकाल्न खोजेको होइन । स्वेत वर्ण हात्तीदान दिएकोले नै हो । मैले नागरिकहरुसँग भोलि एकदिन यहाँ वस्नुको लागि निवेदन गर्छु । भोलि एकदिन बसेर सप्तसत भन्ने दानदिएर पर्सि अवश्य निस्कनेछु ।'

'हवस् महाराज ! मैले यही कुरा नागरिकहरु कहाँ पुऱ्याउनेछु' भनी राजदूत वेस्सन्तरको श्री भवनबाट फर्क्यो ।

राजदूतलाई बिदादिएर पठाइ सकेपछि सेनापतिलाई बोलाई 'भोलि मैले सप्तसत दानदिने तसर्थ सातसय हात्ती, सातसय घोडा, सातसय गाई, सातसय दास तयार गरिराख्नु' भन्ने आज्ञा दिएर बोधिसत्व एक्लै मद्रीरानीको खोपीमा

Downloaded from http://dhamma.digital

जानुभयो । खोपीमा अति राम्रोसँग सिंगारि राखेको पलङ्गमा बस्नुभई मद्रीरानीसँग वार्तालाप गर्दै बोधिसत्वले भन्नुभयो-

"प्रिय मद्री ! मैले जुन हीरामोती तिमीलाई दिइराखेको थिएँ ती सबै धन र तिम्रा जे जति दाइजो छन् ती सबै पनि राम्रो सँग सुरक्षित गरिराख ।"

मद्रीरानी- 'भो, देव ! ती धन सबै कहाँ सुरक्षित गरिराख्ने ? कृपया आज्ञा हीइबक्से अनुग्रहित हुनेछु ।"

बेस्सन्तर- 'भो प्रियेमद्री ! सुरक्षित गरिराख्नुको मतलव कहिँ सन्दुसमा अथवा कहिँ भूमिमा गाडिराख्ने होइन न त कहिँ कसैले नदेखिने ठाउँमा राख्नु नै हो, किन्तु शीलवान् गुणवान् ऋषिमुनि याचकहरुलाई दिनु जतिको उत्तम तरीकाले सुरक्षित गर्ने ठाउँ अन्त कहीँ पनि छैन । दान दिएको धन कसैले लुटेर लान सक्दैन । आफू जहाँ गएपनि यसको पुण्यरुपी धन पछ्याउँदै आउँछ । यसैलाई अनुगामिक निधान पनि भन्छन् ।'

महारानीले आफ्नो कुरा स्वीकार गरेपछि पुनः बोधिसत्वले मद्रीरानीलाई भन्नुभयो-

'भो देवी ! अबदेखि तिमीले आफ्ना छोराछोरीलाई राम्रोसँग मैत्री पूर्वक स्याहार संभार गरी बस्नू । तिमीले सासू ससुराको सेवाटहल पनि राम्रोसँगगरी सेवागर्नू । म यहाँबाट निस्किसकेपछि यदि कसैले आएर 'तिम्री स्वामी

Downloaded from http://dhamma.digital

म हुँ' भन्न आयो भने त्यसलाई पनि तिमीले मैत्रीपूर्वक सेवाटहल गर्नू। मैले छोडी गयो भनेर आफूलाई दुःखी नपारी आफूलाई सुहाउने मनपर्ने व्यक्तिलाई स्वामीभाव-राखी आफ्नो जीवन सुखी तुल्याई बस।"

यस्तो कुरा सुनेर सशंकित मनले 'आज किन होला आर्य पुत्रले यस्तो कुरा सुनाउनु भएको' भन्ने मनले सोचेर मद्रीरानीले बेस्सन्तरसँग यसरी सोधिन्-

'भो स्वामी ! मबाट हजुरप्रति कुन अपराध भयो ? मलाई क्षमा गरिबक्सनु होस्। मैले हजुरप्रति कुनै अपराध गरे जस्तो लाग्दैन। तैपनि म अज्ञानीबाट कुनै अपराध हुन गएको भए क्षमा पाऊँ। आज हजुरले जुनकुरा सुनाइ-बक्स्यो त्यसबाट मेरो हृदय फुट्ला जस्तो भएको छ। किन यस्तो आज्ञा होइबक्सेको ? यसको केही कारण मैले राम्रो-सँग बुझ्न सकिन। कृपापूर्वक बताइबक्सियोस्।"

महारानीको शोकपूर्ण कुरा सुनेर बेस्सन्तर राजाले स्पष्ट रुपमा भन्नुभयो-

"हे मद्री ! तिम्रो कुनै अपराध छैन। तिमीले मलाई एउटा सिन्को भरिपनि केही बिगार गरेकी छैनौ। बल्कि तिम्रो गुण ममा निकै छ। संसार बडो बिचित्र छ। मैले सेतो हात्ती दान दिएँ रे भनेर नागरिकहरु मदेखि रिसाइ-रहेका छन् रे। त्यसकारण मलाई नागरिकहरुले निस्कासन गर्ने निश्चय गरे। अब म भोलि एकदिन मात्र यहाँ बसेर

Downloaded from http://dhamma.digital

समशत भन्ने दान दिएर पर्सिने नगरबाट निस्केर एकलै कुनै ठाउँमा गएर बस्न जानेछु। त्यस ठाउँमा मेरो जीवन कता कस्तो हुनेहो त्यो म भन्न सक्दिन।"

महासत्वको कुरा सुनेर महीदेवीले भनिन्- "अहो प्राणनाथ ! यो के आज्ञा होइबक्सेको ? जस्तै भए पनि यस्तो वचन निकाल्नु तर्क मनमा लिनु पनि राम्रो छैन। फेरि स्त्री जातिको धर्मपनि होइन कि आफ्नो पतिदेवलाई मात्र एक्लै जंगलमा पठाउनु। अतएव प्राणनाथ ! हजुर जहाँ जहाँ सवारी होइ बक्सिन्छ त्यहीं त्यहीं म पनि अवश्य आउँछु। हजुर बिना बाँचिरहनुभन्दा प्राण त्याग्नु नै मेरो लागि उत्तम छ। मेरो निम्ति त हजुर बिना एक घडी बाँचिरहनु भन्दा बलेको चित्तामा हामफालेर भस्म हुनु नै उत्तम छ। प्राणनाथ ! जस्तो जंगलको हस्तीनी आफूलाई जस्तोसुकै दुःख-कष्ट हुने भएपनि आफ्ना स्वामीलाई नछाडी स्वामी जता-जता गयो उतैउतै जान्छिन् त्यस्तै म पनि हजुरको पछिपछि हजुर सवारी भएको ठाउँमा छोरा छोरीहरु लिएर आउँछु। पानी नभएको नदीमा झैं म एक्लै यहाँ बसेर के गर्ने ? मलाई सह्मालन गाहारो होला, मलाई चित्त बुझाउन गाहारो होला भनी हजुरले कत्ति पीर मानी बक्सनु पर्दैन। म हजुरको आज्ञानुसार बसेर पाएको खाई भएको पहिरी हजुरको सेवा सुसारगरी हजुरलाई कुनै भार नहुनेगरी बस्नेछु।"

यसरी आफ्ना स्वामीसंग निवेदनगरी सक्दों आफू

Downloaded from http://dhamma.digital

पहिले जंगलमा बास गरिसकेकी जस्तै गरी महारानीले अनेक प्रकारले जंगलको बयान गरिन्।

卐

## दानकाण्ड-२

उता फुसती महारानीले आफ्नो छोरी वेस्सन्तरलाई अत्यन्त कठोर समाचार सुनाउन पठाएको छ। यो समाचार सुनेर 'वेस्सन्तर के गरिरहेछ होला' भन्ने बिचार गरेर गुप्त-भेष लिएर वेस्सन्तरको खोपीमा गएर खापाको पछाडि लुकी छोरा बुहारीको कुरा सुन्दा हृदयले थाम्न नसकेर त्यहाँ सुंक सुंक रुँदै यस्तो बिचार गरिन्-

"धिक्कार हो यो मेरो जीवन! यस्तो निर्दोष बेस्सन्तर लाई निकाला गरेको हेरिरहनु भन्दा बिषखाएर, पर्बतबाट हाम्फालेर अथवा झुण्डिएर प्राण त्याग गर्नु राम्रो हो। याचकहरुको चित्त प्रसन्न हुनेगरी दानदिने, निर्लोभी, अनेक राजाहरुबाट सत्कारपाएका कीर्तिवान् मेरो छोरो वेस्सन्तर-लाई नागरिकहरुले किन निकाल्न खोजेका होलान्? आमा-बावुको सेवाटहल गरिरहेको, जेष्ठहरुप्रति आदरभाव राख्ने, जातिबर्ग र प्रजागणको हित गर्ने मेरो छोरो वेस्सन्तरलाई किन नागरिकहरुले निकाल्न लागेको होला?"

यसरी मनमा शोकगरी र बिलापगरी फुसतिदेवीले आफ्नो छोरो वेस्सन्तर र बुहारीमद्रीलाई धैर्य दिलाई राजा

Downloaded from http://dhamma.digital

कहाँ गएर यसरी प्रार्थना गरिन्-

"भो महाराज ! यदि हजुरले शिवि नगरवासीहरुको कुरा सुनेर मेरो छोरो वेस्सन्तरलाई देशनिकाला गरिबक्स्यो भने माहुरीले छोडेको चाका झैं, फल झरेको वृक्ष झैं, पानी नभएको पोखरीमा हंसराज जस्तै वेस्सन्तर सँगै जन्मेका ६० हजार राजकर्मचारीहरु र सैन्यहरुले विहीन हजुरको राज्य शून्य हुनेछ, नाश हुनेछ, अन्धकार हुनेछ, उजाड हुनेछ । त्यसकारण शिवि नगरवासीहरुको कुरा नसुनि-बक्सियोस् ।"

महारानीको अनेक प्रकारको प्रार्थना सुनेर सञ्जयराजाले आज्ञा गर्नुभयो- 'भो रानी फुसती ! मलाई आफ्नो छोरो वेस्सन्तर प्यारो नभएको होइन, राज्यभन्दापनि मलाई आफ्नो छोरो प्यारो छ । तैपनि हे रानी ! हामी भनेका नागरिकहरुको सम्मतिले राजा भइरहेका हौं । त्यसकारण पहिलेदेखि चलिआए झैं शिवि राज्यको झण्डालाई र शिवि राज्यका नागरिकहरुको बचनलाई गौरव र सम्मानगर्दै आफ्नो कर्तव्य र धर्म पालनगर्दै आजमेरो अतिप्यारो छोरो वेस्सन्तरलाई पनि देशनिकाला गर्दैछु । कुनै किसिम-बाट पनि मैले नागरिकहरुलाई असन्तोष गराउन सक्दिन । प्रजाहरुलाई सन्तोष दिलाउनु र तिनीहरुको सम्मति अनु-सार चित्तबुझाई कामगर्नु नै हाम्रो धर्म हो । राजाहरुले प्रजाहरुको कुरा विशेष ध्यान राख्नुपर्छ । योग्य र अयोग्य

Downloaded from http://dhamma.digital

पी सबै तिनीहरुले नै ठह्याउनेछन् । धर्म र अधर्म पनि तिनीहरुले नै बुझेर लिन्छन् ।"

यो कुरा सुनेर महारानीले अत्यन्त विलाप गरिन् र महारानीले विलाप गरेको शब्द सुनेर सञ्जयराजाको राजभवनमा रहेका सारा नरनारीहरु पनि विलाप गर्न लागे। राजभवनमा रहेका स्त्रीहरुले विलाप गरेको शब्द सुनेर वेस्सन्तर राजाको राजभवनमा रहेका परिजनहरुले पनि विरह थाम्न सकेनन् । यसरी दुवै राजभवनमा रहेका हजारौं नरनारीहरु विलाप गर्न थाले । त्यहाँ भएका मानिसहरु कुनै पनि नरोइबस्न सकेनन् ।

रातबितेपछि बिहान सबेरै सुगन्धितजलले स्नान गरी वेस्सन्तर राजा दान दिन तयार हुनु भयो । दानशालामा बस्नेहरुले दानशालामा सप्तशत दान तयार भयो भनी वेस्सन्तर कहाँ बिन्ती गरे । वेस्सन्तर त्यहाँ गई सबै याचकहरुलाई बडो आदर सत्कार गर्दै जजसले जेजे माग्यो सोही दान गरे। कर्मचारीहरुलाई 'याचकहरुको चित्त नदुखाउनु' भन्दै अनेक प्रकारको वस्तु दान गर्नुभयो । यो एक ठोक त दानशालामा छैन भन्नु नपर्ने गरी दान दिनुभयो ।

उता दुवै राजमहलमा रुवावासी चल्दैथियो । यता याचकहरु सबै दान लिँदै 'हरे वेस्सन्तर राजा आज जेतुत्तर नगरबाट निस्केपछि हामीहरुलाई कसले यसरी दान देला' भन्दै कराउँदै गरे । कुनै नागरिकहरु 'अहो यो वेस्सन्तर

Downloaded from http://dhamma.digital

कस्तो मानिस रहेछ ! दान दियो भनेर नगरबाट निस्कासन गर्ने भइसक्यो तैपनि दान गर्न छोडेको होइन । धन्य वेस्सन्तर कुनचाहिँ चाण्डालले गर्दा यस्तो असल वेस्सन्तर लाई निकाल्ने योजना गरेको होला !' भन्दै कराइ रह्यो । वेस्सन्तर निस्कने बेलाभयो भन्ने समाचार फैलिएपछि आँखाबाट आँसू नचुहाई बस्नसक्ने कोही भएन । पशुपंक्षी-हरु समेत दुखमा बस्दै झुलिरहे । केही दानलिन आउने-हरुले दानलिइसकेपछि यस्तो भने–

'हरे ! अब हामीले को सँग दान माग्ने ? यसरी मनमा अघाऊने गरी जे भन्यो उही दानदिने महापुरुष अब कहाँ पाउने ?''

त्यसबेला भूमिकम्प भयो । बोधिसत्वले दान दिँदा दिँदै सन्ध्या समय भयो । रातपरे पछि अलंकृत रथमा बसेर बोधिसत्व राजभवनमा फर्कनुभयो । अनि बोधिसत्वले 'आज अबेला भइसक्यो भोलिमात्र जाउँला' भनी आमा-बाबु कहाँ जानुभयो । वेस्सन्तर जाने बितिक्कै मद्रीदेवीले पनि "मैले पनि सासू ससुराबाट अनुमति लिइराख्नुपर्‍यो" भनी वेस्सन्तरसँगै नै सञ्जयराजाको राजमहलमा गइन् । दरबारमा पुगेपछि वेस्सन्तरले आफ्ना पितालाई यसरी निवेदन गरे -

"भो पिताज्यू । अब म हजुरको आज्ञा पालन गरेर

Downloaded from http://dhamma.digital

नागरिकहरुको कुरा मानेर जंगलमा जान्छु। त्यहाँ म परि आएको दुःख कष्ट सहेर सक्दो पुण्यकर्म गरिबस्नेछु। हजुर यो विषय वासनामा रहिबक्सी स्वेच्छाले कामगरि बक्सनु हवस् ।"

बुवालाई यति विन्तिगरी बोधिसत्व मुमाकहाँ गई प्रव्रजित हुनलाई अनुमति माग्दै निवेदन गरे –

"भो मुमा ! मैले आफ्नो देशमा बसेका प्रजाहरुलाई कष्ट दिएछु अतएव म जंगलमा जान्छु। मलाई प्रव्रजित हुनलाई वचन दिनुहोस् । शिवि देशवासीहरुको वचन मानेर म बनवास जान्छु। त्यहाँ जे दुःख पर्ला त्यो सहन म तयार छु। जंगलमा बसेर मैले सक्दो पुण्य गर्नेछु। हजुरहरु यहाँ राज भै आवश्यक काम गर्नुहोस् ।"

छोरा वेस्सन्तरको कुरा सुनेर फुसतीदेवीले भन्नु भयो- "तात ! तिम्रो प्रवज्या सफल होस्। अब तिमी बनमा जाने भैहाल्यौ। तिम्रो मनोरथ पूर्णहोस्। तर यी मद्रीदेवी कुनै दुःखकष्ट नभोगेकी फेरि दुर्वली, जंगलमा गएर कसरी वस्लीन् ? अतएव मद्रीदेवी आफ्ना छोरा छोरी सँगै यहीं रहोस् ।"

वेस्सन्तर-"भो माता ! मैले कसैलाई करले जंगलमा लाने इच्छा गरेको छैन। न मैले कुनै दासीलाई नै अनिच्छापूर्वक कहीं लान्छु। अतएव मद्रीलाई मेरोतर्फबाट कुनै करकाप छैन। उनको इच्छाभए आउली नभए बस्ली। यसमा

Downloaded from http://dhamma.digital

मलाई केही छैन, न मेरी कुनै प्रतिबन्ध नै छ।"

वेस्सन्तरको कुरो सुनेर राजाले मद्रीदेवीलाई भन्नुभो–'भो मद्रि ! तिमी वनमा नजाऊ। यहीं बसेर राम्रो लगाएर मिठो खाएर छोराछोरी दुबैलाई स्याहारेर सुखपूर्वक बस। जंगलमा गएर नचाहिँदो दुःख भोग गर्ने नजाऊ। बालकहरु लाई पनि दुःख होला, कष्ट होला। जंगलमा जीवजन्तुहरुको भयपनि निकै होला।"

मद्रीरानी "ससुराज्यू ! मलाई आफ्नो स्वामी बाहेक अरु कुनै सुख चाहिँदैन। आफ्नो स्वामीको साथमा बस्दा जस्तो सुकै दुःख कष्ट परेपनि मलाई सुखनै हुन्छ। स्वामी-लाई मात्र जंगलमा पठाएर म यहाँ बसिरहँदा हजुरहरुलाई पनि राम्रो छैन। फेरि यसरी बस्नु मेरो धर्म पनि होइन। अतएव मलाई नरोकिबक्सियोस्। हजुरले जंगलमा अनेक भयहरु छन् भन्नुभयो तर म ती भयहरुदेखि कति पनि डराउँदिन। संसारमा स्त्री जातिलाई स्वामीबिना रहनु जस्तो दुःख कष्ट तथा भय अरु के होला ? अतएव मलाई जे जस्तो सुकै भए पनि म जंगलमै जान्छु। पानी नभएको नदी नाङ्गो हुन्छ। त्यस्तै पति विनाको नारीलाई दशैजना दाजुभाइ भएतापनि त्यसलाई नाङ्गो नै भन्छन्। जुन नारी आफ्नो स्वामीलाई दुःख पर्दा आफूले पनि दुःख अनुभव गर्नी र सुख पर्दा सुख अनुभव गर्नी त्यस्ती नारीलाई देवताहरुले पनि प्रशंसा गर्छन्। आफ्नो स्वामी भएर पनि आफूमात्र

Downloaded from http://dhamma.digital

सुखखोज्ने नारीको हृदय कस्तो होला ? अतएव ससुराज्यू ! मलाई जे भएपनि जस्तोसुकै दुःख भएपनि मेरो निम्ति आफ्नो स्वामी ठूलो छ। अनन्त धन प्राप्त भएपनि म नगइ-छाड्दिन।"

आफ्नी बुहारी मद्रीदेवीको कुरा सुनेर सञ्जय राजाले भन्नु भयो-

'भैगो त्यसो भए यो जालिकुमार र कृष्णाजिनी दुइवटी लाई यहीं छोडेर जानू।'

मद्रीदेवी- 'भो महाराज ! मेराप्यारा वच्चाहरु छाडेर त म एक घडी पनि वस्न सक्दिन्। यिनलाई जंगलमा कुनै तकलिफ हुनेछैन। यिनीहरु जंगलमा आनन्दपूर्वक खेलि रहनेछन्। यी दुई वालकहरु रहँदा हामीलाई पनि रमाइलो र आनन्द हुनेछ।'

सञ्जयराजा- 'भो मद्री ! राजदरवारमा बसेर कस्ता कस्ता उत्तम पुराना चामलको भोजन गरिरहेका कुमारहरु जंगलमा फलफूल र कण्डमूल खाएर कसरी वस्लान् ? राजदरबारमा इच्छानुसार खाइरहेका बालकहरु जंगलमा कसरी बस्लान् ? रेशम आदि नरम बस्त्र लगाइरहेका बच्चाहरु जंगलमा केराका पातका बस्त्र लगाएर कसरी बस्लान् ? जहाँ जान परे पनि रथ बाहनमा बसेर गइरहेका बालकहरु जंगलमा जुत्ता समेत नलगाई नाङ्गो गोडाले

Downloaded from http://dhamma.digital

टेकेर हिँड्नु पर्दा यिनीहरुलाई कतिको कष्ट हुने होला ? यस्तो राजभवनको श्री शय्यामा सुतिरहेका बालकहरु यहाँ जंगलमा रुखमुनि भुईमा कसरी सुत्लान् ? कस्ताकस्ता सुगन्ध आदि लगाएर सुशोभित भइरहेका बच्चाहरु यहाँ जंगलमा छारोधुलोले व्याप्त भएर, कसरी बस्लान् ? यति मात्र होइन, जंगली स्याल, भालु यथा हात्तीहरुको भय छ । फेरि कीरा चराहरुले टोक्ने डर छ । त्यसकारण यी बालक-हरुलाई यहिं छाडी जानू ।'

वेस्सन्तरहरु राजभवनमा आफ्ना मुमा बुबाहरुसंग कुरा गर्दागर्दै रातबित्यो, भोरभयो । सूर्य उदाए । कर्मचारी हरुले सरकारको आज्ञामुताबिक अतिराम्रा तथा बलिया चारघोडा भएको रथ राजभवनको अगाडि ल्याए । महीरानी-ले आफ्ना सासू ससुराहरुसँग, 'भो महाराज ! शोक नगरि-बक्सियोस्, दुःख नमानि बक्सियोस्, हामीलाई जस्तोभयो त्यस्तै यी बालकहरुलाई पनि हुनेछ । यसमा केही धन्दा नमानिबक्सियोस् ।' भनी आफ्ना स्वामी भन्दापनि पहिल्यै दास दासीहरु सँग विदा लिएर आफ्ना प्यारा छोराछोरी दुबै लिएर रथमा बस्न गइन् ।

महीरानी रथमा बस्न गइसकेपछि वेस्सन्तर पनि आमाबाबुको चरणमा प्रणाम गरेर तीनपटक परिक्रमा गरेर राजदरबारमा रहेका सबैलाई आशीर्वाद दिएर अगाडि भेटे-

Downloaded from http://dhamma.digital

सम्मका मानिसलाई आफूसँग भएका चीजहरु दान दिँदै राजभवनबाट बाहिर निस्केर रथमा बस्नुभयो। रथमा बसिसकेपछि आफूलाई भेट्न भनी पटांगिनीमा जम्मा भैरहेका राजभारदारहरु सहित प्रजागणसँग पनि विदा लिएर 'सुखी होस् आनन्द होस्, अब हामी जान लाग्यौं' भनी आशीर्वाद दिँदै रथ अगाडि बढाउनुभयो।

यसरी महासत्वले सबै प्रजाहरुलाई 'दानदिएर कुशलकर्म गरेर जीवन कल्याण हुने काम गरिबसे' भनी धैर्य दिएर विदालिएर जंगल तर्फ प्रस्थान गर्नुभयो। त्यसबेला मुमा फुसतीदेवी महारानीले 'मेरो छोराको काम नै दान दिनु हो तसर्थ इच्छा पूर्ण हुने गरी दान देओस्' भनेर सप्तरत्नले भरिएको सातबटा गाडा उनको दायाँवायाँ पठाइ दिनुभयो। वेस्सन्तरले आफ्नो शरीरमा भएको आभरणादि दानगर्दै सबैलाई आशीर्वाद दिँदै अठारपटक सम्म माग्न आएका याचकहरुलाई दान दिनुभयो। रथमा भएका सारा धन सम्पति हिरामोती जवाहरात सबै दान गर्नुभयो। यसरी दान दिएर रथमा बसी जंगलतर्फ जाँदै नगरबाट बाहिर पुगे पछि महासत्वको मनमा आफ्ना मुमा बुबाहरु बसि राख्नु भएको स्थान एक पटक हेर्ने इच्छा भयो र भूमि घुमेर रथ नगरपत्ति फर्कीयो। बोधिसत्वले आफ्नो आमाबाबुको गुणसम्झेर उनीहरु बसिरहेको राजदरबारलाई हेर्नभयो। यसबेला पनि उहाँको करुणाको प्रभावले

Downloaded from http://dhamma.digital

भूमि कम्प भयो। आफूले हेरिसकेपछि मद्रीदेवीलाई पनि आमाबाबुको प्रासाद् एकपटक देखाउने मनमा लिएर भन्नु भयो–

"प्रिय मद्री ! हेर त हाम्रो शिविराज्यका राजा हाम्रा पूज्य बुवाज्यूको रमणीय राजभवन कतिको शोभा युक्त छ।"

यसपछि महासत्वले आफूलाई छोड्न आएका आफ्ना साथीहरु, मन्त्रीवर्गहरु तथा साठीहजार शैन्य र अरु लावालस्करहरुलाई त्यहीँ बाट बिदा दिएर फर्काएर मद्रीदेवी-लाई 'प्रिय मद्री। तिमीले पछाडि हेर्दैगर। कुनै ब्राह्मणादि याचकहरु आए मलाई भन्नू 'रथ बढाउछु' भनी स्वयं वेस्सन्तरले रथ चलाउनुभयो।

यसरी वेस्सन्तर आफ्नो परिवार सहित रथमा बसेर वनान्तरतिर रथ बढाँउदै जाँदा वेस्सन्तरले सप्तशतिक दान दिएको छ भने कुरा सुनेर दानलिन भनि आएका चारजना ब्राह्मणहरु त्यस दानलाई भेट्टाउन नसक्दा नगरवासीहरुले 'वेस्सन्तर रथमाबसेर बनमा गइसक्यो' भनेको सुनेर अरुथोक केही पाउन नसकेपनि रथमा जोतिएका घोडा भएपनि मागेर ल्याउनुपर्‍यो भन्ने मनमा लिएर ती ब्राह्मणहरु हतर पतर दगुर्दै आए। पछाडि हेर्दै गइरहेकी मद्रीरानीले हतरपतर दगुर्दै आइरहेका ब्राह्मणहरुलाई देखेर आफ्ना स्वामी वेस्सन्तरलाई 'प्राणनाथ ! पछाडि कुनै याचकहरु दगुर्दै आएको जस्तो पूछ' भनी आदरपूर्वक निवेदन गरिन्।

Downloaded from http://dhamma.digital

महासत्वले रथ अड्याउनु भयो। ब्राह्मणहरु अगाडि आइपुगे। किन दगुर्दै आएको भनी वेस्सन्तरले सोध्नुभए पछि तिनीहरुले 'अब के मागौं यी चारवटा घोडा दिनुभए उत्तम हुने थियो भनी प्रार्थना गरे। बोधिसत्वले खुसीसाथ चारैवटा घोडा खोली दानगर्नु भयो।

आश्चर्यको कुरा त यो छ कि चारैवटा घोडा रथबाट निकाल्दा पनि रथको धुर भुईंमा नछोइकन त्यसै अडिरह्यो। ब्राह्मणहरु घोडालिएर गइसकेपछि चारवटा देवपुत्रहरुले रक्तवर्ण मृगको भेष धारण गरेर रथमा जोतिई रथ बढाइ-लगे। वेस्सन्तरले पनि तिनीहरु देवपुत्रहरु हुन् भनी थाहा पाउनु भयो।

यसरी जाँदा जाँदा बाटोको बीचमा फेरि एक ठाँउमा त्यस्तै याचकहरु आएर उहाँको रथ मागे। उहाँले तुरन्त मद्रीदेवी सहित छोराछोरीहरु रथबाट ओह्राली याचकहरु-लाई आदरपूर्वक रथ दान गर्नुभयो। रथदान गर्ने बित्तिक्कै रथमा जोतिई आएका चारैवटा देवपुत्रहरु अन्तर्धान भए। तसर्थ भनेको छ-

'भिक्षुगण ! त्यसबेला वेस्सन्तरसँग रथ दान लिन आए। वेस्सन्तरले रथदान गरे। त्यसबेला वेस्सन्तरको मनमा कतिपनि दुःखको अनुभव भएको थिएन।'

यति भइसकेपछि वेस्सन्तरले मद्रीरानीलाई धैर्य दिंदै

Downloaded from http://dhamma.digital

'भो मद्री ! अब हामीहरु जंगलको प्राकृतिक सौन्दर्य हेर्दै यी दुवै बालक बोकेर हिँडेर जाऔं" भनी मद्रीलाई सानी कृष्णाजिनी बोकाई आफूले जालिकुमारलाई बोकेर दुवै आपसमा प्रेमालाप तथा दुःखसुखको कुरा गर्दै हिँडेर बाटो काट्नुभयो। तसर्थ भनेको छ-

राजाकुमारं आदाय राजपुत्ती च दारिका।
सम्मोदमाना पक्कमुं अञ्ञमञ्ञं पियंवदा ॥

अर्थात्- राजकुमारले राजकुमारलाई बोकेर राजकुमारीले राजकुमारीलाई बोकेर दुवै आपसमा सुखदुःखको कुरा गर्दै प्रसन्नता पूर्वक गए।

卐

## वन काण्ड

यसरी जाँदा जाँदा उहाँहरुले बटुवाहरुसँग वंकपर्वत कत्तिको टाढा छ भनी सोध्नुहुँदा उहाँहरुको इतिहास सुनेर बिरह थाम्न सक्ने कोही भएन। सबैले अहो ! तपाईहरु वंकपर्वतमा कहिले पुग्न सक्नुहोला र निकै टाढा छ भन्थे।

बाटोको दायाँ बायाँ वृक्षमा फलहरु फलिरहेका थिए। जालि र कृष्णाजिनीहरुले फल खान पिरे फलफूल सहित हाँगाहरु हातले भेट्टाउन सकिने गरि नुहिरहेकोले वेस्सन्तरले फलफूल टिपेर बालकहरुलाई पेटभरि खुवाउनुभयो। (फलफुलको हांगा नुहेर आएको देखेर मद्रीदेवीले अत्यन्त आश्चर्य प्रकट गर्दै साधुकार गरे।)

Downloaded from http://dhamma.digital

जेतुत्तर नगरबाट सुवण्णगिरि ताल भन्ने पर्वत पाँच योजन पर्छ। त्यहाँबाट पाँच योजनमा कोन्तिमार भन्ने नदी छ। त्यहांबाट पाँच योजन उता आरञ्जर गिरि भन्ने पहाडछ। त्यहाँबाट पाँच योजन उता दुन्निबद्ध ब्राह्मण गाउँ छ। त्यहाबाट दश योजन उता बेस्सन्तरका मामाहरुको देश छ। यसरी तीस योजनको बाटो काटेर उहाँहरु मामाहरुको देशमा पुग्न जानुभयो। तसर्थ भनेको छ-

संखिपिंसु पथंयक्खा अनुकम्पाय दारके।
निक्खन्त दिवसे नेव चेतरट्ठं मुपागमुन्ति ॥[१]

अर्थात्- जाली र कृष्णाजिनीहरुको निम्ति देवगणहरुले वाटो छोट्याइ दियो। प्रस्थान गरेकै दिन वेस्सन्तरहरु मामाहरुको देश चेतराष्ट्रमा पुग्नगए।

बिहान सवेरै राजदरबारबाट प्रस्थान गर्नु भएका उहाँहरु संन्ध्यामा मामाहरुको देश चेतराष्ट्रमा पुग्नु भयो। त्यसबेला चेतराष्ट्रमा बेस्सन्तरका मामाहरुकहाँ ६० हजार क्षत्रीयहरु थिए।

उहाँहरु नगरमा प्रवेश नगरिकन नगरको छेउमा रहेको एक धर्मशालामा बस्नु भयो। मद्दीदेवीले सर्वप्रथम वेस्सन्तरको पाउको धुलो झारेर पाउ पुछेर गोडा मिच्नुभयो। अनि वेस्सन्तर राजा आइरहेको कुरा थाहा दिने विचारले

१ चरिया पिटक अकित्तिवग्ग ६

Downloaded from http://dhamma.digital

आफ्ना स्वामीले देखिने गरी धर्मशालाको बाहिर महीदेवी बस्नु भयो अनि नगरमा आउने जाने महिलाहरुले महीरानी लाई देखेर 'अहो ! यिनी को हुन्, को रहिछ, नयाँ जस्तो छ' भनी उहाँलाई हेर्न आए।

कुरा चलेपछि उहाँहरु आफ्ना छोराछोरी लिएर अनाथ जस्तै आउनु भएको थाहा पाएर मानिसहरु राजदरबारमा गएर वेस्सन्तरराजाहरु सपरिवार आइरहनु भएको छ भन्ने जाहेर गरे। खबर पाउने बितिक्कै राजाहरु अनेक राज कर्मचारीहरु साथमा लिएर गहभरी आँसु भरेर वेस्सन्तर सँग भेटेर यस्तो भने–

'भो वेस्सन्तर ! तपाईंको सैन्य भारदारहरु खोइ ? तपाईंको रथ र घोडाहरु खोइ ? के तपाईं घोडामा अर्थात् रथमा आउनु भएको होइन ? तपाईंको बुबा मुमाहरु कुशलै हुनुहुन्छ ? तपाईंलाई कुशलै छ ?'

राजाको कुरा सुनेर वेस्सन्तरले भन्नु भयो–

'भो राजन् ! मलाई आनन्दै छ, मेरा पूज्य बुबाज्यूहरु पनि कुशलै हुनुहुन्छ। शिवि देशलाई पनि मंगलै छ। मैले सेतो मंगल सम्मत हात्ती याचकहरुलाई दान दिएं। त्यस-कारण नागरिकहरु मदेखि रिसाएका हुनाले मलाई देश-बाट निस्कासन गरे। मैले तिनीहरुको वचन मानेर वंक पर्वतमा जान्छु भनेर आएका हौं।'

Downloaded from http://dhamma.digital

वेस्सन्तरको कुरा सुनेर राजखलकहरुले यसो भने–

भो 'वेस्सन्तर। तपाईं हामीहरुको पाहुना हुनुभयो। तपाईंले केही पीर मान्नुपर्दैन। हामीले तपाईंको खानपानको बन्दोबस्त गरिदिन्छौं।

वेस्सन्तर–'भो राजन्। तपाईंहरुको अमूल्य प्रार्थनालाइ म स्वीकार गर्छु। बुबाज्यूले मलाई वंक पर्वतमा बस्न जाऊ भनी निर्वासन गर्नुभएको छ। तसर्थ म वंक पर्वत मै बस्न जान्छु। तपाईंहरुले मलाई वंक पर्वतमा बस्ने ठाउँ कृपा पूर्वक देखाइदिनु होस्।'

राजपरिषद्ले भने-'भो वेस्सन्तर! हामी गएर सञ्जय राजा समक्ष तपाईंको निर्दोषभाव जाहेर गरी नफर्कुन्जेल सम्म तपाईं यहिं बस्नुहवस्। तपाईंलाई यहाँ कुनै तकलिफ हुने छैन।'

बोधिसत्वले भने- 'भो राजन्! तपाईंहरुले यो इच्छा नगर्नु होस्। शिवि देशका नागरिकहरु मदेखि अत्यन्त क्रुद्ध भै रहेका छन्। त्यसकारण तपाईंहरुले मेरो बिषयमा केही चर्चा गर्न जाँदा झन क्रुद्ध भएर मेरो कारणबाट मेरा पूज्य बुवाज्यूलाई समेत निस्काशन गरिदिन सक्छ। तसर्थ यो कुरा त्यहाँ नपुऱ्याउनु होस्।'

राज परिषद्ले भने- 'भो वेस्सन्तर! हामीले तपाईंको निर्दोषता देखाउँदा पनि शिवि देशवासीहरुको चित्त बुझेन

Downloaded from http://dhamma.digital

भने तपाई यहिं बसेर राज्य गर्नु होस् । यो चेतराष्ट्र पनि अति समृद्ध छ । जंगलमा जाने विचार नलिनु होस्, राज्य चलाउने मन गर्नुहोस् ।'

वेस्सन्तरले भने- 'भो राजन् । मलाई राज्य चलाउने मन छैन । तपाईहरुले दिनुभएको सबै मैले स्वीकार गरें । राज्य-बाट निर्वासित भैसकें । फेरि यहाँ राज्य गर्दा परस्पर शत्रुता वृद्धि हुन सक्छ । अनि मेरो कारणबाट दुईराज्य बीच झगडा भएर प्राण हत्या हुनेछ । यो मलाई मन पर्दैन । बरु मलाई जंगलमा बस्न एउटा ठाउँ बन्दोवस्त गरिदिनु होस् ।'

यसरी महासत्वले राज्य गर्न अस्वीकार गरेपछि चेत नगरवासी सहित सकल राजपरिषद्हरुले महासत्वको महान् सत्कार गरे । वेस्सन्तरले भने नगरमा प्रवेश गर्ने इच्छा गर्नु भएन । तसर्थ तिनीहरुले त्यहिं एक धर्मशालालाई अलंकृत गरी अंगरक्षकहरु राखेर बोधिसत्वलाई भव्यरुपले भोजन गराए । वेस्सन्तरले नागरिकहरुको स्वागतलाई स्वीकारगरी एक अहोरात्र त्यहाँ बसेर भोलिपल्ट बिहान सवेरै अनेक प्रकारको खाद्य भोज्यवस्तु खानपिन गरी ती राजपरिषद् धर्मशालाबाट बाहिर निस्कनुभयो । साठीहजार क्षत्रीय परिवार पन्ध्रयोजनमार्ग सम्म बोधिसत्व सँगै गएर जंगलमा पुगेपछि त्यहाँ देखि उता पन्ध्र योजनको बाटोको कुरा बताउँदै गहभरि आँसुराखी तिनीहरुले यसो भने-

Downloaded from http://dhamma.digital

'भो वेस्सन्तर ! अब तपाईं यहांबाट दक्षिणतिर जानु होस् ! त्यहाँ गन्धमादान भन्ने शिला पर्वतमा पुग्नु हुन्छ । त्यहाँबाट उत्तर लागी विपुल भन्ने पर्वत भेट्टाउनु हुनेछ । त्यहाँबाट पनि पर जाँदा अनेक प्रकारका माछाहरु भएको केतुमती नाम गरेको एउटा नदी भेट्टाउनु हुनेछ । त्यहाँ केहि छिन विश्राम गर्नुभई स्नानगरी त्यहाँबाट उता जानुभएपछि गुलियो फल फलेको एउटा बहरको बृक्ष भेट्टाउनुहुनेछ । त्यहाँ-बाट पनि पर जानु भो भने नालिक भन्ने पर्वत पुगिन्छ । त्यहाँबाट पनि उत्तर र पूर्वको कोणतिर जानुभयो भने मुचलिन्द नामक सरोवरमा पुगिन्छ । त्यहाँबाट अगाडि जानुभयो भने अत्यन्त राम्रो निर्मल पानीले भरिएको मनपर्दो पुष्करणी एउटा भेट्टाउनु हुनेछ । त्यसको पनि उत्तर पूर्वकोण तर्फ जानुभई पर्णशाला बनाई आफूले इच्छा गरे अनुसारको तप गर्नुहोस् ।"

यसरी पन्ध्रयोजनको बाटो बताई चेतराष्ट्रका राज-परिषद्हरु त्यहाँबाट फर्के । जानभन्दा अगाडि तिनीहरुले वेस्सन्तरको रक्षाको निम्ति जंगलको बाहिर एउटा अति चतुर चेतपुत्रलाई पहरा राखी त्यसलाई 'यहाँ जंगलमा आउने मानिसहरुलाई राम्रो सँग परीक्षा गरीहेर्नु' भनी त्यहाँबाट सबै फर्के ।

卐

Downloaded from http://dhamma.digital

## बोधिसत्वको तपस्वी भेष

बोधिसत्व पनि तिनीहरुले बताएको बाटोबाट जाँदै गन्धमादान पर्वतमा पुगेर त्यो दिन त्यहिं बिताई भोलिपल्ट त्यहाँबाट उत्तरतर्फ लागेर विपुल पर्वत कटाई क्रमशः केतुम नदीको किनारमा पुग्नुभयो। जंगलमा हिँड्ने मानिसहरुले दिएको मासु मह आदि सेवन गरेर तिनीहरुलाई सुनको सिक्रो दिएर त्यहाँबाट क्रमशः पहाडको चूचुरोमा रहेको बहरको बृक्षनिर पुग्नुभयो। त्यहाँ केहीबेर बस्नुभई आराम गरेर बहरको फल खाएर त्यहाँबाट पनि प्रस्थान गरे पछि नालिक भन्ने पर्वतमा पुग्नुभयो। त्यहाँ खोज तलास गरि हेर्दा मुचलिन्द सरोवर देख्नुभई त्यहाँबाट उत्तर पूर्वको कोणतर्फ हेरी जाँदा एउटा सांगुरो बाटोदेखी त्यस बाटो-बाट जाँदा क्रमशः चारकोण भएको मनपर्दो राम्रो पुस्करणी-मा पुग्नुभयो।

त्यसबेला शक्रदेवले बोधिसत्व वंक पर्वतमा आइपुगे-को देखेर विश्वकर्मा देवपुत्रलाई डाकेर 'हे विश्वकर्मा देवपुत्र! तिमी गएर वंक पर्वतमा बेस्सन्तर बोधिसत्वको लागि एउटा आश्रम निर्माण गरी सम्पूर्ण अमनुष्य पशुपंक्षी-हरुको भय इत्यादिबाट रक्षा गरी आउनु' भनी खटाउनु भयो। विश्वकर्मा देवपुत्र त्यहाँ गएर दुईवटा पर्णशाला र बेलुका बस्ने र दिउँसो बस्ने ठाउँ बनाई त्यसभित्र ऋषि

Downloaded from http://dhamma.digital

भेषलाई चाहिने सबै सामग्री राखी पर्णशालाका ठाउँठाउँमा 'यो आश्रममा भएको वस्त्रादि जसलाई आवश्यक छ उसले ग्रहण गरी आफ्नो धर्मपालन गर्नसकोस्' भनी लेखेर अमनुष्य तथा पशुपंक्षीहरुको भयरहित गराई आफ्नो ठाउँमा फर्के।

महासत्वले एकजना मात्र जान सकिने सांगुरोबाटो देखेर 'अवश्य यो बाटो आश्रमतर्फ जाने बाटो हुनसक्छ' भनी सोचेर मद्री, जालि तथा कृष्णाजिनीहरुलाई आश्रममा पस्ने ढोकातिर राखि आफूमात्र पहिले आश्रममा पुग्नुभयो। आश्रममा पुगेपछि कुटीमा पस्नुभयो। त्यहाँ कुटीमा ठाउँ ठाउँमा अक्षर लेखिराखेको देखेर शक्रदेवले मलाई दिनु भयो होला भन्ने बुझेर आफूसँग रहेको खड्ग धनुषबाण सबै एकातिर राखी आफ्नो शरीरको वस्त्र छाडी तपस्वीभेष धारण गर्नुभयो।

यसरी तपस्वी भेष धारणगरिसकेपछि लट्ठीटेकी पर्ण शालाबाट बाहिर निस्केर चंक्रमणशालामा उक्लेर केहीबेर चंक्रमण गरी प्रत्येक बुद्ध जस्तै संयमी भएर मद्री र जालि-हरु भएको ठाउँमा जानुभयो।

मद्रीदेवीले आफ्नो स्वामीलाई तपस्वीभेषमा देखेर विरहले आँसूका धारा बगाएर वेस्सन्तरसँगै आश्रममा गएर आफ्नो निम्ति बनाइराखेको पर्णशालामा पसेर त्यहाँको तपस्वीनीवस्त्र पहिरी तपस्वीनीको भेष धारण गरिन्। पछि

Downloaded from http://dhamma.digital

छोराछोरीलाई पनि तपस्वीको बस्त्र लगाइ दिए। यसरी चार क्षत्रीय परिवारहरु वंक पर्वतको बीच बस्नुभयो।

यसरी तपस्वी र तपस्वीनी भएपछि महीदेवीले वेस्सन्तरसँग प्रार्थना गरे-

'भो नाथ! तपाईं फलफूलको निम्ति जंगलमा नजानुहोस। बालकहरुको हेरबिचार गरी यहिं बस्नुहोस्। म प्रतिदिन जंगलमा गएर फलफूल खोजेर ल्याउनेछु।'

त्यसदिनदेखि महीदेवीले जंगलबाट ल्याएका फलफूलहरु भोजन गरेर चार क्षत्रियहरु सुखदुःख अनुभव गर्दै जंगलमा बस्नुभयो।

वेस्सन्तरले पनि महीदेवीलाई यसो भन्नु भयो-

"प्रिये महो! अब हामी प्रव्रजित भइसक्यौं। स्त्री ब्रह्मचर्यमा मल हो, तसर्थ अबदेखि तिमी कुबेलामा म कहाँ नआउनू।"

महीदेवीले हुन्छ हवस् भनी स्वीकार गरिन्।

यसरी परस्पर वाचा वन्धन गरी उहाँहरु जंगलमा बस्नु भयो। महासत्वको मैत्री ध्यानले तीन योजनसम्मका प्राणीहरुको चित्तमा मैत्री भाव उत्पन्नभयो। परस्पर सबै आपसमा मिलेर बसे। कसैले कसैलाई हिंसादि गर्ने भावना आएन। सबै सुखी र मुदित भएर सुप्रसन्न भई बस्नथाले।

卐

Downloaded from http://dhamma.digital

## महीदेवीको नित्यचर्या

महीदेवीको नित्यकर्म भने यस्तो बन्यो-

बिहान सबेरै उठेर पिउने पानी र हातगोडा धुने पानी ठाउँठाउँमा राखेर आफ्ना स्वामी वेस्सन्तरलाई स्नानगर्ने पानी र दतिवनराखी आश्रम सबै सफा सँग बढार्ने। मनपर्ने किसिमसँग बढारि सकेपछि छोरा छोरी दुबैलाइ बुबाकहाँ राख्न लाने। अनि एउटा झोला र गल अंकुश लिएर बनमा जाने। बनमा गएर झोला भरि फलफूलराखी सन्ध्यासमयमा आश्रममा फर्कनु। आश्रममा पुगेपछि पर्णशालामा फलफूल राखी स्नान गरिसकेपछि छोराछोरी-लाई नुहाइदिने। अनि चारै क्षत्रीयहरु एकैठाउँमा भेला भएर फलफूल खाइसकेपछि महीदेवी आफ्ना छोराछोरी लिएर आफ्नो पर्णशालामा जाने।"

यस्तो किसिमको महीदेबीको दिन चर्या भयो। यसरी जीविका चलाउँदै उहाँहरुले त्यस वंक पर्वतमा सात महीना विताउनुभयो।

## जूजक काण्ड

त्यसबेला कलिङ्ग देशमा दुन्निवट्ट गाउंबस्ने जूजक ब्राह्मणले यताउत्ती पैसामाग्दै प्राप्त भएको एकसय रुपैया अर्को एउटा ब्राह्मण कहाँ नासो राखेर फेरि माग्दै हिँडे।



Downloaded from http://dhamma.digital

जूजक ब्राह्मण धेरै महीनासम्म पनि नआउँदा रुपैया नासो लिने ब्राह्मणले जूजक ब्राह्मणको एकसय रुपैया ध्वासि दियो। पछि जूजक आएर रुपैया माग्दा ब्राह्मणले तिर्न नसकेर आफ्नी छोरी अमित्रतापन नामकी ब्राह्मणी तिनलाई दिइ पठाए। जूजक खुसी हुँदै ब्राह्मणी साथमा लिएर आफ्नो गाउँमा बस्न गए। अमित्रतापन ब्राह्मणीले पनि जूजक ब्राह्मणको सेवा सुश्रूषा राम्रैसंग गरिन्। अरु अरु युवक ब्राह्मणहरुले अमित्रतापन ब्राह्मणीको भाव भक्ति र सेवा सुश्रुषा देखेर आफ्नी स्त्रीहरुलाई 'देख्यौ फलानो बूढो जूजकको जहान! त्यस्ती तरुणी भएर पनि त्यस्तो बूढो जूजक ब्राह्मणलाई कसरी सेवा सुश्रूषा गर्छे! तिमीहरुमात्र यसरी अलसी भएर किन बसेकी ?" भनी गाली गर्ने भए। आफ्नो लोग्नेको गाली खप्नु परेकोले ती आइमाईहरुले 'अमित्रतापन ब्राह्मणीलाई गाउँबाट नभगाई कहाँ छाड्ुंला' भन्ने नियतगरी एकदिन अमित्रतापन ब्राह्मणी नदीमा पानी भर्न आउँदा तिनीहरु सबै मिलेर उनलाई खूब गिज्याइन् र नाना प्रकारले उपहास गर्दै यसो भने–

"हे नानी! तिम्रा आमाबाबु कस्ता रहेछन्? हेर! यस्तो काम नलाग्ने बूढोलाई यस्ती तरुणी केटी दिइपठाएको! तिमी तिम्रा आमाबाबुलाई मन पर्दैन कि कसो? तिमी-लाई सुखी तुल्याउन त होइन होला यहाँ पठाएको। तिम्रा

Downloaded from http://dhamma.digital

आफन्तहरुले तिमीलाई साच्है नै अन्याय गरे। त्यस्तो बूढोसँग पनि बिहे गरिपठाउने हो ? सांच्चै नै तिम्रा आफन्तहरुले तिमीलाई बिगार्न नै यस्तो गरेको हुनुपर्छ। के तिम्रा आमा बाबुलाई तिमी अस्ती राम्री छोरी दिन संसारमा अरु कोही मानिस पाएन होला ? अवश्य तिमीले पहिलो जन्ममा श्रमण ब्राम्हणहरुलाई सरापेर आएको होला त्यसैले अहिले तिमीलाई यस्तो भोग्ने परेको हो। त्यस्तोसँग बसेर तिमीले के सुख पाउली के आनन्द होला र ? जोडी मिल्ने लोग्ने जुडेको भए कस्तो सुख पाइसकेकी होली। हरे ! धिकारै हो तिम्रो कर्म ! यस्तो बूढोसँग बस्नु भन्दा त तिमी माइती जानु नै असल छ।"

अनि अमित्रतापन ब्राम्हणी दुःख मानेर सुंक सुंक रूँदै घर फर्किन्। जूजक ब्राम्हणले किन रोएकी भनेर सोद्धा ब्राम्हणीले भनीन्–

'भो ब्राम्हण ! अबदेखि म भएभरको आइमाईहरुले तिमीजस्तो बूढोसँग बस्ने भनी अनेक प्रकारले गिल्ला गराई तिम्रोलागि नदीमा गएर पानी भर्न जान्न।'

जूजक– 'त्यसो भए तिमीले पानी भर्नु पर्दैन। तिमीले यसमा केही पीर नमान। म नै पानी भर्न जान्छु।'

ब्राम्हणी– 'म आफ्नो मालिकलाई काम गराई बस्ने कुलमा जन्मेकी नारी होइन। त्यसकारण मलाई एउटा

Downloaded from http://dhamma.digital

दासी ल्याइदेऊ । होइन भने म यो घरमा बस्दिन ।'

जूजक- 'भो प्रिय ! म गरीब छु । मसँग धन धान्य प्रसस्त छैन । न त मसँग कुनै ठूलो काम नै छ । त्यसकारण मैले कहाँबाट कसरी दासदासी ल्याउने ? तिमीलाई मैले चाहिँदो सेवाटहल गरी चाकरी गर्छु । तिमी नरिसाऊ ।'

ब्राम्हणी- 'त्यसो भए तिमी वेस्सन्तर राजा कहाँ गएर उनका छोराछोरी मागेर ल्याइ देउ । उहाँ खूब दानी हुनुहुन्छ । उहाँले अवश्य दिइपठाउनु हुनेछ ।'

जूजक- 'भो ब्राम्हणी ! म निर्बल बूढो भैसकें । त्यतिको टाढाको बाटो जान सक्दीन । तिमीलाई म चाहिँदो सेवा सुश्रूषा गर्नेछु । तिमी किन रिसाउँछ्यौ । नरिसाऊ ।'

ब्राम्हणी- 'भो ब्राम्हण ! तिमी त लडाईंमा नगैकन नै पराजित भए जस्तै जाँदै नगैकन त्यसै जान सकिँदैन भनी कायल भयौ । यदि तिमीले दासदासी ल्याइदिएनौ भने म यस घरमा एकदिन पनि बस्दीन । मैले तिमीलाई सुख दिन पनी सक्दीन । फेरि म अरु मानिसहरु सँग हिँडेको देख्दा तिम्रो मनमा अपशोच र ताप होला । मलाई त तिम्रो मुख हेर्नु भन्दा नहेर्नुनै असल लाग्छ ।'

ब्राम्हणीको कुरा सुनेर जूजकले आत्तिएर भन्यो-

'त्यसो भए भो ब्राम्हणी । तिमीले मलाई बाटोमा खाना खर्च अलि ठीक पारिदेऊ म गएर वेस्सन्तरका बालक-

Downloaded from http://dhamma.digital

हरु मागेर ल्याउँछु ।'

जूजकको कुरा सुनेर ब्राम्हणीले छिटोछिटो गरी बाटोमा खानलाई मकैको पिठोको रोटी, सत्तु आदि तयार गरिदिइन्। ब्राम्हणले जंगलमा गएर दाउरा खोजेर ल्याई पानी ल्याएर थोत्रो भएर भत्किरहेको घर मरम्मतगरी 'अवदेखि म नफर्कुञ्जेल कुबखतमा बाहिर नजानु' भनी स्वास्नीलाई भनेर ऋषिको भेष लिएर खानेकुरा राखेको झोली काँधमा बोकेर गह्भरि आँसूराख्दै स्वास्नीलाई तीन फेरी घुमेर निस्क्यो ।

जेतूत्तर नगरमा गएर त्यहाँ जम्मा भैरहेका मानिसहरुसँग 'वेस्सन्तर राजा कहाँ हुनुहुन्छ ?' भनी सोधे । तिनीहरुले 'तिमीहरु जस्ता चण्डालहरुले गर्दा वेस्सन्तर राजा दान दिँदै अहिले वंक पर्वतमा वास बस्न गैसक्यो। अझ पनि वहाँलाई खोइ भनेर माग्न आउँदैछौ।' भनी जूजकलाई सबैले लखेटी पठाए । जूजक डराई भागे । संयोगवस जूजक भाग्दा भाग्दै वंक पर्वत, जाने बाटोमा पर्न गयो।

यसरी जूजक बाटो नछोडिकन जाँदा एक ठाउँमा घोर जंगलभित्र पऱ्यो। बनमा रहेका कुकुरहरुले त्यसलाई लखेट्दै घुमाए। त्यो डराएर रुखमा चढयो। रुखमा बसेर डराएको स्वरमा भने 'याचकहरुको मन सन्तुष्ट हुने गरी दान दिने बेस्सन्तर कहाँ हुनुहुन्छ ? मेरो भय तारिदिने वेस्सन्तर कहाँ हुनुहुन्छ ?'

Downloaded from http://dhamma.digital

जूजक रुखमा बसेर डराउँदै कराइरहेको शब्द सुनेर जंगलमा पालो बसिरहेको चेतपुत्रले 'को रहेछ' भनी हेर्न आए ! त्यसले रुखमाथि जूजकलाई देखेर 'अवश्यनै यसले वेस्सन्तरसँग दानलिन आएको होला। यसलाई यहिं समाप्त गर्नु पर्‍यो' भन्ने मनमा लिएर ब्राम्हणलाई 'अब तिम्रो प्राण बच्नेछैन' भन्दै त्यस तर्फ बाण सोभयाए ।

जूजकले मरण भयले व्याकुल भै भने–

'भो चेतपुत्र ! मेरो कुरा त सुन । त्यसै मलाई नमार । वेस्सन्तरका आमाबाबुहरु दुःखिभैरहेका छन । फुसतीदेवी रुँदाहुँदा आँखाले नदेख्ने भैसकनुभएको छ । म राजदूत हुं। वेस्सन्तरलाई लिनजान भनी आएको छु। तसर्थ मलाई नमार।'

अनि चेतपुत्रले शिकारिकुकुरहरु सबै बाँधेर ब्राम्हणलाई रुखवाट ओह्राली खुबमान मिजास गरेर 'अहो ! तिमी त हाम्रा मनपर्ने, वेस्सन्तरलाई मनपर्ने दूत रहेछौ। तिमीले केही धन्दा नमान' भनी त्यसलाई राम्रोसँग खानपान गराए।

जूजकलाई खानपिन दिइसकेपछि चेतपुत्रले त्यसलाई वेस्सन्तर बसेको आश्रम देखाउँदै दाहिने हात पसारेर यसो भन्यो–'हे जूजक ! त्यो गन्धमादान पर्वत देख्यौ। त्यहाँ अत्यन्त रमणीय राम्रो आश्रममा वेस्सन्तर राजा

Downloaded from http://dhamma.digital

ब्राह्मण भेष लिएर छोराछोरीहरुसँगै प्रसन्न भएर आगो बालेर बस्नुभएको छ ।'

चेतपुत्रले आश्रमपथ देखाई बाटोको वृतान्त बताएपछि अति खुसी भएर जूजकले भने-

'भो चेतपुत्र, तिमीलाई मेरोतर्फबाट धन्यवाद छ । मसँग मह मिसाएको सत्तु छ। कृपापूर्वक यो सत्तु अलिकति स्वीकार गर ।'

जूजकको कुरा सुनेर चेतपुत्रले भनेः-

'हे जूजक ! मलाई तिम्रो सत्तु चाहिएको छैन। बरु मसँग भएको खानेकुरा अलिकति तिमी लिएर जाऊ । यहाँ-बाट सीधा गयौ भने सांगुरो सोझो एउटा गोरेटो आउँछ । त्यही बाटोबाट सरासर गयौ भने एक ठाउँमा अच्युत नामको ऋषि भेट्नेछौ । त्यहाँबाट उता जाने बाटो उहाँ-संगै सोध्यौ भने तिमीलाई राम्रोसँग बताउनुहुनेछ ।'

अनि चेतपुत्रलाई नमस्कार गरेर जूजक अच्युत भएको ठाउँमा गयो ।

## जूजक काण्ड-४

### ५-छ क्षत्रिय काण्ड

अच्युत ऋषिकहाँ पुगेपछि जूजक ब्राह्मणले उहाँसँग कुशल वार्ता गरेपछि अच्युत ऋषिले 'जंगलको प्राकृतिक

Downloaded from http://dhamma.digital

दृश्य हेर्दा मलाई आनन्दै छ। मलाई जंगलको बरु फलफूल खानलाई प्राप्त छ। मलाई केही तकलिफ छैन। कुशलैछु' भन्यो।

अनि जूजकले भन्यो-
भो ऋषि! यदि तपाईले सञ्जय राजाका पुत्ररत्न वेस्सन्तर राजा बस्नुभएको आश्रममा जाने बाटो देखाउनुभए बडो उपकार हुनेथियो।' तपस्वीले भने-'भो ब्राह्मण! वनवासी भैरहेका वेस्सन्तर सँग धन द्रव्यकेही छैन। तिमी किन उनकहाँ जान्छौ? शायद तिमी उनका छोराछोरी माग्न आएका होलाऊ, अथवा उनकी पतिव्रता पत्नी मद्रीदेवी माग्न आएका होलाऊ, होइन त?

'होइन, भो तपस्वी! म त्यसरी केही माग्न भनी आएको होइन। केवल उहाँजस्ता सत्पुरुषहरुको दर्शन गर्न मंगल छ भनी उहाँको दर्शन गर्न आएको हुं। उहाँ मेरो शिष्य हुनुहुन्छ। उहाँलाई शिविराजाले निस्काशन गरेदेखि मैले उहाँको मुख देख्न पाएको छैन। त्यसकारण उहाँसँग एकपटक भेट्न भनी आएको हुं। अरु केही माग्न भनी आएको होइन। तपाइंले यसमा केही शंका नलिइकन बाटो देखाइदिनुभयो भने म बूढोको ठूलो उपकार हुनेछ।'

अनि तपस्वीले जूजकलाई 'त्यसो भए आज एकरात यहिं बसेर थकाइ मरेपछि फलफूलखाई भोलि सबेरै उठेर जाऊ' भने। जूजक रातभरी त्यहिंबसे। भोलिपल्ट उज्यालो

Downloaded from http://dhamma.digital

भएपछि तपस्वीले जूजकलाई वंकपर्वत जाने बाटो देखाइदियो। जूजक खुसी भएर सरासर गएर वेस्सन्तर बसिरहेको महावनमा गयो।

जूजकले वेस्सन्तरको आश्रम नजीकै भएको पुष्करणी देखेर विचार गरे-"आज निक्कै अबेला भइसक्यो। मद्रीदेवी पनि जंगलबाट फर्किसकेकी होलीन्, आइमाई जातले दान दिनुमा विघ्न पार्न पनि सक्छ। भोलि बिहान मद्रीदेवी जंगलमा गएपछि वेस्सन्तरसँग तिनका छोराछोरी मागेर मद्रीदेवी जंगलबाट फर्कनुभन्दा अगावै फर्कन्छु।" यति विचार गरेर जूजकब्राह्मण त्यस पाहाडको अनुकूल ठाउँमा बसेर रात काटे।

## मद्रीदेवीको स्वप्न

त्यसरात मद्रीदेवीले यसरी सपना देखिन्-

एउटा कालो मानिसले गेरुवा वस्त्र पहिरेर दुवै कानमा रातो फूलको माला भिरेर हातमा खुकुरी लिएर भयंकर रूपले कराउँदै आएर पर्णशाला भित्रपसी मद्रीदेवीको चुल्ठो समातेर तान्दै भूमिमा पछार्‍यो। र मद्रीदेवीको दुवै आँखा निकालेर दुवै हात काटिदियो, छाती फुटालेर रगतको भल बगाउँदै मुटु चुँडेर लग्यो।'

ब्युँझेपछि मद्रीदेवी अत्यन्त डराइन्। अहो! कस्तो भयंकर सपना देखीछु। 'वेस्सन्तर जस्तो सपनाको फल जान्ने अरु कोही छैन' भन्ने मनमा लिएर वहिलैहै

Downloaded from http://dhamma.digital

पर्णशालाबाट बाहिर निस्केर वेस्सन्तर कहाँ गएर पर्णशालाको ढोका घच्घच्याइन् ।

महासत्वले 'बाहिर को हूँ ?' भनी सोध्नुभयो । मद्री-देवीले 'भो देव ! तपाईंकी मद्री हुँ' भनिन् ।

"भद्रे ! हाम्रो बाचा भंगगरी किन तिमी यसरी कुबेलामा आयौ ?"

'भो देव ! म क्लेशको बसमा परेर आएकी होइन । मैले अशुभ सपना देखें । तसर्थ त्यसको अर्थ सोध्न भनी आएकी हुँ ।'

"त्यसो भए स्वप्न बताऊ'-

मद्रीदेवीले सपनामा देखेको कुरा बताइन् । वेस्सन्तरले स्वप्नको कुरा जानेर 'भोलि मेरो दानपारमि पूर्ण हुनेछ । भोलि म कहाँ कुनै याचक आएर, मेरा छोराछोरी दानको रूपमा मागेछन् । मद्रीलाई सान्त्वना दिएर पठाउनु पर्यो' भनी 'भो मद्री ! तिमी सुतेको अवस्थामा पर्नेको होला अथवा भोजनको कुफलले यस्तो भयो होला, अथवा शरीरमा वायु प्रकोप भएकोले यस्तो सपना देखेको होला । डराउनु पर्ने कुनै कारण छैन" भनी मद्रीदेवीलाई सान्त्वना दिएर पठाउनुभयो ।

बिहान उज्यालो भएपछि मद्रीदेवी आफ्नो काम पुरा-गरिसकेपछि छोराछोरीलाई 'प्रिय बालक हो ! आज मैले

Downloaded from http://dhamma.digital

असाध्य नराम्रो सपना देखेकी हु। त्यसकारण आज तिमी-हरु अलि सतर्क भएर हिँड। यताउती टाढा नजानु' भनी बालकहरूलाई वेस्सन्तर कहाँ लगी 'भो देव! आज मैले नराम्रो सपना देखेकी छु। त्यसकारण करुणापूर्वक यी बालकहरुलाई बिशेषरुपले हेरबिचार गर्नु होला। म बनमा जाँदैछु।' भनी बालकहरु जिम्मा लगाई आफू टोकरी, अंकुश आदि फलफूल टिप्न चाहिने सामान लिएर 'आज के हुने होला!' भन्दै गहभरी आँसू भर्दै जंगलमा फलफूल खोज्न गइन्।

## वेस्सन्तरको छोराछोरी दान

जूजक पनि अब त मद्दीदेवी जंगलमा गइसकेकी होलीन् भनी पर्वतबाट ओर्ल्हीं क्रमशः आश्रमको बाटो लाग्दै आश्रमतिर लागे। महासत्व पर्णशालाबाट बाहिर निस्केर स्वच्छ चेप्टो शिलामाधि स्वर्ण मूर्ति झैं पलेंटिमारेर मानो कुनै रक्सिवाजलाई रक्सीको प्यास लागेझैं 'कहिले दान लिन व्यक्ति आउला' भनी बाटोतिर मात्र हेरिरहे। बालकहरु पनि आफ्ना पिता कहाँ खेलिरहे! जूजकलाई बिस्तारै आश्रमतिर आइरहेको देखेर "आहा! सात महीना देखि बन्द भैरहेको मेरो दानदिने द्वार खोल्न आज तिमी आयौ। आऊ ब्राह्मण!" भनी मनमा लिएर बेस्सन्तरले अगाडि खेलिरहेका जालिकुमारलाई डाकेर भन्नु भयो- 'हे जालि।

Downloaded from http://dhamma.digital

खेल्न पुग्यो। हेर त हामी कहाँ आज हाम्रो राजदरबारमा जस्तै कुनै ब्राह्मण आइरहेछ। त्यसलाई देख्ने बितिक्कै मेरो मनमा मानो गर्मीले छटपटाई रहेकोलाई शिरमा चिसो पानी खन्याइदिएमैं मेरो मन बडा शीतल भयो।'

पिताको कुरा सुनेर जालिकुमारले भन्यो–

'भो बुवा ! मैले पनि एउटा बूढो मानिस देख्दैछु। त्यो त एउटा याचक ब्राह्मण जस्तो छ। अवश्य नै त्यसलाई केही आवश्यक भयो होला। उहाँ हाम्रा अतिथि हुन्।'

यति भनेर जालिकुमार खेलिरहेको ठाउँबाट उठेर ब्राह्मणलाई आदरपूर्वक त्यसको अगाडि गएर त्यसको हातमा रहेको झोला आदि मागे। जूजकले यो वेस्सन्तरको छोरो जालिकुमार होला। सुरुदेखिनै यिनलाई तर्साइ राख्नु पर्छ भनी– 'चाहिँदैन जाऊ !' भनी झपारेर पठाए। ब्राह्मण-को कर्कश स्वर सुनेर जालिकुमार अलि पछि हटेर 'किनहोला यो ब्राह्मणको स्वर यतिको कडा भएको ? यो सँग के के लक्षण रहेछ' भनी जूजकको शरीरमा हेर्दा अठारवटा पुरुष दोष देखे। बोधिसत्वको अगाडि गएर कुशल बार्तागर्दै जूजकले भन्यो–

"तपाईंहरु सञ्चै हुनुहुन्छ ? के तपाईंहरुको शरीर निरोगी छ ? तपाईंहरुलाई जंगलको फलफूल सुलभ छ ? जंगली प्राणीहरुको तर्फबाट कुनै केही भय त छैन !"

Downloaded from http://dhamma.digital

बोधिसत्वले ब्राह्मणलाई 'सबै कुशलै छ' भनी उत्तर दिनुभयो।

यति भनेर बोधिसत्वले 'यो ब्राह्मण यतिको टाढा जंगलमा आएको कुनै कारण होला। यो आएको कारणनै पहिले सोध्नुपर्‍यो भन्ने मनमा लिएर सोध्नु भयो–

"भो ब्राह्मण ! तपाई यस्तो कष्ट खपेर यस्तो घनघोर जंगलमा के कारणले आउनुभएको ?"

जूजकले भन्यो–'भो वेस्सन्तर ! जस्तो नदीको पानी तिर्खा लागेकाहरुले पिउँदैमा कहिल्यै सुक्दैन, त्यस्तै नै तपाई श्रद्धालु दानपति हुनुभएकोले तपाईसँग केही माग्न भनी आएको हुं।"

वेस्सन्तर–'भो ब्राह्मण ! यहाँ जंगलमा मसँग हीरा-मोती रुपैञा पैसा त केही छैन ! तैपनि मसँग भएको पदार्थ भयो भने मैले अवश्य खुसीसाथ दिनेछु। तपाईलाई के चाहियो भन्नु होस्।

जूजक–'भो दानी वेस्सन्तर ! मलाई रुपैञा पैसा केही चाहिएको छैन। म साह्रै नै वृद्ध भएँ। तसर्थ मेरो टहलको लागि काम गराउन मलाई तपाईका छोराछोरी दुईजना माग्दछु। दिनुभयो भने अति ठूलो उपकार हुनेछ तथा तपाई-लाई पनि महान् पुण्य लाभ हुनेछ। यतिकै कारणले म यहाँसम्म दुःख कष्ट भोगेर आएको हुं। मलाई आशा छकि तपाईले मेरो आशा पूर्ण गरी छिट्टै बालकहरु दान दिनु-

Downloaded from http://dhamma.digital

हुनेछ ।"

ब्राह्मणको कुरा सुनेर महासत्वको मनमा अत्यन्त आनन्द भयो। हात थाप्नेलाई हजार मुद्राराखि दिए जस्तै अति प्रसन्न भएर बोधिसत्वले भन्नुभयो- 'भो ब्राह्मण ! तपाई मेरा यी बालकहरुको मालिक हुनुभयो । मैले तपाईलाई मेरा बालकहरु दिने भएं' किन्तु एउटा कुरो तपाईलाई भन्छु। बालकहरुका आमा मद्रीदेवी फलफूल टिप्न बिहान सबेरै जंगलमा गइ रहेकीछिन् । भरे मात्र यहाँ फर्कीन्छिन्। तसर्थ तपाई आज एकरात यहिं बसेर मद्रीदेवीले ल्याउने मीठो फलफूल खाएर स्नानगरी थकाइ मेटेर फूलको माला पहिरी आराम गरी भोलि बिहान सबेरै बालकहरु लिएर जानुभए वेश हुनेछ ।'

'भो वेस्सन्तर ! मेरो इच्छात आजै यहाँबाट तुरुन्तै फर्केर जानेछ । किनभने म यहाँ बसेभने तपाईको पुण्यकार्य मा बाधा र मेरो लाभमा पनि हानी हुने सम्भव छ । आइ- माई जात याचकहरुलाई सन्तुष्ट हुनेगरी दानदिने खालका हुदैनन् । तिनीहरु बडा छली र जाली हुन्छन् । तिनीहरु माया प्रयोग गर्न जानेकी हुन्छन् । फेरि तिनीहरु बडो कपटी हुन्छन् । तसर्थ तिनले गर्दा तपाईको दानमा बिघ्न हुनेछ । तपाईले श्रद्धा पूर्वक बालकहरु दानगर्नु होस । बालकहरु- लाई आमाको मुख हेर्न पर्ने कुनै आवश्यकता छैन। अवश्यपनि मद्रीदेवीले देखिन् भने तपाईको यत्रो ठूलो पुण्यकार्यमा

Downloaded from http://dhamma.digital

विघ्न गर्नेछिन्। विलम्ब नगर्नु होस्। आफ्नो श्रद्धालाई बिलीन हुन नदिनुहोस्। बोलाउनुहोस् तपाईंका छोराछोरी-हरु। परिशुद्ध श्रद्धा राखेर दिनुभएको दानबाट तपाईं अवश्य नै स्वर्गलोकमा जानुहुनेछ।'

'त्यसोभए भो ब्राह्मण! यदि तपाईं मद्रीरानीलाई नपर्खने भए यी बालकहरु लिएर संजयराजा कहाँ जानुस्। यी बालकहरु देखेर राजा खुसी भएर तपाईंलाई प्रसस्त धन सम्पति दिनुहुनेछ।'

जूजक-'भो वेस्सन्तर! म यी बालकहरु लिएर राजा-कहाँ जान्न। बालकहरु चोरेर ल्यायो भनी झन मलाई दण्ड दिनेछ वा मेरो हत्या हुन पनि सक्छ। फेरि बालकहरु सरकारले खोसेर लियो भने घरमा बसेको मेरी स्त्री अमित्र-तापनले मलाई गाली गर्ने छन्।'

वेस्सन्तर-'भो ब्राह्मण! तपाईंलाई मेरा बुबाज्यूले केही गर्नु हुनेछैन। वहाँ पनि धर्मात्मा हुनुहुन्छ। यी बालकहरुको नरम बोलि सुनेर, यी बालकहरुको कोमल तथा मायालु मुख देखेर अवश्य नै तपाईंलाई धन्यवाद दिएर प्रसस्त धन दिनुहुनेछ।'

जूजक-'भो वेस्सन्तर! म त तपाईंले भन्नु भएको काम एउटा पनि गर्न सक्दीन। मलाई राजाबाट पाउने धनको आवश्यकता पनि छैन। मलाई त यी बालकहरु लगेर मेरी

Downloaded from http://dhamma.digital

ब्राह्मणीको काम गराउन पाए पुग्छ। अरु मलाई केही चाहिएको छैन।'

जूजकको कडा वचन सुनेर जालि र कृष्णाजिनी दुवै डराएर पर्णशालाको पछाडि भागेर त्यहाँबाट पनि जंगल भित्र पसेर झारमा लुकिबसे। त्यहाँ ती बालकहरुको मनमा मानौं त्यो डरलाग्दो जूजक ब्राह्मणले पछ्याउँदै समाउन आएजस्तो भएर त्यहाँबाट पनि डराएर भाग्दै कहिंपनि लुक्ने ठाउँ नपाएर यताउती डगुर्दै अन्तमा आश्रममा आउने बाटोको पुस्करणीको तीरमा गएर शरीरलाई केराको पातको वस्त्र बलियो गरी कसेर पोखरीमा पसेर पुस्करणीमा रहेको कमलको ठूलो पातले आफ्नो आफ्नो मुख छोपी लुकेर बसे।

बच्चाहरु अगाडि नदेखे पछि जूजक ब्राह्मणले महासत्वलाई अलि आक्षेप गर्दै सुनायो– 'भो वेस्सन्तर ! भरखर तपाईंले मलाई बालकहरु दान दिन्छु भन्नुभयो। अहिले फेरि ती बालकहरुलाई मैले काम गराउँछु भनेको सुनेपछि आँखाको इसाराले बालकहरुलाई भगाएर थाहा नपाए जस्तै बसिरहनु भयो। मैले हेर्दा तपाईं जस्तो छली यो लोकमा अरु कोही होला जस्तो लाग्दैन।'

यो कुरा सुनेर महासत्वले अवश्य बालकहरु भाग्यो होला भन्ने सम्झी आत्तिएर–'ब्राह्मण ! हतारो नमान।

Downloaded from http://dhamma.digital

यसमा केही धन्दा मान्नु पर्दैन। मैले तपाईंलाई बालकहरु खोजेर ल्याइ दिन्छु।' भनेर वेस्सन्तर आसनबाट उठेर पर्णशालाको पछाडि गएर बालकहरु जंगलमा गए भन्ने कुरा थाहा पाएर पाइलाको चिन्ह हेर्दै बालकहरु पुस्करणीमा पसेको थाहा पाए पछि वेस्सन्तर राजाले बालकहरुलाई बोलाउँदै भन्नुभयो–

'एहि तात पियपुत्त पूरेथ मम पारमी।
हदयं मेभिसिञ्चथ करोथ वचनं मम॥
यान नावा च मे होथ अचला भवसागरे।
जातिपारं तरिस्सामि सन्तारेस्सं सदेवकन्ति॥

अर्थात्– 'भो प्रियपुत्रहरु। यहाँ आऊ। मेरो पारमी पूरा गरिदेऊ। मेरो बचन सुनेर मेरो हृदय शीतल तुल्याई देऊ। भवरुपी सागरबाट पार जानलाई तिमीहरु मेरो रथ वा नाउ समान भइदेऊ। जन्म मरणको सागरबाट पार तरेर गएर देव सहित मनुष्यहरुलाई मैले पार तार्नेछु।'

पिताज्यूको शब्द सुनेर कुमारले सोचे–

'जूजक ब्राह्मणले चाहे मलाई जेसुकै गरोस्। किन्तु बुबाज्यूलाई फेरि अर्कोपटक बोलाउनु पर्ने कष्ट दिनेछैन।'

यति मनमा निश्चय गरेर जालिकुमार टाउको उठाई पोखरीबाट माथि आएर बुबाको पाउमा शिर राखेर गोडा बेस्सरी समातेर आँखाबाट बर्बर आँसु झार्दै रोए। अनि

Downloaded from http://dhamma.digital

वेस्सन्तरले-'तात ! तिम्रा प्रिय बहिनी कृष्णाजिनी कहाँ छिन् ?' भनीसोध्नु भयो। वेस्सन्तरको कुरा सुनेर जालिकुमारले भने- 'भो बुबाज्यू ! यी सत्व प्राणीहरुलाई आपद् विपद् पर्दा सबभन्दा पहिले आफ्नो नै रक्षा गर्न खोज्छ।"

जालिकुमारको कुरा सुनेर वेस्सन्तरले 'अवश्य थी दुईका बीचमा एकले अर्कोलाई नबताउने बाचा गरेको हुन् पर्छ' भन्ने जानी 'प्रिये कृष्णाजिनी ! तिमी कहाँ छौ ? यहाँ आऊ, तात !' भनी बोलाई दाज्यूलाई भने जस्तै भन्नु भयो। कृष्णाजिनी पनि दाज्यूले जस्तै 'दोश्रो पटक बोलाउन नपर्ने तुल्याउनु नै उचित छ।" भन्ने मनमा लिएर पुस्करणीबाट माथि उक्लेर बुबाको अर्को बायाँ गोडामा टाउको राखेर गोडामा वेस्सरी समाई तातो आंशू बहाइन्।

बालकहरुको तातो आंशूले बोधिसत्वको राम्रा कमल जस्ता गोडा धोइयो। वेस्सन्तरको आँखाबाट पनि तातो आँसू बग्यो र सुनको पाता जस्तो जालि र कृष्णाजिनीको शरीरमा मोती बर्से झैं टपटप खसेर मानो तिनीहरुलाई आशीर्वाद दिइरह्यो।

अन्तमा वेस्सन्तरले आफ्नो आँसू थामेर मन धैर्य गरेर छोरो जालिकुमारको हातसमातेर उठाई 'प्रिय तात ! तिमीहरुले मलाई दानदिने भनेर थाहा पाएकै छौ। मेरो काम नै दान दिने। त्यसकारण मनमा दुःख नमाउ नगरिकन

Downloaded from http://dhamma.digital

मेरो मनोरथ पूर्ण गरिदेऊ। यो तिमीहरुको उपकार र गुण-लाई मैले कहिल्यै बिर्सन सक्नेछैन।" भनी गोरुलाई मूल्य राखेझैं कुमारलाई त्यहिंनै आफ्नो मूल्य निश्चितगराई भन्नुभयो-

'प्रिय पुत्र! तिमी यो ब्राह्मणको दासतावाट मुक्त हुने इच्छा भए यसलाई एकहजार असर्फी दिएर मुक्त हुनु! तिम्री बहिनी अत्यन्त रुपवती छिन्। तसर्थ कुनै नीच कुलका मानिसहरुले रुपैया तिरेर किनी हाम्रो कुललाई कलंक गरि देला। अतएव तिमीले उनीलाई दासताबाट मुक्तगर्न सर्वसत'[१] भन्ने दिलाएर मात्र मुक्तगर्नू। यो सर्वसत भनेको राजाले बाहेक अरु कसैले दिनसक्दैन।

यति भनेर छोराछोरीको चित्त प्रसन्न हुनेगरी धैर्य दिएर सम्झाई बुझाई आश्रममा लगेर पानीले भरिएको कमण्डलु समातेर 'भो ब्राह्मण! यी मेरो पुत्रपुत्रीहरु दान गरेको प्रभावले छिटै सर्बज्ञताज्ञान लाभगरी जगत्प्राणी सबै उद्धार गर्न सकूं' भन्ने प्रार्थमागरेर अगाडि बसिरहेको ब्राह्मणलाई 'भो जूजक! यी बालकहरु मलाई मन नपरेर दान दिएको होइन। यी बालकहरु मलाई मेरो हृदय र आँखा भन्दा पनि वढी प्यारो छ। फेरी यो भन्दा सयगुणा, हजार गुणा, लक्षगुणाभन्दा बढी मलाई त्यही सर्बज्ञ बुद्धत्व प्यारो छ। त्यसकारण मैले यतिका प्यारा छोराछोरी दान दिँदैछु'

१. सय सयवस्तु सय थरि राखि दिने।

Downloaded from http://dhamma.digital

भन्दै पृथ्वी कम्पहुने गरी पानीको धारा खसाली छोराछोरी-हरु दुवै जूजक ब्राह्मणलाई दानगरे।

यसिबेला पृथ्वी गुंजायमान भयो। सबै ठाउँ साधु साधु शब्दले गुञ्जियो। चराचुरुंगी आदि सारा प्राणीहरुले धन्यधन्य भने मैं शब्द निकाले। क्षणिक वर्षा पनि भयो। बिजुली चम्कयो। हिमालय आदि पर्वतमा रहेका सिंह आदि जन्तुहरु एकै स्वरले कराउँदा जंगलपर्वत सबै थर्कियो।

दान दिइसकेपछि बोधिसत्वले 'अहा मेरो दान! भन्दै आफसे आफ मनमा प्रीति उत्पन्न गर्दै बालकहरुको मुख हेरिरहनुभयो। जूजक वनमा पसेर दांतले टोकेर लहरा काटिल्याएर जालिकुमारको दाहिने हातमा र कृष्णाजिनीको बाँया हातमा बेस्सरी बाँधेर त्यहीलहराको एक छेउ आफूले समातेर बालकहरुलाई 'ल जाऊँ' भन्दै तान्दै लगे। यो दृश्य वेस्सन्तरले टुलुटुलु हेरिरहे।

बालकहरूको अनुहार निन्याउरो र अंध्यारो भयो। भने जस्तो छिटो हिँडेन भने दुष्ट ब्राह्मणले लहराको टुप्पाले स्वाँट्ट स्वाँट्ट पिट्थ्यो। यसरी पिट्दा ती कोमल शरीरका जालि र कृष्णाजिनीका शरीरमा रहेको छाला खुइलिन्थ्यो। रगत निस्कन्थ्यो। ब्राह्मणले दाज्यूलाई पिट्नलाग्दा बहि-नीले आफ थापि दिन्थी बहिनीलाई पिट्न खोज्दा दाज्यू चाहिँले आफ्नो आफ थापि दिन्थ्यो। यसरी दाजु बहिनी दुवै आपसमा दुःखलाई थापेर रुँदै गए। अनि एक ठाउँमा

Downloaded from http://dhamma.digital

जमीन सम्म नपरेको ठाउँमा ब्राह्मण लडे। ब्राह्मण लडे पछि जालिहरुको हातमा बाँधिराखेको लहरा फुत्क्यो। बालकहरु दुवै रुँदै महासत्वको अगाडि भागे।

महासत्वको अगाडि गएर बाबुको गोडामा घाँद् हालेर घोप्टो पर्दै रुँदै जालिकुमारले भने-

'भो बुबाज्यू ! मुमा बनमा पाल्नुभएको छ । हजुरले भने हामीलाई दिइ पठाउनु भयो। मुमा नआउञ्जेल बसेर उहाँको मुख एकपटक हेरिसकेपछि हामीलाई हजुरले दिइ पठाउनुहोस् । पूज्य बुबाज्यू मुमा नफर्कुञ्जेल हामीलाई नपठाउनु होस् । मुमाको एकपटक मात्र दर्शन गरौं। मुमाको दर्शन गरिसकेपछि यो ब्राह्मणले हामीलाई चाहे मारोस् चाहे काटोस् , चाहे बेचोस्, हामीलाई केहि धन्दा छैन ।

## अट्ठार पुरुषदोष

यति भनिसके पछि जालिकुमारले महासत्वसँग भएका अट्ठार दोषको कुरा बताए।

१) ब्राह्मणको गोडाको पाइताला ठूलो र च्याप्प परेको छ।

२) नङ कुहिएको जस्तो नराम्रो छ।

३) नाइटोको मासु लटकिएको छ।

४) ओठ लम्केलो छ।

५) र्याल बहँदो छ।

६) दाँत बाहिर निस्केको छ।

Downloaded from http://dhamma.digital

७) नाक ओठे छ।
८) मुन्डी ठूलो छ।
९) ढाड टेढो छ।
१०) आँखा ठूला भएर डरलाग्दो छ।
११) जुंगा तामा जस्तो रातो छ।
१२) कपाल पहेँलो छ।
१३) छालामा टाटेपाटे छ।
१४) आँखा बिरालोको जस्तो छ।
१५) हात, खुट्टा र कमर बाङ्गो छ।
१६) खुट्टापनि डरलाग्दो बेढाँटको छ।
१७) अति अग्लो छ।
१८) अत्यन्त कुदा छ।

यति यसको पुरुषदोष देखाइ सकेपछि पुनः बुवालाई सम्झाँउदै जालिकुमारले निम्न अनुसार कुरा सुनायो– त्यस्तो अलच्छिन, आमाले ओढेको हेर्दैमा राक्षस जस्तो भयंकर मनुष्य भन्न पनि नसुहाउने निर्दयी पिशाचले हामीलाई घिसार्दै तान्दै लैजाँदा पनि हजुरले कसो हेरिरहनु भएको ? आमाबाबुको हृदय बच्चाहरु उपर सधैं कमलो हुन्छ भन्ने सुनिराखेको छु। किन्तु हजुरको हृदय साह्रै कडा जस्तो छ। सायद हजुरको हृदय पत्थरको हो कि कसो हो ? यत्तिको हामीलाई यातना दिँदा पनि हजुरले केही भन्नु भएन हाय हाय ॥ मन नदेखे मैं गरी बस्नुभयो।

Downloaded from http://dhamma.digital

त्यो बाहुनले हामीलाई गाईलाई पिटेझैं सहनै नसकिने गरी पिट्छ। अतएव बुबाज्यू यदि हजुरले दिएरै पठाउनु परे यी केही नजान्ने आमासँगमात्र बसिरहेकी दूधखान नछोडेकी हिरणको बच्चाजस्ती फेरि दुःख सुख भनेको केही पनि नभोगेकी कृष्णाजिनीलाई यहिं राखेर म एउटालाई मात्र दिइ पठाउनुहोस्। यदि हजुरले कृष्णाजिनीलाई पनि दिइ-पठाउनु भयो भने अवश्य पनि यी बालिका आमाको मुख हेर्न नपाउँदा रोएर मात्रै छिटै प्राण छोडने छिन्।

## जालि र कृष्णाजिनीको बिलाप

यसरी भन्दा पनि वेस्सन्तरले केही जवाफ दिनुभएन। बुबाको तर्फबाट केही जवाफ नआएपछि जालिकुमारले निम्न अनुसार आमाबाबुको कारणमा बिरह गरे-

'संसारमा जन्मको चक्रमा परेका प्राणीलाई अनेक दुःख पर्छ। यो ब्राह्मणले हामीलाई पिट्ने दुःख भन्दा पनि मुमाको एकपटक मुख हेर्न नपाएको ठूलो दुःख हो। हरे! ती अभागिनी मुमा जंगलबाट फर्कनु हुँदा सधैं झैं हिसि परेकी कृष्णाजिनी नदेख्नुहुँदा उहाँको मन कतिको रुने होला! उहाँ रातभरि रोइरहनुहुनेछ। हरे! मेरो बुबाज्यू, कृष्णाजिनीको मुख हेर्ननपाएर रातभरि रुनुहुनेछ। हरे! मेरी बहिनीको मुख हेर्न नपाएर मेरो मुमा बुबाहरु रात-भरि रोएर खोलाको पानी सुके झैं तिनीहरुको प्राण पनि

Downloaded from http://dhamma.digital

सुकेर जानेछ। आज यो जम्बुवृक्ष, पोखरी र अनेक फल-फूलका बोटहरु पनि छोडेर जानु पर्‍यो हरे! हामीहरुले खेलिरहेको आश्रम अगाडिको पुष्करणी पनि छोडेर जानुपर्ने भयो। यी हाम्रा हात्ती घोडा इत्यादि खेलौना पनि आज छोडेर जानुपर्ने भयो।'

यसरी विरह गरिरहेको बेलामा नै जूजक ब्राह्मण आएर जालि र कृष्णाजिनीलाई समातेर बाँधी तान्दै लगे। ब्राम्हणले तान्दै लछार्दै लगेको बेलामा बालकहरुले भने-

'बुबाज्यू! हामी जाँदैछौं। कृपया मुमालाई कुशल समाचार बताउनुहोला। हजुरको सधैं कल्याण होस्। भो बुबाज्यू! मुमा आउनु हुँदा हामीलाई नदेखेर उहाँले ठूलो अपशोच गर्नुहुनेछ, त्यसबेला हजुरले हाम्रा हात्ती-घोडा इत्यादि खेलौना देखाएर उहाँको शोक शान्त गरिदिनु होस्।'

छोराको बिलाप सुनेर महासत्वको मनमा अति शोक भयो। हृदय तात्यो। केशर सिंहको पञ्जामा परेको हात्ती झैं, राहुले ग्रस्त गरेको चन्द्र झैं हृदय शोकाकुलभएर आफ्नो प्रकृति स्वभावमा थामेर बस्न नसकेर गहभरि आंसु पारेर पर्णशाला भित्र पसी अत्यन्त बिलाप गर्नुभयो। त्यसकारण भनेको छ-

"ततो वेस्सन्तरो राजा दानं दत्वान खत्तियो।
पण्णसालं पविसित्वा करुणं परिदेवयि॥"

Downloaded from http://dhamma.digital

अर्थात्- वेस्सन्तर राजा दान दिइसकेपछि पर्णशाला भित्र गएर हृदय बिदारक रुपले बिलाप गर्नुभयो।

वेस्सन्तरले यसरी विलाप गर्नुभयो-

'हरे ! ती बालकहरुलाई तिर्खा लाग्दा तथा तिनीहरुलाई भोक लाग्दा कसले खान पिउनदेला ? रात पर्ने बितिक्कै 'मुमा खाऊँ' भन्दा कसले तिनीहरुलाई खान देला ? बग्गीमा अथवा घोडाको पिठमा मात्र बसेर डुलिरहेका बालकहरु आज तिनीहरु कसरी त्यति लामो बाटो हिँडेर जानेहोला ? तिनीहरुका गोडा सुनिएर आँउदा फेरि बाटोमा थकाइ लाग्दा कसले बोकेर लैजाने होला ? कसले बुई चढाउला रहे !! त्यस्ता सुविनीत निर्दोषी बच्चाहरुलाई मेरो अगाडि नै पिट्दा तिनीहरुलाई कतिको सरम लाग्यो होला ! यी बालकलाई त के मेरो दासदासीहरुको दासदासीहरुलाई पनि कुनै लज्जा र शरम भएको मानिसले मेरो अगाडि पिट्ने साहस गर्दैन। माछाको मुखमा बल्छी अड्केझैं मेरो मुखमा पनि भयो हाय् ! यस्ता नाबालक निर्दोषी बालकहरुलाई बिना कारण पिटिरहेछ। अहो कस्तो हृदय यो ब्राह्मणको !!'

यसरी विलाप गरिरहेका महासत्वको मनमा छोराहरुको कारणले यसरी कल्पना भयो-

"यो ब्रह्मणले मेरा छोराछोरीहरुलाई अचाकली कष्ट दिएर सास्ती गऱ्यो। है त मैले यो ब्राह्मणलाई दुई टुक्रा

Downloaded from http://dhamma.digital

पारिदिउँ र बालकहरु लिएर आऊँ ।" फेरि बोधिसत्वले "अहो बालकहरु दान दिइसकेपछि पनि तिमीहरुलाई दुःख कष्ट भयो भनेर यसो गर्नु त उचित भएन। दान दिइसके पछि पश्चाताप गर्नु सत्व धर्म होइन !" भनी बिचार गरेर बोधिसत्वले आफूलाई आफैले यसरी सम्झाउनु भयो-

"कुनै बोधिसत्वले पनि धन, अङ्ग, प्राण, स्त्री तथा पुत्रपुत्रीहरु दान नदिइकन सम्यक् सम्बुद्ध हुनु भएको छैन भने म पनि त सम्यक् सम्बुद्ध हुने बोधिसत्वहरुमध्ये एक हुं। तसर्थ मैले पनि धन, अंग, प्राण, स्त्री तथा पुत्रपुत्री-हरु समेत दान नदिइकन पूर्ण गर्न सकिने होइन्।" यति मनमा लिएर 'हे वेस्सन्तर ! तिमीले छोराछोरीहरु दान-दिँदा तिनीहरुलाई दुःख कष्ट हुन्छ भन्ने कुरा कसरी बुझने ? दान दिइसकेपछि ; बालकहरुलाइ दुःख कष्ट दियो भनेर अहिले तिमीले ब्राह्मणलाई नै मार्ने मनमा राख्ने उचित छ र ? दान दिइसकेपछि फेरि चित्त दुखाएर पश्चाताप गर्नु सत्वधर्ममा रहनेहरुको काम होइन' भनी आफूले आफै-लाई उपदेश दिएर 'दानदिने बितिक्कै तिम्रो त्यसमा केहि हकै हुँदैन। ती बालकहरु तिम्रो नै भएन भने फेरि एक पटक किन तिमीले 'मेरा बालकहरुलाई यसो गर्‍यो भनेर मनलाई माया जालमा अल्झाई त्यत्रो ठूलो काममा किन कलंक लगाउने ?' भन्ने बिचार गरी चित्तलाई दृढ र धैर्य गरी पर्णशालाबाट बाहिर निस्केर बाहिर खुला शिलामा कञ्चन-

Downloaded from http://dhamma.digital

को मूर्ति झैं पलेंटीमारी बस्नु भयो।

जूजकले बालकहरुलाई पिट्दै लगे। अनि जालिकुमारले बहिनी कृष्णाजिनीलाई यसरी सम्झाए-

"सच्चं किरवमाहंसु नरा एकच्चिया इध ।
यस्सनत्थि एकामाता यथा नत्थितथेरते ॥
एहि कण्ह मरिस्साम नत्थत्थो जीवितेन नो ।
दिन्नम्हापि जनिन्देन ब्राह्मणस्स धनेसिनो ॥"

अर्थात्- कुनै कुनै मानिसहरुले जसको यो लोकमा आमाबाबु छैन। त्यसको यो लोकमा केहि पनि छैन, मरेको बराबर छ भनी भनेको सांच्चै रहेछ।

'आउ कृष्णा, हामी यहाँ बसेर केहि काम छैन। के गरुं, हामीलाई बुबाले यस्तो दुष्ट धनांकांक्षी ब्राह्मणको हातमा सुम्पिसक्नुभयो।' यस्तै कृष्णाजिनीले पनि जालिकुमारलाई अनेक विरहको कुरा बताए।

फेरि एकपटक जूजक ब्राह्मण सम्म नभएको एक ठाउँमा लड्यो। बालकहरुको हातमा बांधिएको डोरी फुस्क्यो। बालकहरु मानों चुटिएको कुकुरहरु झैं थरथर काम्दै तुरन्त एकै सासमा बाबुबसेको ठाउँमा गए।

जूजक पनि झटपट उठेर लहरा समाउँदै दगुर्दै आश्रममा गएर 'तिमीहरु त खुब भाग्न सिपालु रहेछौ।' भन्दै फेरि लहराले बालकहरुको हातमा बाँधेर घिसार्दै पिट्दै

Downloaded from http://dhamma.digital

लगे। डुलुडुलु हेरिरहेका वेस्सन्तर राजालाई कृष्णाजिनीले भने-

'भो पूज्य बुबाज्यू ! यो ब्राह्मणले हामीलाई घरको दासदासीहरूलाई झैं लट्ठीले पिटिरहेछ। बुबा यो त ब्राह्मण जस्तो छैन। ब्राह्मण भनेको त धार्मिक हुन्छ। यो त कुनै राक्षस ब्राह्मणको भेष लिएर आएको जस्तो छ। भो बुबाज्यू ! यसले हामीलाई खान्छ। यसले हामीलाई मारेर खान लाँदैछ। यसरी लगिराखेको डुलुडुलु हेरेर हजुर कसरी मौन भएर बस्न सक्नु भएको ? हजुरको सधैं कल्याण होस्।'

सानीकुमारी कृष्णाजिनी रुँदै गइरहेकी देखेर, हेरिरहेका वेस्सन्तरको हृदय तात्तिएर आयो। ठूलो शोक भयो। नाकमा सास अटाएन। मुखबाट तातो श्वास निस्कयो। आँसुसबै रगत जस्तै भएर आँखाबाट टप्के। अनि उहाँले 'यो दुख र शोक भएको कारण अरु होइन, प्रेम र स्नेह हो' भन्ने बुझेर 'यस्तो स्नेहलाई छाडेर मध्यस्थ हुनुपर्‍यो' भनी आफ्नो चित्तलाई धैर्य गरेर उपेक्षा भावले मध्यस्थ भएर बस्नुभयो। कुमारी कृष्णाजिनी पहाडको फेदी नपुगुञ्जेल विरह गर्दै गईन् - 'हरे ! हाम्रो गोडा दुखिसक्यो। घाम अस्ताउन लागिसक्यो। तैपनि यो ब्राह्मण हिँड्दैछ। अब त मुमापनि आश्रममा फर्किसक्नुभयो होला। हरे ! मुमाले हामीलाई कति खोजी हिँड्नुभयो होला। उहाँको मुख एक पटक हेर्नपाए कतिको असल हुँथ्यो हो। यदि उहाँले हामी-

Downloaded from http://dhamma.digital

लाई खोज्दै यही बाटो आउनुभए कति राम्रो हुँदोहो। उहाँले जंगलबाट ल्याउनुभएको फलफूल यो ब्राह्मणलाई पनि दिनुहुँदो होला। अनि यसको रिस पनि कम हुन्थ्यो। हरे! हामीहरु खेल्ने ठाउँ अहिले कति शून्य भएको होला। अबसम्म पनि मुमा फर्कनुभएको छैन कि। फर्कनु भएको भए अवश्य पनि उहाँ यहाँ आउनु हुन्थ्यो। गोडा पनि सुन्निइसक्यो। अब के गर्ने ?'

यसरी कुमारी कृष्णाजिनीले मातृस्नेहको कारणले बिलाप गरीन्।

## महीदेवी

उता वेस्सन्तरले आफ्ना प्राण समान प्यारा बालकहरु दान दिएको प्रभावले पृथ्वी कम्प भएर गुञ्जायमान भयो। त्यो शब्द ब्रह्मलोक सम्म पनि पुग्यो। अनि हिमालयमा रहेका देवताहरुको सलाह भयो- "महीदेवी घाम नअस्ताउँदै आश्रममा पुगिन भने, बालकहरु नदेखेर दानगरी पठाएको थाहा पाए यताउति दगुर्दै बालकहरु गएको बाटो लागेर अत्यन्त दुःख कष्ट भोग्ने छिन्। तसर्थ हामीले जस्तै गरेर भएपनि महीदेवीलाई बाटो छेकेर अनेक यत्न गरेर भए-पनि बेलुका जून उदाइ सकेपछि मात्र आश्रममा पठाउनु पर्‍यो। यति सल्लाह गरिसकेपछि देवपुत्रहरू कसैले बाघको, कसैले भालुको, कसैले सिंहको, कसैले सर्पको भेष धारण

Downloaded from http://dhamma.digital

गरेर महादेवी फर्कने बाटोको बीचमा बसिरहे। महादेवी अति कराएपनि अँध्यारो नहुन्जेल बाटो नछोडी बसिरहे।

यसरी देवपुत्रहरु अनेक जीवजन्तुहरुको भेष लिएर महादेवी जाने बाटोको माझमा बस्न गइसकेपछि महारानी— "आज मैले नराम्रो सपना देखेकोले बेलैमा फलफूल टिपी छिटै आश्रम फर्कनुपर्छ।" भन्ने मनमा लिएर यताउता फलफूल टिप्न खोजीन्। उहाँको हातबाट अंकुश खसीमात्र रह्यो। काँधमा भिरेको झोला पनि खसि रहन्थ्यो। दाहिने आँखा फरफराइ रह्यो। पाकेको फल नपाकेको जस्तो र नपाकेको फल पाकेको जस्तो मात्र देखिन्थ्यो। दशैदिशा अन्धकार भयो। महादेवीको मनमा— "यो के भएको ? यस्तो त मलाई कहिल्यै भएको थिएन।" भन्ने परेर एक्लै गुनगुनाई भन्नु भयो—

"मेरो काँधबाट अंकुश खस्दैछ। दाहिने आँखा फरफराइरहेछ। अफल फल जस्तो र फल अफल जस्तो देखि रहेकोछु। दिन अँध्यारो हुँदैछ। यहाँ वनजन्तुहरुले भने मलाई बाटो छाडीदिएकी होइन। सूर्य डुब्न लाग्यो। आश्रम भने टाढा छ। अर्को बाटो पनि छैन। मैले यहाँबाट फलफूल लगिसके पछि मात्र ती बालकहरुले खान पाउनेछन्। आश्रममा अरु थोक खानेकुरा केही छैन। मेरा प्राणनाथ पनि आफ्ना भजी बस्ले बबाहरु कुल्याइ रहनु भएको होला। हरे! ती दुःखी बालकहरु अक दिनमैत अहिलेसम्म भोक-

फूल खाइसकेर दूध आदि पिएर कत्तिको रमाइलो गरी खेलि सक्थे होलान् । अरु दिनमा भए गाईकी बाछी आमाकहाँ गए जस्तै म भएको ठाउँमा आइसक्थ्यो होलान् । अरु दिनमा भए ती बालकहरु यतिबेला मसँगै कुटीमा गएर आनन्दपूर्वक बसिसके होलान् ? आश्रममा जाने बाटो भने यही एउटा सिवाय अर्को छँदै छैन । हे मृगराज हो ! तपाईंहरुलाई मेरो नमस्कार ! कृपया मलाई जान बाटो छाडिदिनु होस् । भगवानको लागि तिमीहरु सबै म दुःखी-को दाज्युभाइ बनिदिनुहोस् । मलाई आज किन यस्तो हत्थे देखाएको ? म त निर्वासित राजकुमारकी स्त्री हुँ । मैले कहिल्यै पनि आफ्नो मालिक प्रति अपमान गरिराखेकी छैन । तपाईंहरुको पनि छोराछोरीहरु हेरबिचार गर्न जानु पर्छहोला । मसँग फलफूल धेरै छ । यसमध्ये आधी तपाईंहरुलाई दिन्छु । कृपया मलाई छिटो बाटो छाडि देऊ । मेरा मुमा बुबाहरु पनि राजपुत्र पुत्री हुनुहुन्छ । अतएव कृपा राखी तपाईंहरु सबै दाजू भाइ भएर मलाई बाटो छाडी देऊ ।"

देवपुत्रहरुले अब त बेला भयो भनी बाटो छाडिदिए ।

मद्रीदेवी पनि छिटोछिटो गएर आश्रममा पुग्न गईन् । त्यो दिन पूर्णीमा थियो । अरु दिनमा जुन ठाउँमा जालि र कृष्णाजिनी कुरिरहन्थे त्यस ठाउँमा त्यो दिन कोही बसिराखेको नदेखेर मद्रीदेवीले मनमा यस्तो बिचार गरिन्-

Downloaded from http://dhamma.digital

पहिले भए मेरा बालकहरु धूलोमा लडीबुडी गर्दै यस ठाउँमा बसेर बाछा बाछीहरु माउ गाईको आशा लिएर कुरें में कुरेर बस्थे। आज यो ठाउँमा कुकुर पनि देखिँदैन। जसरी हरिणको माउ देख्दा हरिणका बचाहरुले कानठाडो पारेर कांटी लन्काउँदै हेर्छन् त्यस्तै मेरो मुदु नै न्यानो हुनेगरी म नआउञ्जेल यही ठाउँमा बसेर मलाई पर्खिरहने बालकहरु आज देखिँदैनन् कहाँ गए होलान्? पहिले भए मलाई देख्ने बित्तिकै दगुर्दै आएर मेरो जिउमा ताँसिन आउने बालकहरु आज सुनसान परेर कोही पनि देखानपरिकन कहाँ गए होलान्? मृग, बाघ, भालूहरुले आफ्ना बचाहरुलाई आफ्नो बासमा छाडेर चारा खोज्न गए जस्तै म पनि बचाहरुलाई आश्रममा छाडेर खानेकुरा खोजिन गएँ। पहिले पहिले टाढैदेखि देखिने बालकहरु आज कहाँ गए होलान्? तिनीहरुको खेलौना पनि यत्ताउति छरिएको छ। म आउनासाथ काखमा बसेर दूध खाने जाली र कृष्णाजिनीहरु आजि कहाँ गए होलान्? धुलोमा खेल्दै मेरो काखमा लडेर दूध खान आउने प्रिय बचाहरु आज देखिँदैनन्। कहाँ गए होलान्? यो आश्रम पनि पहिले हेर्दैमा मनपराउने किसिमसँग सफा सुग्घर हुनेगरी बढारी राख्ने जस्तो हुन्थ्यो। आज फोहर जस्तो देखिन्छ। उजाड देखिन्छ। यो के भएको? मेरा बालकहरु छैनन् कि कसो? आँगनमा बस्ने चराचुरुङ्गीहरु पनि पहिले जस्तो

Downloaded from http://dhamma.digital

मिठो बोलीले कराएको सुनिँदैन। सुनसानछ। नकागको शब्द छ न लाटोकोसेरो नै कराउँछ। अवश्य मेरा प्यारा बच्चाहरु केही भए होलान्।"

यसरी विलाप गर्दै महीदेवी केही नबोली चुपलागेर बसेको वेस्सन्तरको अगाडि गईन्। उनीकहाँ पनि बालकहरु नदेखेर महीदेवीले वेस्सन्तरसँग प्रार्थना गरीन्–

"भो स्वामी ! किन हजुर आज केही नबोलिकन बस्नु भएको ? जंगलमा रहेका चराचुरुङ्गीहरु मात्र चुप लागि रहे भनेको त हजुर पनि चुप लागेर बस्नुभएको। किन होला ! के बालकहरुलाई बाघभालुले खायो कि ? अथवा कहिं खसे कि ? अथवा हस्तिलिङ्ग चराले उडाएर लग्यो कि ? खेल्न गएका फर्केनन् कि ? अथवा हजुरले कहिं काम लगाएर पठाउनु भएको छकि ? के भयो ? किन आज हजुर चुप लागेर बस्नु भएको ? यदि बालकहरु मरिसकेका भए त्यस्ता राम्रा बालकहरुको कपाल देखा पर्नु पर्ने। हात गोडा नै देखिनु पर्ने। यी केही पनि देखिँदैन। कहाँ गए ती लालहरु ? भो स्वामी आज्ञा होस्।"

यति भन्दा पनि वेस्सन्तरले केही उत्तर नदिएपछि महीदेवीले "भो स्वामी ! किन हजुरले आज मसँग नबोल्नु भएको ? मबाट केही भूल भयो कि भन्दै यसो भनीन्–

"भो नाथ ! नगरबाट निकालिनु पर्ने दुख र ती बाल-

Downloaded from http://dhamma.digital

बालकहरुको मुख हेर्न नपाएको दुःख भन्दा पनि मलाई हजुरले नबोल्नु भएको ठूलो दुःख भएको छ"। भो स्वामी ! बलि-रहेको आगोमा घ्यू थपेर आगो दन्काए झैं, घाउ भइरहे-कोमा अपले घोचेझैं मेरो हृदयमा खूब डाह भइरहेको छ। हिजो आजदेखि नै भएको छ। भन्नुहोस् नाथ ! बालकहरु कहाँ गए ? किन आज हजुर चुप लागेर बस्नु भएको ? हिजो बेलुकी सपना देखेकी त मानो तिम्रा बालकहरु भोलि परलोक हुनेछ भने जस्तै भयो।"

मद्रीदेवीको यस्तो कुरा सुनेर बोधिसत्वले "यसलाई अलि कडा वचन लाएर शोक हटाउनु पर्‍यो" भन्ने विचार गरेर मद्रीदेवीलाई भन्नुभयो-

'हे मद्री ! तिमी त बनमा फलफूल लिन भनेर बिहान सबेरै गयौ तिम्रोरुप राम्रो छ। तिमी रुपवती छौ। जंगलमा अनेक प्रकारका शिकारीहरु तथा अनेक प्रकारका मंत्रतन्त्र जान्ने तपस्वीहरु छन्। कसलाई थाहाछ तिमीले केगर्‍यौ ? अथवा के गरेनौ। बिहान सबेरै गएकी बेलुकी जूनको उज्यालोमा मात्र फर्केकी छौ। तिम्रो मनमा त मेरा बालकहरुलाई के भयो ? मेरो स्वामी कराइ रहेका होलान् भन्ने पनि छैन होला। स्वामी भएको आइमाईको छाँट यस्तो हो ? यो कसैको दोष होइन मेरै दोष हो। मलाई मेरो राज्यबाट निकाल्नु र म निर्धनी र गरीब भएको नै दोष हो।

वेस्सन्तरको यस्तो कडावचन सुनेर मद्रीदेवीले यसरी

Downloaded from http://dhamma.digital

बिन्ती गरीन्–

"भो स्वामी ! हजुरले सुन्नु भएकै होला आज फलानो समयमा बाघ भालु चितुवाहरु सबै पानी पिउन आएको ठाउँमा सबै एकै स्वरले एकै समयमा नै चिच्याउँदै कराएको शब्द ! यस्तो कुरा सुन्नुपर्ला भन्ने लक्षण त मैले आज पहिल्यै देखिसकेकी थिएं। सपना मैले नराम्रो देखें। तसर्थ झन छिटो फलफूल टिपेर आउँछु भन्दा झन जता हेर्‍यो उतै रुखमा नपाकेको फल पाकेको जस्तो र पाकेको फल नपाकेको जस्तो देखियो। फलफूल भएको ठाउँमा फलफूल नभएको जस्तो फलफूल नभएको ठाउँमा फलफूल भएको जस्तो देखियो। हृदयमात्र कम्प भएकोले जति सक्यो चाँडो, पहिले भन्दा झन निकै छिटो आउँछु भनी आउँदा पहाडमुनि बाघ, भालु, चितुवाहरुले बाटो छेकिदियो। तिनीहरुलाई नाघेर आउन खोज्दा तिनीहरुले 'हूं हूं' गर्ने मलाई ठूलो आपत पर्‍यो। आउन पनि अप्ठ्यारो बस्न पनि अप्ठ्यारो भयो। बल्ल अनेक प्रकारले विन्तीभाव गरेर अँध्यारो भए पछि मात्र मलाई जन्तुहरुले बाटो छाडिदियो। अर्को बाटो आऊँ भने त्यही एउटा सिवाय अर्को बाटो थिएन। त्यसकारण अबेला भयो प्राणनाथ मलाई क्षमा-गरिदिनु होस्।'

त्यसपछि मद्रीदेवीलाई उज्यालो नहोउञ्जेल बोधि-

Downloaded from http://dhamma.digital

सत्वले केही भन्नु भएन। अनि महीदेवीमात्र अनेक प्रकारले यताउति एक्लै दगुर्दै निम्न रूपले विलाप गर्दै छोराछोरीहरु खोज्दै हिंडे।

"यी मेरा बालकहरु खेलिरहने पिपलको वृक्ष हो। यहाँ पनि तिनिहरु छैनन्। कहाँ गए होलान् हरे! यी ती बालकहरु खेलिरहने बगैंचा हुन्। यहाँ पनि तिनीहरु छैनन्। यी तिनीहरुको खेल्ने हात्ती घोडा भालु इत्यादि खेलौना हुन्। त्यहाँ पनि तिनीहरु छैनन्। कहाँ गए होलान् हाय्!!"

यसरी कराउँदै पर्वत जम्मै घुमेर हेर्दा पनि बालकहरु भेट्टाउन नसकेपछि फेरि आश्रममा आएर बच्चाहरु खोज्दै भनीन्- "यहाँ अनेक प्रकारका हरिण, हात्ती, भालु, काग, सुगा, मैना, लाटोकोसेरो इत्यादि चराचुरुङ्गीहरु छन्। यहाँ बसेर मेरा बालकहरु खेल्दथे। अहिले तिनीहरु यहाँ पनि छैनन्।"

आश्रममा पनि नदेखेर महीदेवी फूलफुलि रहेको बगैंचामा गएर खोजीन्। त्यहाँ पनि भेट्टाउन नसकेर पुनः महासत्व कहाँ गएर उहाँको मलिन मुहार देखेर भनीन्-

"भो स्वामी! पहिले पहिले भए हजुरले दाउरा चिरेर, पानी ल्याएर मकलमा आगो बाल्नुहुन्थ्यो। आज केही नगरी झोक्रिएर निहुरिरहनु भएको छ किनहोला? मलाई हजुर जत्तिको प्यारो अरु कुनै प्राणी छैन। पहिले हजुरको

Downloaded from http://dhamma.digital

मुहार हेर्दा अथवा हजुरसँग बस्दा मेरो जस्तो सुकै दुःख पनि हरण भएर जान्थ्यो तर आज छोराछोरीहरु नभए-कोले हो की कसो सँगै बसेर पनि हजुरको मुहार हेर्दा पनि मेरो मनको दुःख हरण भएन।"

मद्रीदेवीले यति भन्दा पनि महासत्व नबोलिकनै बस्नु-भयो। उहाँले बोल्दै नबोलेको देखेर मद्रीदेवी अगुल्टोले पिटेको कुकुर झैं एकै ठाउँमा बस्न नसकेर पहिले जस्तै फेरि एकपटक यताउता सबै जंगल, पर्वत, पुस्करणी तथा बगैचामा बालकहरु खोजेर पुनः आश्रममै फर्केर आईन् र भनीन्-

"भो देव! भो प्राणनाथ। ती बालकहरु मैले कहिं पनि देखिन। तिनीहरुलाई के भयो होला? कसो भयो होला? पुस्करणीमा खसी डुबेर मरेकि? अथवा जीवजन्तुहरुले खायो कि? अथवा कहिं पर्वतबाट खस्यो कि? के भयो? चराचुरङ्गीको शब्द पनि छैन। यो के भएको?"

यति भन्दा पनि महासत्वले केही बोल्नु भएन। मद्री-देवी फेरि एकपटक बायुसमान दगुर्दै गएर सारा बन घुमेर फर्केर आईन्। यदि मद्रीदेवीले रातभरी हिँडेको बाटो नापेर हेर्ने हो भने अट्ठार योजन भन्दा बढी भयो होला। क्रमशः बिहानको मिर्मिरे उज्यालो हुनलाग्यो। रात बित्यो। उज्यालो भयो। मद्रीदेवी फेरि एकपटक महासत्व कहाँ गएर विलाप गरीन् र प्रार्थना गरीन्-

Downloaded from http://dhamma.digital

"अहो स्वामी! किन आज हजुरले मसँग नबोल्नुभएको ? बालकहरू कहिं पनि हैनन। के भयो होला ? कृपया बताइ दिनुहोस्। कसो भयो होला भन्नुहोस्। चराचुरुङ्गीहरूले पनि केहि भन्दैनन् हरे! आज मलाई के भएको होला! कस्तो विपत्ती भएको!!"

यसरी करुणायुक्त स्वरले सबै कुरा बताउँदै विलाप गरि रहेकी विचरी मद्रीदेवीको सासै निस्केन। स्वर पनि सुक्यो। छोराछोरीहरुको कारणमा रातभरी यताउति दगुरि रहेकीले उहाँको शरीर थाकेर क्लान्त भएर मानो पहेंलो केराको बोट ढलेझैं आफ्ना स्वामी वेस्सन्तरको अगाडि एकदम मूर्छा भएर लडे। दुवै आँखा पल्टाईन्। शरीर बरफ जस्तै चीसो भएर कडाभए। यसरी अरट्ठ परेका मद्रीदेवीलाई देखेर वेस्सन्तरको मनमा यस्तो भयो- "हाय! हाय!! मद्रीदेवीले अपायक ठाउँमा प्राण छोडीन्। यदि मद्रीदेवी आफ्नो राज्यमा परलोक भएको भए दुई दुई राज्यका जनताहरु आएर अन्तिम संस्कार गर्दा होलान्। अब यहाँ वनान्तरमा प्राण छाडीन्। मैले के गर्ने ? म भने एक्लो छु।"

यस्तो विचारले वेस्सन्तरलाई ठूलो शोक भयो। अनि उहाँले स्मृतिपूर्वक धैर्यधारण गरेर पहिले एकपटक हेर्ने गर्न्यो भन्नी बसिरहेको ठाउँबाट उठेर गई मद्रीदेवीको छातीमा हात राखी हेर्न भयो। यसरी हेर्दा देवीको हृदय तातो भएको

Downloaded from http://dhamma.digital

थाहापाई कमण्डलमा पानी ल्याएर सात महीनादेखि मद्रीदेवीको शरीर स्पर्श नगर्नु भएको वेस्सन्तरले आज वडो गम्भीर दुःखको कारणले गर्दा आफ्नो तपस्वी भाव पनि बिर्सेर गहभरि आँसू पार्दै हत्तपत्त उठाई बिस्तारै मद्रीदेवीको टाउको आफ्नो काखमा राख्नुभयो । अलि-अलि पनी छर्कन्दै प्रेमपूर्वक मद्रीदेवीको कोमल चेहरा स्पर्शगरी छातीमा बिस्तारै हातले मालिस गर्नुभयो । एकछिन पछि मद्रीदेवी होसमा आईन् । मद्रीदेवी जुरुक्क उठेर लज्जा स्मरण गरी वेस्सन्तरको पाउमा ढोग्दै- "भो नाथ ! हजुरका लाल तथा मेरा पुत्रपुत्रीहरु कहाँ गए ?" भनी सोधीन् । वेस्सन्तरले "भो देवी एउटा ब्राह्मण कहाँ नोकर बस्नको लागि मैले दान दिएर पठाएं" भन्नु भयो ।

वेस्सन्तरको कुरा सुनेर मद्रीदेवीलाई रुनु कि हांस्नु भयो । "भो स्वामी किन हजुरले मलाई रातभर बच्चाहरुको निम्ति रुँदै विलापगर्दै, कुदेको देख्दा पनि यसरी आज्ञा नहुनु भएको त ?' भनिन् । महासत्वले मद्रीदेवीलाई आज्ञा भयो-

"प्रिये मद्री ! मेरो विचारमा तिमीलाई सुरुमै किन कष्ट दिँऊ जस्तो लाग्यो । त्यसकारण तिमीलाई केही नभनेको । तिमी वनमा गइरहेको बेलामा यहाँ एउटा गरीब तथा बूढो ब्राह्मण आएर हाम्रा दुईवटा बालकहरु मागे । मैले तिनीहरुलाई ब्राह्मणको हातमा दान गरें । ब्राह्मणलाई

Downloaded from http://dhamma.digital

तिमी नफर्कुञ्जेल आश्रममै बस भनेको थिएं किन्तु ब्राह्मण मानेन। मद्री तिमीले केही धन्दा नमान। मनमा धैर्य गर। मलाइ हेर। बालकहरु सम्भेर ज्यादा नरोऊ। यदि हामीहरु बाँचिरह्यौं भने छोराछोरीहरु फेरि लाभ हुनसक्छ। सत्पुरुष र महापुरुषहरुले आफ्नो घरमा रहेको सविज्ञानक अथवा अविज्ञानक पदार्थ दान दिएर चित्त दुखाउँदैनन्। यति त के, महापुरुषहरुले उत्तम निर्माण प्रार्थना गर्दै आफ्नो मुटु फुटालेर दान दिनपरे पनि दानदिनुबाट पछि हट्दैनन्। त्यसकारण तिमीले यसमा केही अपशोच नगर्नू। हुनसक्छ भने मेरो यो श्रेष्ठ दानचर्यालाई अनुमोदन गर।"

महासत्वको प्रेमपूर्ण दयायुक्त कुरा सुनेर मद्रीदेवीले भनीन्– "भो स्वामी ! जुन हजुरले अमूल्य हाम्रा छोराछोरीहरु दान दिनुभयो त्यो सर्वोत्तम दानलाई मैले अनुमोदन गर्दछु। हजुर प्रसन्न हुनुहोस्। अलिकति पनि शोक वा पश्चाताप नगर्नुहोस्। अझ हजुरको इच्छापूर्ण हुनेगरी यो भन्दा पनि बढ्ता दान दिनुहोस्। याचकहरुको मन प्रसन्न गर्न सक्ने हुनुहोस्।"

महासत्वले "प्रिय मद्री ! यदि मैले छोराछोरीहरु दान दिएर चित्त प्रसन्न नगरेको भए यस्ता यस्ता आश्चर्य कहाँबाट होलान् ? कसरी यो पृथ्वी कम्प होला ?" भनेर पृथ्वी कम्प भएको, विजुली चम्केको इत्यादि कुरा बताउनुभयो। महासत्वको कुरासुनेर मद्रीदेवी अति नै प्रसन्न भईन्। दाना-

Downloaded from http://dhamma.digital

नुमोदन गर्दै 'धन्य ! धन्य ! हजुरको दान ! धन्य हजुरको याचकहरु उपरको महान् करुणा ! साधु ! साधु !!" भनीन् । फेरि "भो स्वामी ! हजुरको दानलाई मनुष्यलोक देखि ब्रह्मलोकमा बस्ने सत्वप्राणी सबैले अनुमोदन गरेका छन्" भन्दै अनेक प्रकारले पुत्रपुत्रीदानको वर्णन गर्दै मद्रीदेवी त्यहिं महासत्वको अगाडि बस्नुभयो ।

## पत्नी दान

यसरी मद्री र वेस्सन्तर दुबै सुख दुःखको कुरागरिरहेको बेलामा शक्रदेवले बिचार गर्नुभयो-

"वेस्सन्तर राजाले हिजो आफ्ना छोराछोरीहरु दान दिए । फेरी कुनै नीच कुलका हीन पुरुषहरु आएर उनकी रानी मद्रीदेवी माग्न आयो भने वेस्सन्तरले विचरी पतिव्रता मद्रीदेवीलाई पनि दिइपठाउनेछन् । यस्तो भयो भने वेस्सन्तर अनाथ हुनेछ, एकलो पनि हुनेछ । त्यसकारण म गएर मद्रीदेवी दानलिएर फेरि वेस्सन्तरलाई नै जिम्मा दिएर अरु कसैलाई दिन नहुने गरी आउनु पर्‍यो ।"

यति विचार गरेर शक्रदेव ब्राह्मणको भेषलिएर उज्यालो हुने वितिक्कै आश्रममा आइपुगेर वेस्सन्तरको अगाडि बसेर कुशल वार्ता गर्नुभयो-

"भो दानी वेस्सन्तर । तपाईंलाई कुशल पूर्वक फलफूल प्राप्त हुन्छ कि ? बनमा प्राणीहरुले केहि विघ्न त दिएको

Downloaded from http://dhamma.digital

छैन होला ? तपाईंहरु सबै कुशलै हुनुहुन्छ कि ?"

महासत्वले भन्नुभयो–

"भो ब्राह्मण ! हामीलाई सञ्चै छ । फलफूल आदि पनि सुलभ नै छ । सात सात महीनासम्म यस जंगलमा बस्दा तपाईं जस्ता ब्राह्मणहरु देखेको यो समेत दुईपटक भयो । आउनुहोस्, बस्नुहोस् । पर्वतबाट ल्याइ राखेको चिसो निर्मल जल छ । हातगोडा मुख धुनुहोस् । यी फलफूल सेवन गर्नुहोस् ।"

यसरी ब्राह्मणसँग कुशल वार्ता गरी उनलाई स्वागत गरेर "तपाईं के कारणले यतिको कष्ट गरेर यहाँ आउनु भएको ?" भनी सोध्नुभयो ।

"भो ब्राह्मण ! तपाईंले यस्तो भेष धारण गरी मृगचर्मले ओढी कष्ट गर्दै यहाँ किन आउनु भएको ? के कारणले आउनुभएको ? कृपया बताउनु होस् ।"

भेषधारी शक्रले भन्नुभयो– "भो वेस्सन्तर म सारै वृद्ध भएं । तसर्थ तपाईंकी रानी मद्रीदेवी एउटी मागेर लैजाऊँ भनी यहाँ आएकोहुँ ।"

त्यसैले भनेकोः–

"यथा वारिवहा पूरा, सव्वकालं नखीयति ।

एवं तं याचितागच्छिं, भरियं मे देहि याचितोति

अर्थात्– जसरी मूल भएको कुवामा कहिल्यै पानी सुक्दैन,

Downloaded from http://dhamma.digital

त्यस्तै सम्भेर मैले तपाईंकी रानी मद्रीदेवी माग्न भनी आएको हुं।"

यति कुरा सुनेर बोधिसत्वले "हिजोमात्र मैले एउटा ब्राह्मणलाई छोराछोरीहरु दान दिएर पठाएँ। आज फेरि मेरी स्त्री माग्न आयो। म एक्लो हुने गरी मद्रीदेवी कसरी दिइपठाउने" नभनिकन मनमा कति पनि नअनकनाई हात थाप्नेलाई हजारको थैलो राखि दिएभैं, कुनैमा पनि चित्त टाँस्न नदिइ कन, अलिकति पनि के गरुं कसो गरुं नगरिकन सारा पर्वत गुञ्जायमान हुने गरी साधुकार दिँदै भन्नु भयो–

"ददामि न विकम्पमि यं मं याचसि ब्राह्मण
सन्तं नपटि गूहामि दाने मे रमति मनो' ति ॥

अर्थात्- भो ब्राह्मण, मैले तपाईलाई मद्रीदेवी दान दिने भएं। मसँग भएको बस्तु म लुकाउँदीन। दानमात्र लिन आयो भने मैले मेरो हृदय पनि झिकेर दिन्छु। मलाई दान दिन खूब मनलाग्छ।"

यति भनेर छिटोछिटो कमण्डलमा पानी ल्याएर मद्रीदेवीको हात समातेर ब्राह्मणको हातमा पानीको धारा खसाल्दै दानगरे। यसबखत पहिले वताएभैं भूकम्प भयो। विविध शब्दहरु निस्के।

यसरी दानदिँदा न वेस्सन्तरको मुख मलिन भयो न

Downloaded from http://dhamma.digital

महीदेवीको मुख अँध्यारो भयो। महासत्वले, "मैले यी प्राण समानकी स्त्री दान दिएको मन नपरेर होइन। योभन्दा पनि अति मनपरेको सर्वज्ञज्ञानको आशा र प्रार्थना गरेर मैले थी आफ्ना प्यारा स्त्री छोराछोरीहरु दान दिएकोहुं।" भन्नु भयो। त्यसैले भनेको छ-

"जालि कण्हाजिनं धीतं, महीदेवी पतिब्बतं।
चजमानो न चिन्तेसि बोधिया येव कारणा॥
न मे देस्सा उभो पुत्ता, महीदेवी न देस्सिया।
सब्बञ्ञुतं पियं मह्यं, तस्मापिये अदासहंति॥

"हे भिक्षुगण! मैले त्यसबेला जालि र कृष्णाजिनी तथा पतिव्रता महीदेवी दानदिँदा यही बोधिज्ञानको मात्र आशा लिएर मनमा कति पनि चिन्ता लिइन। यसरी दान दिएको छोराछोरी र पत्नीको निम्ति होइन। त्यसवेला ममा छोराछोरी र स्त्री भन्दा पनि सर्वज्ञज्ञानको मात्र अनुराग थियो। त्यसैले मैले आफूलाई मनपरेको पदार्थ पनि दान दिएं।"

दान दिइसकेपछि वेस्सन्तरले महीदेवीसँग "कसो मही! मनमा दुःख लाग्यो कि?" भनी सोध्नु हुँदा महीदेवीले "भो स्वामी! केही शंका लिएर मेरो मुख हेरी बक्सनु पर्दैन।" भनी सिंहनाद गर्दै भन्नुभयो-

"कोमारी यस्सहं भरिया, सामिको मम इस्सरो।

Downloaded from http://dhamma.digital

यस्सिच्छे तस्स मं दज्जा विक्किणेय्य हनेय्यवा ॥"

अर्थात् "भो स्वामि! म हजुरकी पत्नी हुं। म हजुरकी दासी हुं। दासीहरुलाई मालिकले जे पनि गर्ने अधिकार छ। यदि हजुरले मलाई बेच्न मन लागे बेच्नुहोस्। यदि मेरो मासुको आवश्यकता भए मासु काटेर लिनुहोस्। हजुरको जस्तो इच्छा छ त्यस्तै गर्नुहोस्। यदि कसैलाई दिन मन भए दिएर पठाउनुहोस्। यसमा मलाई कति पनि शोक दुःखकष्ट छैन। यसमा तपाईं निश्चिन्त हुनुहोस्।"

शक्रदेवले तिनीहरुको शुद्ध बिचार देखी प्रसन्न भएर तिनीहरुको अनेक प्रकारले स्तुति र प्रशंसा गरे। फेरि तिनीहरुले गरेका महादानचर्यालाई पनि अनुमोदन गरे। अनि इन्द्रले "अब यहाँ बिलम्ब गरेर बस्ने केहि काम छैन। यिनी मद्रीदेवी कसैलाई दिन नपाउने गरी यहिं छाडेर म गए पनि भयो" भन्ने विचार गरेर भन्नुभयो-

"भो वेस्सन्तर! यिनी मद्रीदेवी मैले तपाईंलाई नै दिन्छु। यिनी मद्रीदेवी तपाईंलाई मात्र योग्य छिन्। जस्तो पानी र शंख एकै वर्णको हुन्छ त्यस्तै तपाईंहरुको रुप, वर्ण र चित्त पनि एकैसमान छ। अतएव मद्रीदेवी तपाईंलाई नै भयो। जेत्तुत्तर नगरमा दान दियो भनेर यहाँ निर्वासित हुनुपर्दा पनि तपाईंहरुले दानदिने मनमा राखी आफ्ना छोराछोरी समेत दान दिएर धर्म चर्या पालन गर्नभयो। यो

Downloaded from http://dhamma.digital

अति उत्तम कार्य हो। यस्तै दानपुण्य फेरिफेरि पनि गर्नु होस्। दान दिनुमा नअघाउनुहोस्।"

यति भनेर वेस्सन्तरहरुलाई वरदान दिने विचारले शक्रदेवले भन्नुभयो–

'भो वेस्सन्तर ! म शक्रदेव इन्द्र हुं। तपाईलाई आठ-वटा वरदान दिन्छु। माग्नुहोस्।''

यति भनेर दिव्यरुप प्रकाश पार्दै शक्रदेव आकाशमा स्थिर हुनु भयो।

अनि बोधिसत्वले निम्न वरदानहरु मागे–

'भो शक्रदेव ! यदि मलाई वरदान दिने हो भने सर्व-प्रथम १) म दरबारमा पुग्दा मेरो बुवाले मलाई अनुमोदन गरोस्।

२) जस्तोसुकै हानी गरेका दोषीलाई पनि मैले बन्धन मुक्त गर्न सकूं।

३) बूढाबूढी युवा-युवती सबै सत्वहरु मेरो आधारमा जीविका गरुन्।

४) परदार* सेवन नगर्ने भएर स्त्रीका बसमा नपर्ने होऊँ।

५) मेरा छोराछोरीहरु सुखपूर्वक जाऊन्।

---

*. परस्त्री

Downloaded from http://dhamma.digital

६) बिहान तिनीहरुलाई दिव्य भोजन प्राप्तहोस् ।

७) जति दान गरे पनि मेरो धन क्षीण नहोओस् ।

८) यस जीवनपछी च्युत भएर स्वर्गलोकमा गएर च्युतहुने जन्म बाहेक अर्को जन्म लिन नपरोस् ।"

देवेन्द्रले वेस्सन्तरको प्रार्थना सुनेर "निकट भविष्यमै तपाईंको बुबाले तपाईंलाई लिन आउनेछ । तपाईंलाई श्वेत छत्रले ओढाई जेत्तुतर नगरमा लानेछन् । तपाईंको मनोरथ सबै पूरा हुनेछ । केही धन्दा नमान्नु होस् ।" भन्नु भयो ।

यसरी महासत्वलाई धैर्य दिएर इन्द्रदेव आफ्नो भवनमा फर्कनुभयो ।

## महाराजाको कुरा

शक्रदेव अन्तर्धान भैसकेपछि मद्रीदेवी र वेस्सन्तर कुशल वार्तागरी आफ्नो आश्रममै बसिरहनु भयो ।

उता जूजक ब्राह्मण बालकहरु दुवै साथमा लिएर साठ्ठी योजन भएको बाटोबाट गयो । देवताहरुले बालकहरुको रक्षा गरे । सूर्य अस्ताएपछि जूजकले दुबै बालकहरुलाई रुखमा बाँधी भुईंमा सुताई आफू एक्लै वनका जीवजन्तुहरुको भयबाट मुक्तहुन रुख चढेर एक ठाउँमा दुईरुखका हाँगाहरु भएको कापमा बस्नगयो । यसबेला एउटा देवपुत्रले वेस्सन्तरको रूपधारण गरेर अर्को देवताले मद्रीदेवीको

Downloaded from http://dhamma.digital

रुप धारण गरेर जालि र कृष्णाजिनि भएको ठाउँमा गएर हातको डोरी फुकाई हातगोडा धुवाई खानपिउन गराई रातभरी राम्रोसँग सुताए। उज्यालो भएपछि फेरि अघिजस्तै हातमा बाँधेर छाडेर गए।

यसरी ती बालकहरु देवताहरुले सेवा गराएर स्वस्थ पूर्वक गए। जूजक ब्राह्मण पनि देवताहरुको प्रभावले कलिङ्ग देशमा जान्छु भनी जाँदाजाँदा जेतुत्तर नगरमा पुग्नगयो। त्यसदिन सञ्जयराजाले यसरी सपना देखे।

"राजा न्यायालयमा बसिरहेको वेलामा एउटा मानिस आएर राजाको हातमा दुईवटा कमलको फूल राखिदिए। राजाले त्यस फूल आफ्नो कानमा धारण गरे। फूलको रेणु फर्र झरेर पेट्मा पऱ्यो।"

ब्युंझेपछि राजाले बिहान सबेरै ज्योतिष ब्राह्मणसँग सपनाको अर्थ सोधे। ब्राह्मणले "भो महाराज धेरै समय-देखि परदेश लागेका ज्ञातिबन्धुहरु आउने छन्" भने।

त्यसदिन राजा सवेरै नै खानपिन गरेर न्यायालयमा बसिरहे। देवताहरुले जूजकलाई राजदरवारको पतांगिरीमा राखे। त्यसवेला राजाले जूजकसँग जालि र कृष्णाजिनी देखेर "सिंहका बच्चा जस्तै तेजस्वी, अग्नि शिखाझैं बलेका ती दुई बालकहरु को को रहेछन, हेर! हेर!!" भनी एउटा राजदूतलाई हेर्न पठाए।

Downloaded from http://dhamma.digital

राजपुरुष कुदेर जालि र कृष्णाजिनी सहित जूजक ब्राह्मणलाई राजाको अगाडि उपस्थित गरायो। अनि राजाले ब्राह्मणसँग सोध्नुभयो-"हे भारद्वाज ब्राह्मण यी बालकहरु तिमीले कहाँबाट लिएर आएको ?"

जूजकले भन्यो-"भो महाराज ! आजभन्दा पन्ध्रदिन अगाडि मलाई एउटा दानी राजाले प्रसन्नतापूर्वक दान दिएका हुन् ।"

राजाले भने- "हे ब्राह्मण ! तपाईंले कस्तो प्रिय कुरा सुनाउनुभयो। तपाईंलाई यतिका राम्रा आगोझैं प्रज्वलित बालकहरु दान दिए ? हामीले तिम्रो कुरामा कसरी विश्वास गर्ने ? तिमीले यसको केही प्रमाण दिन सक्नुहुन्छ ?

जूजकले भन्यो- "भो महाराज । वनबासी भैरहेका जस्तोसुकै याचकहरुलाई पनि बिमुख नगर्ने दानपति, दान दिनुमा प्रयत्नशील, जेपनि दान दिने धर्मात्मा राजा वेस्स-न्तरले मलाई यी बालकहरु दान दिइ पठाउनु भएको हो।"

जूजकको कुरा सुनेर त्यहाँ वसिरहेका राज अमात्यहरु-ले वेस्सन्तरलाई निन्दा गर्दै भने- "अहो ! वेस्सन्तर राजाले कतिको अयोग्य काम गरेको ? श्रद्धालु भएर घरमा बसेका दाताहरुले केवल दासदासी इत्यादि दान दिनु राम्रो हो, आफ्ना बालबच्चाहरु पनि दान दिने हो ? हेर हेर ! वेस्सन्तर राजाले कतिको अन्याय गरेको ? दान दिएकै कारणले देशबाट

Downloaded from http://dhamma.digital

निर्वासित हुनुपर्दा पनि यसरी दान दिँदैछ।"

आफ्ना पिता उपर गरेको अमात्यहरुको उपहास सुन्न नसकेर जालिकुमारले भने–

"यस्स नत्थि घरे दासो, अस्सो वास्सतरी रथा।
हत्थी च कुञ्जरो नागो, किंसो दज्जा पिता मह्न्ति॥"

"भो बाजे! जुन पितासँग न घोडा छ, न रथ छ, न हात्तीछ, न केही छ, त्यस्ता मेरा बुवाले के दिने त?"

"भो जालि! वेस्सन्तर दानलाई म प्रशंसागर्छु। परन्तु त्यसले कस्तो हृदयले तिमीहरुलाई यस्तो याचकको हातमा सुम्पन सकेको होला?"

यो कुरा सुनेर कृष्णाजिनीले भनिन्–

"दुक्खस्स हदयं आसि अथो उण्हम्पि पस्ससि।
रोहिणीहवे तम्बक्खी पिता अस्सूनि वत्तयी॥"

"भो बाजे! यहाँले हामीलाई फाले झैं दिनु भएको होइन्। हामीलाई दिँदा उहाँको हृदयमा ठूलो दुःख थियो। उहाँको आँखा मानौं रातामाछा जस्तै राता भएका थिए। उहाँको मुटु तातिएर आँखाबाट आँसू बहेको थियो।"

यतिका कुरा गरि सकेतापनि बालकहरुले ब्राह्मण लाई छाडी नआएको देखेर राजाले बालकहरुलाई भने–

"हे राजकुमार हो! तिम्रा बुबा र मुमा राजकुमार तथा राजकुमारी हुन्। पहिले पहिले भए तिमीहरु मलाई

Downloaded from http://dhamma.digital

देख्ने त्रित्तिक्कै दगुर्दै आएर मेरो काखमा बस्न आउँथ्यौ। आज तिमीहरु किन मदेखि अलग्ग भएर एकातिर उभिइ रहेका ?"

कुमारले भने-"भो महाराज ! हजुरले आज्ञा भएजस्तै नेरा बुबाज्यू र मुमाज्यू राजकुमार तथा राजकुमारी हुनुहुन्छ। त्यसैले हामी पनि पहिले राजकुमार र राजकुमारी थियौं। किन्तु अहिले हामी यो ब्राह्मणको दासदासी हौं तसर्थ हजुरको काखमा कसरी बस्न आउने ?"

राजाले भने-"हे बालक हो। यस्तो कुरा गरेर मेरो चित्त नदुखाऊ। मलाई जिंदै चितामा राखेमैं नराख। तिम्री कुरा सुनेर मेरो हृदय आगोले पोलेमैं पोल्यो। प्रिय बालक हो ! तिमीहरुले केही भन्दा नलेऊ। तिमीहरुलाई दासभावबाट म मुक्त गरिदिन्छु। तिम्रा बुबाज्यूले तिमीहरु यस ब्राह्मणलाई दिंदा यी ब्राह्मणको हातबाट मुक्त हुन तिमी-हरुको मूल्य राखेको भए मलाई बताऊ, मैले मूल्य तिरेर तिमीहरुलाई मुक्त गरी लिन्छु।"

कुमारले भने- "भो महाराज ! बुबाज्यूले हामीलाई दिनुहुँदा मेरो मूल्य एक हजार कार्षापण र बहिनी कृष्णा-जिनीको मूल्य सर्वसत भनी भन्नु भएको थियो।

कुमारको कुरा सुन्ने बित्तिकै महाराजले राजकर्मचारी हरु बोलाएर तुरन्त यो ब्राह्मणलाई एकहजार रुपैंया र हात्ती,

Downloaded from http://dhamma.digital

घोडा, ओढ्ने ओछ्याउने, रथ, दास, दासी, तथा घर इत्यादि सब पदार्थ जुटाईदेऊ भनी आज्ञा दिएर सबै थोक सयसय राख्न लगाई तुरन्त दिन लगायो।

ब्राह्मणसँग धेरै दासदासीहरु भए। साततल्ले घर पनि भयो। ब्राह्मण धन इत्यादि सामान बटुलेर प्रासादमा चढेर मीठीमीठी असल असल चीज भोजन गरी उँचा पलङ्गमा मजासंग बसे।

उता बाजे चाहिँले जालिकुमारलाई नङ काट्न लगाई स्नान गराई खानपिन गराई अलंकृत गरी काखमा राखे। यता कृष्णाजिनीलाई बज्यै चाहिँले काखमा राखिन्। अनि जालिसँग राजाले प्रश्न गर्नु भयो– भो जालि! तिम्रा मुमा बुबा दुबै सञ्चै छन् कि? तिनीहरुलाई खानेपिउने राम्रो सँग प्राप्त हुन्छ कि? तिनीहरुलाई वनका जीवजन्तुहरुले त केही विघ्न बाधात दिँदैन? जंगलवासीहरु सँग मिलजुल गरी आराम पूर्वक बसेका छन् कि?"

कुमारले भने– "भो महाराज! मुमा बुबाहरु दुबै आरामै हुनुहुन्छ। उहाँहरुलाई वनका जीवजन्तुहरुको तर्फबाट केही भय छैन। सबैसँग मिलजुल गरी आनन्दपूर्वक बस्नु भएको छ। मुमाले दिनहुं वनमा गएर हामी सबैलाई अम्बा, नास्पाती, सुन्तला, केरा, कटहर, बेल इत्यादि अनेक फलफूलहरु ल्याउनु हुँन्छ। सोही फलफूल हामी सबै खान्छौं। उहाँ जंगलबाट फर्कनु भएपछि मात्र हामीसबै जम्मा

Downloaded from http://dhamma.digital

भएर एक छाक खान्छौं। हामी दिउँसो खाँदैनौं। यसरी दिनहु वनमागएर फलफूल लिएर आउनु पर्ने हुँदा मुमा सारै दुब्लाइसक्नु भएको छ। उहाँ अहिले हाड छाला मात्र भएकी जस्ती हुनुहुन्छ। उहाँको त्यतिको राम्रो केश सबै जटा परिसकेका छन्। छाला एउटा ओछ्याएर उहाँ भुईंमै सुत्नुहुन्छ। त्यस्ता सुख ऐश्वर्यमा बस्नुभएको, भुईंमा टेक्नै नपर्ने मुमालाई आजभोलि सारै दुःख परिरहेकोछ। बेलुका रातपरेपछि आगो बालेर बस्नुहुन्छ।"

यसरी आमाको दुःख बताउँदै जालिकुमारले आफ्नो बुबालाई देश निकाला गरेको बिषयमा बाज्येलाई यसरी कुरा सुनायो-

"भो बाजे! यो लोकबासी सबैको लागि छोराछोरी खूबै प्यारा हुन्छ भन्छन् तर मैले हेर्दा त हजुरलाई त्यस्तो छैन जस्तो लाग्यो।"

राजाले आफ्नो भूल बताँउदै कुमारलाई भने-

"भो कुमार हो! मैले बडो नकाम गरें मानो ममा भूत प्रवेश भएझैं भएर मैले सिबिका जनताहरुको कुरामा लागेर एकैचोटि वेस्सन्तरलाई निकालि दिएं भो कुमार हो! यो राज्यमा जति धनधान्य र श्री सम्पत्ति छ त्यो सबै वेस्सन्तर कै हो। मैले यी श्री सम्पति सबै बेस्सन्तरलाई नै सुम्पन्छु। वेस्सन्तर राजकुमार छिट्टै यहाँ आएर राज्य चलाउन आए बेसहुन्थ्यो।"

Downloaded from http://dhamma.digital

कुमारले भने–"भो महाराज ! मैले बुबालाई यहाँ पाल्नुहोस् भनी सन्देश पठाउनु अति उचित छैन जस्तो लाग्छ। अतएव हजुरले नै लिन जानु भए अति उत्तम होला।"

नातिको न्यायोचित र कोमल वचन सुनेर सञ्जय महाराजाले मन्त्रीहरुलाई डाकेर 'छिट्टै साठी हजार सैन्य तयारगरी हात्ती, घोडा इत्यादि तयार गरी अनेक प्रकारले सिंगारि आऊ। सारा नागरिकहरुलाई पनि बोलाऊ। वेस्सन्तरलाई लिन जानुपर्‍यो। यहाँ देखि वंक पर्वतसम्म राम्रोसँग बाटो सम्याउन लगाऊ।" भनी हुकुम भयो।

राजाको हुकुम बमोजिम मंत्रीहरुले तुरन्त नगरमा घोषणा गरे। सारा लस्कर भेला भए। बाटो बनाउनु पर्ने ठाउँमा बनाई ठाउँठाउँमा पूर्ण कलश इत्यादि राख्न लगाए। सारा नगर दिव्यलोक जस्तै अलंकृत भयो। अनेक बाद्य जम्मा गरी ठूलठूला शंखहरु फुक्न लगाए।

उता जूजक ब्राह्मण राजदरबारमा साततले प्रासादमा बसेर अपच हुनेगरी खाँदाखाँदा एकदिन परलोक भयो। जूजकको कुनै बन्धुवर्ग छकि भनी नगर भरि झ्यालि पिटाए। कुनै आफन्त नभेट्टाएपछि जूजकको दाहकर्म गरी उनलाई दिएको धनसम्पति सबै राजकोषमा नै भित्र्यायो। सातौं दिनमा राजा लाखौं लावा लस्कर जम्मा गरी जालिकुमारको नेतृत्वमा वंक पर्वतमा आफ्नो राजदरबारबाट प्रस्थान गरे।

Downloaded from http://dhamma.digital

# ६ चत्रिय काण्ड ५

## नगर काण्ड-६

क्रमशः सञ्जयराजा जालि र कृष्णाजिनी सँगै आश्रम पुग्ने ठाँउमा रहेको मुचलिन्द सरोवरमा पुगे। सैन्यहरु सबै त्यहिं राखे। ठाउँठाउँमा सिंह व्याघ्र आदि जन्तुहरुको भयबाट सुरक्षित हुन पालो राखे। हात्ती घोडा मानिस इत्यादि धेरै प्राणीहरुको गुञ्जायमान शब्दले पर्वतै थर्कियो। चौधहजार रथ फर्कने बाटो तिर फर्काई तयार गरिराखे। जनसमूह र प्राणीको शब्दले गुञ्जिएको आवाज सुनेर आश्रममा बस्नुभएका महासत्वको मनमा त्रास उत्पन्न भएर मद्रीदेवीलाई भन्नु भयो

"प्रिये मद्री! सायद हाम्रा बुवाज्यूलाई शत्रुहरुले जितेर हामीहरुलाई पनि बन्दि बनाउन शत्रुहरु यहाँ आएको हो कि ? हेर! त्यतिका सैन्य देखिन्छ, राजाहरुको झण्डा पनि देखिन्छ।"

वेस्सन्तरको कुरा सुनेर मद्रीदेवी पहाडको टुप्पामा गएर नियालेर बिचार गरी हेर्दा उहाँले आफ्नै सैन्य हुन् भनी बुझेर आफ्ना स्वामी महासत्वलाई "होइन नाथ! शत्रुहरु होइन, हाम्रै सैन्यहरु हुन्। झण्डा पनि हाम्रै हो" भनेर वेस्सन्तरको शंका हटाइ दिईन्।

मद्रीरानीको कुरा सुनेर आफ्नो मनबाट भय हटाई

Downloaded from http://dhamma.digital

वेस्सन्तर राजा सन्तुष्ट भएर सहर्ष पर्वतबाट ओर्लेर आश्रममा आई पर्णशालाको ढोकामा बस्नुभयो।

उता सञ्जय राजाले फुसतीदेवीलाई "भो फुसती हामी सबै एकैचोटि आश्रममा गयौं भने हामी सबैको शोक बढ्नेछ। तसर्थ पहिले म जान्छु। अनि एकछिन पछि तिमी परिवारसँगै आउनू। आश्रमको नजिक पुगेपछि रथ सबै फर्काई 'अब त कुशल वार्ता समाप्त भयो होला भन्ने भएपछि आउनू। त्यसको एकछिन पछि जालि र कृष्णाजिनी आउनू" भनी सञ्जय राजा रथबाट ओर्लेर रथसबै उल्टो मुख पार्न लगाई ठाउँठाउँमा अंगरक्षकहरु राखी छोरा वेस्सन्तर कहाँगए।

एकांश गरी पछ्यौरा ओढेर शुद्ध बस्त्र धारण गरेका सञ्जय राजा आफ्ना अंगरक्षकहरु सँगै आश्रमतिर आइरहेको देखेर वेस्सन्तर र मद्री हतरपत्त आसनबाट उठेर स्वागत पूर्वक वन्दना गर्नुभयो। मद्रीदेवीले सञ्जयराजाको गोडामा परी "महाराज म हजुरको बुहारी मद्रीदेवी हुं" भनी पाउमा ढोगे।

अनि दुबै थरि हर्षको आँसू बहाँउदै सुख दुःखको कुरा गर्दै राजाले भने–

"तात। तिमीहरुलाई आनन्दै छ? जंगलमा रहेका जंगली प्राणीहरुको तर्फबाट केही कष्ट त छैन? खान पिउन

Downloaded from http://dhamma.digital

फलफूल बैलाबखलका प्राप्त हुन्छ कि ?" महासत्वले भन्नु भयो– "पूज्य बुबाज्यू 'हजुरको स्नेहले हामीलाई बेलां बखलका सामेँहुदा प्राप्त भएको छ । बनमा रहेका प्राणीहरु-बाट पनि केही हानी छैन । किन्तु महाराज ! हामीहरु समार-ले घोडालाई दमन गरे जस्तै आफ्नो मनलाई दमन गरेर येनकेन पेट भरेर बाँचिरहेका छौं । बुबा मुमाको दर्शन-बाट बन्चित भएर आफ्नो देश छाडी जंगलमा बसिरहेका हामीलाई कहाँको सुख हुन्छ ?"

यति भनेर महासत्वले हजुरहरुले जालि र कृष्णा-जिनीहरु देख्नु भयो कि भनी सोद्धै भन्नुभयो–

"हजुरका प्यारा नाति नातिनीहरु मैले एउटा ब्राह्मण-लाई दान दिएं । त्यो ब्राह्मण सारै नै दुष्ट रहेछ । बैललाई पिटे जस्तै पिटेर ती बालकहरुलाई लहराले बाँधेर लग्यो । अब ती बालकहरुलाई के भए होलान् हामीलाई थाहा छैन । यदि हजुरले तिमीहरुलाई देख्नुभएको भए कृपया पहिले त्यो कुरा सुनाउनुहोस् । यति सुनपाए हामीलाई ठूलो आनन्द हुनेछ ।"

"तात ! वेस्सन्तर ! मैले जालि र कृष्णाजिनीको मूल्य तिरेर लिइसकेको छु । यसमा तिमीले केहि धन्दा मान्नु पर्दैन ।"

यो सुनेर धैर्य प्राप्त भए पछि महासत्वले बुबासँग कुशल वार्ता गर्दै भन्नुभयो–

Downloaded from http://dhamma.digital

"बुबाज्यू ! हजुरलाई आरामै छकि ? मेरी मुमाको आँखा ठीक छ कि ? मुमालाई आराम छकि ।"

राजा "भो पुत्र ! तिम्रो मुमालाई सन्चै छ । आज सम्म केही भएको छैन । आँखाले पनि राम्रैसँग देखेको छ ।"

महासत्व–"हजुरको राज्य राम्रोसँग संचालन भइराखे-को छकि ?"

राजा– "तिम्रो धर्मको प्रभावले आजसम्म राज्य राम्रै सँग चलिराखेको छ । यथासमयमा वृष्टि पनि भइराखेकै छ ।"

उता फुसतीदेवी पनि "अब त राजाको शोक सन्ताप-बाट मुक्त भएर आरामसाथ कुशल वार्ता गरिसक्नु भयो होला" भन्ने सम्झी महान् परिवार सहित वेस्सन्तर कहाँ पुगीन् ।

आफ्नो पितासँग कुरा गरिरहेको वेस्सन्तरले आमा आश्रमतिर आइरहेकी देखेर हतपत उठेर मद्रीसँगै दगुर्दै गएर आमाको अगाडि गएर वन्दना गरे । मद्रीदेवीले सासूका पाउ समातेर "म हजुरकी बुहारी मद्री हुँ" भन्दै पाउमा ढोग्निन् ।

वेस्सन्तर र मद्रीले फुसती महारानीलाई वन्दना गरी रहेके बेलामा जालि र कृष्णाजिनीहरु धेरै राजकुमार र राजकुमारीहरु जम्मा गरेर अगाडि आइपुगे । मद्रीदेवी

Downloaded from http://dhamma.digital

भने जालि र कृष्णाजिनीहरु आउने छन् भनी उनीहरु आउने बाटोतिर मात्र हेरिरहिन। राजकुमार जालि र कृष्णाजिनीहरु कुशल पूर्वक आइरहेको देखेर मद्रीदेवी स्थिर भएर एक ठाउँमा बसिरहन सकेनन्। बाछी देखेर माउ दगुरे झैं मद्रीदेवी गहभरि आँसू राखेर मेरा लाल! मेरा बच्चा! भन्दै तिनीहरु आइरहेको बाटोमा दगुर्दै गईन्। राजकुमारहरु पनि आमालाई देख्ने बितिक्कै "मुमा! मुमा!" भन्दै स्वांस्वां र फ्वाँफ्वाँ गर्दै आमाको अगाडि दगुर्दै गए। यसरी दगुर्दै जाँदा हर्षले चित्त थाम्न नसकेर आँखाबाट आँसू खसाल्दै मद्रीदेवी बाटोमा उतानो परेर लडीन्। राजकुमारहरु पनि दगुर्दै आएर त्यहिं लडे। मद्रीदेवीको छातीबाट दूधको धारा उम्लेर जालि र कृष्णाजिनीको मुखमा परे। यदि यसरी मद्रीदेवीको छातीबाट दूधको धारा निस्केर तिनीहरुको मुखमा नपरेको भए तिनीहरु त्यहिं छाती सुकेर मर्थे होलान्।

उता वेस्सन्तर पनि छोराछोरीहरु देखेर दगुर्दै आएको त्यहिं नै मूर्छा भएर लडे। सञ्जय राजा र फुसतीदेवी पनि त्यस्तै चित्त थाम्न नसकेर त्यहिं नै बेहोस भएर लडे। हेरिरहेका व्यक्तिहरु मध्ये कोही पनि यस्तो करुण दृष्य देखेर मन थाम्न सक्ने नभएर त्यहिं त्यहिं नै मूर्छित भए जस्तै धमाधम लडे। त्यहाँको दृष्य मानो भमरामा फसेका-हरु जस्तै भए।

Downloaded from http://dhamma.digital

यतिबेला पर्वतै थर्कने गरी भूकम्प भयो। महासमुद्रको पानीमा उथलपुथल मच्चियो। पर्वतराज सुमेरु टेढो भयो। ६ वटा स्वर्गभुवन सम्म एकैनासले गुञ्जायमान भयो। त्यतिबेला शक्रदेव इन्द्रले "अहो ६ जना महा क्षत्रियहरु मध्ये एउटा पनि उठेर पानी सिँचन गरेर होसमा ल्याउन सकिने अवस्थामा छैन। ठूलो आपत पर्‍यो। पुस्करवृष्टि गरि दिनुपर्‍यो" भनी ठूला ठूला बूंद गरी पानी वर्साइदिए। इच्छा हुनेलाई मात्र वर्षेका पानीले भिज्ने, मन नपर्नेलाई कमलको पात पानीले नभिजे झैं तिनीहरुको कपडा भिजेन। ६ जना क्षत्रियहरुलाई यसले आश्वासन दिए। मूर्छित सबै प्राणीहरु होसमा आए। तिनीहरुले यो आश्चर्य रुपले पानी परेको देखेर हर्ष र साधुकार प्रकट गरे। अनि सबै राजपुरुषहरुले वेस्सन्तरसँग यसरी प्रार्थना गरे-

"भो वेस्सन्तर! हजुर सिबिदेशका मालिक हुनुहुन्छ। अतएव हजुरलाई सञ्जय महाराजले यहिं नै स्वेतछत्र धारण गराएर राज्याभिषेक दिने इच्छा गर्नु भएको छ। कृपया हजुरले यसलाई स्वीकार गर्नुहोस।"

जनताको अनुरोध देखेर वेस्सन्तरले आफ्नो पितासँग कुरागर्दै भने-"भो महाराज! मैले धर्मानुकूल राज्य गरिरहेको बेलामा हजुरले र ती नागरिकहरुले मलाई राज्यबाट निकालिपठाए। त्यस्कारण म जंगलमा बसिरहेको छु।"

Downloaded from http://dhamma.digital

"तात ! सिवि देशवासिको कुरा सुनेर मैले तिमी माथि ठूलो अन्याय गर्न पुगें। मानो ममा भूत प्रवेश भए जस्तै भयो। जे भएपनि भयो भैसकेको कुरा भूल। अब तिमीले जसो गरेर हुन्छ आमा बाबु दाजुभाई दिदी बहिनीहरुको मन राख। छोराहरुले आमाबाबुको सुखको निम्ति, तिनीहरुको दुःख हरण गर्नको निम्ति प्राण समेत त्याग गर्छन्। तसर्थ तिमीले यो ऋषिभेष छाडेर राज्य शासनको भार स्वीकार गर।"

बोधिसत्वले 'मनमा राज्य सञ्चालन गर्ने इच्छा भएर पनि केही कुरा भनेन भने यसको महत्व र गौरव नरहने सम्झी "मलाई हजुरले निकालिसक्नु भयो। अब फेरि मलाई ब्यर्थैं किन झनझट ? "भन्दै पछिमात्र स्वीकार गर्नुभयो। वेस्सन्तरले स्वीकार गरेपछि उहाँसँगै जन्मेका साठीहजार साथीहरुले भने- "त्यसो भए अहिले केश, दाढी काट्नु पर्‍यो, स्नान गर्नुपर्‍यो।"

अनि बोधिसत्वले त्यसोभए एकछिन पख भनी पर्ण-शाला भित्र पसी ऋषि बस्त्र सबै भित्र राम्रोसँग तहलाई बाहिर आएर "अहो कुटि ! यसमा म सात महीनासम्म बसेर पारमिताको अन्त सम्म पुग्न सकें। धन्य यो स्थान।" भनी तीनपटक आश्रम प्रदक्षिणा गरेर पञ्चाङ्ग प्रणाम गर्नु भयो। अनि नाउले केश दाढी खौरेर स्नान गरायो। अति राम्रा राम्रा देवबस्त्र धारण गराई त्यहिं नै राज्या-

Downloaded from http://dhamma.digital

भिषेक दिए।

यति सिद्धिएपछि वेस्सन्तरको यश महान् भयो। वेस्सन्तरले जहाँ हेऱ्यो त्यहिं भूकम्प भयो। मुख मांगलिक-हरुले वेस्सन्तरलाई यस्तो मंगल होस् त्यस्तो मंगल होस् भनी आसिंचनगरे। मंगल हस्ती अलंकृत गरेर उनका अगाडि लगे। अनि आफ्नो खड्गधारण गरेर हात्ती माथि चढ्नुभयो। महीदेवीलाई पनि नङ कटाई स्नान गराई अलंकृत गराई अभिषेक दिएर हात्तीमाथि राखिइन्। यतिबेला सागरसम्म गुञ्जायमान हुने गरी महान् अद्भूत शब्द निस्के। जालि र कृष्णाजिनी पनि राम्रोसँग अलंकृत गराई बोधिसत्वको साथमै राखे।

अनि वेस्सन्तरले आफ्ना छोराछोरीहरुलाई– "बाव, पहिले हामीले तिमीहरुकै कारणमा एक बाक खाएर भुईमा सुतेर अनेक दुख काट्यौं। यी सबै तिमीहरुकै कल्याणको निम्ति हो। तिमीहरु छिट्टै जन्म मरण दुःखबाट मुक्त हुन सकून्। तिमीहरुले आमाबाबुको सुकीर्तिलाई रक्षागर्न सकून्।" भनी अनेक प्रकारले प्रीतिका कुरा गर्दै बालक-हरुलाई आशिष दिए।

उता फुसतीदेवी आफ्नो छोरा वेस्सन्तर र बुहारी महीदेवीहरुको सुप्रसन्न मुख देखेर आफूपनि सुप्रसन्न भएर "मेरी बुहारीले सधैं यस्तै मात्र वस्त्र लगाऊन्" भनी अनेक

Downloaded from http://dhamma.digital

बस्त्र दिइपठाईन्।

त्यस बखत जंगलका प्राणीहरु सारा प्रमुदित भए। चराचुरुङ्गी बाघ भालु सिंह व्याघ्रहरु पनि हर्षले गद्गद् भएर सारा बन गुञ्जायमान हुने गरी नाद गरे। चराहरु सारा आकाश भरि उडेर सुमधुर शब्दले गाए।

अनि ती दुबै राजाहरु सैन्यहरु पालो बसिरहेको पालमा पस्नुभयो। त्यस जंगलमा बसेर सञ्जय राजाले बाह्र अक्षौहिणी[1] सेना सहित एक महीना क्रीडा गरे। महासत्वको प्रभावले त्यस्ता घोर बिषधारी जीवजन्तुहरुले भरिएको जंगलमा कसैलाई कुनै प्राणीबाट हिंसापीडा भएन। सबै आपसमा मिलेर सँगसँगै खेलिरहे।

एक महीना यसरी बनमा बसेर क्रीडा गरिसके पछि सञ्जय राजाले सेनापतिलाई बोलाएर "के तिमीले वेस्सन्तर राजालाई सवारी चलाउन बाटो सिँगार्न सकेको छैन ?" भनीसोध्नु भयो। अमात्यले "भो महाराज, बाटो सबै सिंगारि सकें। एक महीना जंगलमा बितीसक्यो। अब त फिर्ती सवारी भए पनि हुन्छ" भनी बिन्ती गरे पछि छोरा वेस्सन्तरलाई पनि सूचना दिन लगाई सैन्यहरुले घेरा लगाई जंगलबाट निस्कनुभयो।

---

१. एक अक्षौहिणीमा १,०९,३५० पैदल सैन्य ६५६१० घोडा २१८७० रथ र २१८७० हात्तीहुन्छ।

Downloaded from http://dhamma.digital

राजाहरु दुईमहीना बिताएर साठी योजन बाटो कटाई जेतुत्तर नगरमा आइपुगे। राजभवनमा प्रवेश गरेर वेस्सन्तर राजाले "बन्धनमा राखेका प्राणीहरु छाडि देऊ" भनी घोषणा गर्नुभयो। बिरालो सम्म पनि बन्धनबाट मुक्त भए। त्यसबेला सम्पूर्ण नगर बिविध किसिमले सजाइ राखेको थियो। ठाउँठाउँमा तोरणद्वार बनाइराखेको, ठाउँठाउँमा नाचगान गरिरहेको, ठाउँठाउँमा मानिसहरु भेलाभई महापुरुष दानी वेस्सन्तर राजा फर्कनुभयो भनेर हर्षित भएर आकाशमा पगडी टोपी फालेर रमाइरहेका थिए। दुःखी रोगी प्राणीहरु 'वेस्सन्तर माहाराज जेतुत्तर नगरमा आइपुग्नुभयो' भन्ने समाचार सुनेर रोग व्याधि मानसिक दुःख रहित भएर सुखी भइरहेका थिए।

नगरमा पस्ने बितिक्कै वेस्सन्तर राजाले सर्बप्रथम 'म आईपुगें भन्ने खबर सुनेर याचक कृपणहरु भोलि म कहाँ आएर माग्न आउन सक्छन। तिनीहरुलाई के दिनु पर्ला?' भनी बिचार गर्नुभयो। तत्क्षणमै शक्रदेव इन्द्रको पाण्डुकमल शैलासन तातिएर आएको हुनाले इन्द्रले के कारणले यस्तो भएको हो भनी दिव्य चक्षुले बिचारगरि हेर्दा कारण थाहा पाएर वेस्सन्तरको राजदरबारको पछाडि पत्तिको जमीनमा र अगाडिको जमीनमा कमरसम्म आउने गरी सात प्रकारका रत्न बर्षाइ दिए। सम्पूर्ण नगरमा घुंडा घुंडा सम्म गाडिने गरी रत्नको महान् वृष्टि गरिदिए।

Downloaded from http://dhamma.digital

भोलि पल्ट बिहान सम्पूर्ण नगर रत्न वृष्टि भएकोले सबैको आफ्नो ठाउँ रत्नले भरिएको समाचार थाहा पाएर वेस्सन्तर राजाले 'ज-जसको आफ्नो घर आँगनमा अगाडि पछाडिको जग्गामा रत्न छ ती सबै तिनीहरुलाई नै भयो भनी घोषणा गर्नुभयो। बाकी रत्न सबै ओसारेर आफ्नो रत्नसँगै कोषमा राखी जीवनभर अनेक प्रकारले दानकार्य गर्नुभयो। त्यसैले भनेको-

"जातरूपमया वस्सं देव पावस्सि तावदे।
वेस्सन्तर पविट्ठम्हि सिवीनं रट्ठवड्ढने ॥
ततो वेस्सन्तरो राजा दानं दत्वान खत्तियो।
कायस्स भेदा सप्पञ्ञो सग्गं सो उपपज्जथाति ॥

अर्थात्- वेस्सन्तर राजा नगरमा पस्नु भएपछि रुपिया, पैसा, हीरा, मोती सहित सात प्रकारका रत्न बर्षे। अनि वेस्सन्तर राजा दानदिने कुशल चर्या गर्दै मरण पछि स्वर्गलोकमा उत्पन्न भयो।

## निगमन

शास्ताले यति श्लोक भन्नु भएर हजार प्रकारले राम्रो उपयुक्त वेस्सन्तरको कथा बताइ सकेपछि न्यग्रोधाराममा जम्माभई राखेका शाक्य खलकलाई यसरी आज्ञा गर्नुभयो-

"त्यसबखतका जूजक अहिले देवदत्त हुन्। त्यस बखतका अमित्रतापन अहिले चिञ्चमाणविका हुन्। चेतपुत्र

Downloaded from http://dhamma.digital

हुने छन्दक सारथी हुन्। अच्चुत तपस्वी सारिपुत्र हुन्। शक्रदेव अनुरुद्ध हुन्। सञ्जय शुद्धोदन महाराज हुन्। फुसतीदेवी महामायादेवी हुन्। मद्रीदेवी राहुलमाता हुन्। जालिकुमार राहुल कुमार र कृष्णाजिनी उत्पलवर्णा भिक्षुणी हुन्। बाकी परिषद् सबै अहिलेका बुद्ध परिषद् हुन्। वेस्सन्तर राजा स्वयं म नै हुं।"

यसरी भगवान् बुद्धले आफ्ना शाक्य खलकलाई पुष्प-वृष्टिको कारणमा वेस्सन्तर बोधिसत्वको कुरा आज्ञा गर्नुभएर कपिलवस्तुमा रहेका सैकडौं हजारौं शाक्य खलकहरुलाई धर्मावबोध गराइ दिनु भयो। यस कथाले निकै प्राणीहरुलाई हित कल्याण भयो।

समाप्त

Downloaded from http://dhamma.digital

धर्मकीर्ति प्रकाशन-

## ( नेपाल भाषा )

१) बुद्धया ङिनिगू बिपाक
२) अभिधर्म भाग-१
३) मैत्री भावना
४) ऋद्धि प्रातिहार्य
५) योह्म म्ह्याय्
६) पञ्चनीवरण
७) बुद्ध धर्म
८) भावना
९) एकताया ताःचा
१०) प्रेमं छु ज्वी ?
११) कर्तव्य
१२) भिक्षा
१३) बुद्धया अन्तिम यात्रा १
१४) " " " -२
१५) त्रिरत्न गुण स्मरण (तृतीय संस्करण)
१६) परित्राण (द्वितिय संस्करण)
१७) कर्म
१८) प्रार्थना संग्रह
१९) बाखँ भाग-१
२०) " " -२
२१) " " ३
२२) मत्ति भिंसा गति भिंनी
२३) बौद्ध ध्यान
२४) हृदय परिवर्तन
२५) न्हापांयाह्म गुरु १
२६) बोधिसत्व
२७) शाक्यमुनि बुद्ध
२८) अनत्त लक्खण सुत्त
२९) वासेट्ठी थेरी
३०) धम्म चक्कप्पवत्तन सुत्त
३१) लक्ष्मी द्यो
३२ महास्वप्नजातक
३३ अभिधर्म भाग-२
३४) बाखँया फल भाग-१
३५) " " " -२
३६) जातक बाखँ
३७) राहुलयात उपदेश
३८) अहिंसाया विजय
३९) प्रौढ बौद्ध कक्षा
४०) मुर्खह्म पासा मज्यू
४१) बुद्धया अर्थनीति
४२) श्रमण नारद
४ ) शान्ति व मैत्री
४४) उखानया बाखँ पुचः
४५) पालि भाषा अवतरण
४६) पालि प्रवेश
४७) चमत्कार
४८) मणिचूड जातक
४ ) चरित्र पुचः
५०) महाजनक जातक
५१) गृही-विनय

Downloaded from http://dhamma.digital

५२) बाखँ भाग ४
५३) अभिधर्म
५४) सप्तरत्न धन
५५) महासति पट्ठान सूत्र
५६) शान्तिया त्वाथः
५७) चरित्र पुचः भाग २
५८) बुद्ध व शिक्षा
५९) जातक माला भाग १
६०) बौद्ध ध्यान भाग २
६१) विश्व धर्म प्रचार
६२) लुम्बिनी विपस्सना
६३) विश्व धर्म प्रचार देशना

(छिगु ल्हाती)

## नेपाली भाषा

१) बौद्ध प्रश्नोत्तर
२) बौद्ध दर्शन
३) नारी हृदय
४) बुद्ध शासनको इतिहास
५) पटाचारा
६) ज्ञानमाला
७) बुद्ध र वहाँको विचार
८) शान्ति
९) बौद्ध ध्यान
१०) पञ्चशील
११) लक्ष्मी
१२) उखानको कथा संग्रह
१३) बौद्ध जगतमा स्वास्थ सेवा
१४) मिलिन्दप्रश्न
१५) श्रमण नारद
१६) वेस्सन्तर जातक

Dharmakirti Publication—
(English)

1. Buddhist Economics & The Modern World
2. Dharmakirti Vihar Today

मुद्रकः- क्रिष्टल प्रिन्टिङ्ग प्रेस, कान्तिपथ, काठमाडौं फोन १२२१६

Downloaded from http://dhamma.digital